# अध्यय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाज विगतमा एक साधारण समाज थियो । तिनीहरुले घुमन्ते जीवन विताउने गर्दथे । तर विस्तारै समुहमा वस्न थाले यसरी समय वित्दै जादा उनीहरुमा पकाएर खाना खाने, समूह तथा परिवारमा बस्ने र विवाहवन्धनमा बाधिने समेत हुन थाल्यो । यसका अलवा विवाह र परिवार नजिकको नाता वा सवन्ध वन्न थाल्यो । विवाह भनेको सामाजिक रुपमा स्वीकार गरिएको तथा वयस्क पुरुष र महिलाको विचमा साच्चै अनुमोदन गरिएको मिलन हो । विवाह यस्तो सम्वन्ध हो जसमा महिला र पुरुष एक आपसमा सँगै वस्छन् । बालबच्चाको जन्म समेत हुन जान्छ । कोजर (Coser) का अनुसार विवाहको मुख्य उद्देश्य सधै एक जुट हुनु र दुलही र दुलहाको परिवारलाई निरन्तरता दिन र उनीहरुको आर्थिक र सामाजिक स्थितिलाई अगाडि बढाउनु हो (Coser,1994)

समाजशास्त्रीय दृष्टिकोण अनुसार विवाहलाई सामाजिक स्वीकृत आर्थिक र यौनजन्य संगठन मानिएको छ । जसभित्र लोग्ने र स्वास्नीले आफ्नो अधिकार क्षेत्र अर्न्तगत बसेर विभिन्न कार्य गर्न सक्दछन् । जसमा दम्पतीबिच यौन सम्बन्ध हुनका साथै खास अधिकार र कर्तव्य पनि जोडिएको हुन्छ । विवाह एउटा विश्वव्यापी रूपमा रहेको महत्वपुर्ण सामाजिक संस्था हो । विवाहलाई समाजशास्त्र तथा मानवशास्त्रमा एउटा सुक्ष्म तहको सामाजिक संस्थाको रूपमा लिने गरेको पाइन्छ । प्रत्येक समय र समाजमा विवाहले दुइवटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गीहरूको सामाजिक स्वीकृत सम्बन्ध हो भने अर्को यसै सम्बन्धका आधारमा वैधानिक रूपमा तिनीहरूबिच यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउन सक्ने सामाजिक स्वीकृत हो । यसपछि नै बालबच्चाको पालनपोषण र सामाजिकिकरणमा उनीहरूको दायित्व जोडिएको हुन्छ (विष्ट, २०६२) ।

हिन्दु दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो । जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएको विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखी परलोकसम्म अक्षुण रहन्छ । जसलाइ सम्बन्ध विच्छेद गर्न सकिदैन र हुदैन पनि ।

विवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पुरा गर्नका लागि गरिन्छ । विवाह एउटा स्त्री पुरुषबीचको सभ्यता र संस्कृतिलाई संरक्षण र सर्म्बधन गर्ने सँस्कृति हो । विवाह हिन्दुहरूको विभिन्न संस्कारहरू मध्ये सबैभन्दा महत्वपुर्ण संस्कार हो र पवित्र सम्बन्ध हो । यति भन्दाभन्दै पनि आजको समयमा सम्वन्ध विच्छेदका घटनाहरु दिनानुदिन बढ्दै गइरहेका छन् ।

डिभोर्स (Divorce) शव्द ल्याटिन भाषाको Divortium बाट लिएको मानिन्छ । जसलाई शब्द विन्यास गरी ठोस अर्थ Apart / Vertere को अर्थ turn अथवा छुट्टिनु भन्ने हुन्छ । यसको ठोस अर्थ Divorce is the dissolution या the ties या marriage"(Encyclopedia, 1990) विवाहद्वारा स्थापित सम्बन्धको विघटन नै सम्बन्ध विच्छेद हो भन्ने यसबाट स्पष्ट हुन्छ । संसारभर सम्बन्ध विच्छेदको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । सम्बन्ध विच्छेदलाई विवाहको विघटन पनि भनिन्छ । विवाह वा वैवाहिक संघलाई समाप्त गर्ने प्रक्रिया हो । सामान्य अर्थमा महिला र पुरुषको विवाह पछि नाता सम्बन्ध तोडिनु नै सम्बन्ध विच्छेद हो । विवाह वा सम्बन्ध विच्छेद भन्नाले अदालतको फैसलाद्वारा लोग्ने र स्वास्नी बिचको वैवाहिक सम्बन्धको पूर्ण रूपमा अन्त्य हो । अतः कानुनी रूपमा लोग्ने स्वास्नी बीचको सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो (सिंह, २०३८)

अन्य राष्ट्रहरुमा पनि यस किसिमको घटनाहरु घट्ने गर्दछ । यति फरक हो की त्यहाँको कानुनी कार्यान्वयन पक्षले धेरै अथवा थोरै घटनाहरु घट्ने हुन्छन् । यदि कार्यन्वयन पक्ष फितलो भयो भने त्यस्ता मुलुकहरुमा ज्यादा घटनाहरु घट्ने गर्दछन् । यद्यपी भने पक्कै होइन एक अध्ययनका अनुसार विश्वमा हरेक दिन लगभग २०० भन्दा माथिको संख्यामा सम्बन्ध विच्छेदका घटनाहरु घट्ने गर्दछन् । यस्ता घटनाहरु बड्ने देशहरु जस्तै अमेरीका, यू.के. क्यानडा, जापान, अफ्रिका, बंगलादेश, भारत, नेपाल आदि जस्ता थुप्रै देशहरुमा ज्यादा घटना घट्ने एक अध्ययनले जनाएको छ (थापा मगर, २०६३) ।

यस मध्ये सबैभन्दा बढी मात्रामा सम्बन्ध विच्छेद हुने देश अमेरीका रहेको छ । अझ पछिल्लो समयमा नेपालमा दिनहु १०/१२ जना ले सम्बन्ध विच्छेद हुने महिला तथा बालबालिका विभागको अध्ययनले जनाएको छ । समाज पछिल्लो समयमा यति धेरै अगाडि बढि सक्यो कि त्यँहा सम्बन्ध विच्छेदका घटनाहरु दिनानुदिन बढिरहेको छ ।

यस्ता घटनाहरुलाई निर्मुल पार्न गाह्रो छ तर क मगर्न असंभव पनि छैन त्यसका लागि कानुन बनाउने मात्र होइन कार्यन्वयन पक्ष दरो हुन जरुरी छ र सम्बन्ध विच्छेद भएका उनीहरुका बालबालिकालाई कुनै किसिमको तनाव नदिई राम्रो खालको शिक्षा दिक्षा, सहज वातावरण बनाउनु पर्छ भन्नु हुन्छ मनोविश्लेषक डा. गंगा पाठक (March 12, 2015) Avenews T.V. विश्वका थुप्रै देशहरुमा यस्ता घटनाहरु वृद्धि हुनु पछाडि बढ्दो आधुनिकिकरण र प्रविधिको विकास, महिला सशक्तिकरण, वैदेशिक रोजगारीको कारण प्रमुख भएको बताउनु हुन्छ । भारतमा दिनहु जस्तो १५/२० वटाका दरले सम्बन्ध विच्छेदका घटनाहरु आउने सञ्चारकर्मी अमिरखान बताउँछन ( Avenews T.V., 2015)

त्यसैगरी बंगलादेशमा पनि अत्याधिक सम्बन्ध विच्छेद हुने देशका रुपमा चिनिन्छ । त्यस्तै अहिलेको अवस्थामा नेपाल पनि अन्य देशको हाराहारीमा यस्ता घटना घट्ने क्रम जारी छ । सार्क सम्मेलन पछि सार्क राष्ट्रहरुका महिला तथा बालबालिका सुरक्षाका लागि विशेष निति नै ल्याएको छ र सोही अनुसार कार्य योजना तयार पारेका छन् । विश्व नै महिला तथा बालबालिकाहरुका सुरक्षाको लागि विशेष कदम चाली रहदा नेपालमा पनि थुप्रै ठाउँहरुमा यस्ता ठाउँहरुमा जस्ता घटनाहरु घटिरहेको अध्ययन कर्ताहरु बताउँछन् । नेपालको काठमाडौं देखि विकट ग्रामीण क्षेत्र बारा, रौतहट, कास्की, काभ्रे, हेटौडा लगायत थुप्रै ठाउँहरुमा यस्ता सम्बन्ध विच्छेदका घटनाहरु घटेका छन् । प्राय ग्रामीणको तुलनामा शहरी क्षेत्रमा विशेष गरी सम्बन्ध विच्छेदका घटनाहरु घटेका पाइन्छन् । जो शिक्षित छन् श्रीमान बैदेशिक रोजगार तिर गएका छन्, जो आत्मनिर्भर छन् तिनीहरुको बढी मात्रा सम्बन्ध विच्छेद भएको स्थलगत अध्ययनबाट प्रष्ट हुन्छ (आचार्य, २०६७) ।

आजको युगमा यो सम्बन्ध विच्छेदको प्रक्रिया सामान्य व्यक्तिहरुमा मात्र नभएर सम्पूर्ण मानिसहरुमा हुने गर्दछ । अहिलेका खोजका अनुसार सबैभन्दा बढी डान्सरदेखि कोरियोग्राफरहरुले डिभोर्स गरेको पाइन्छ । आजको यस विज्ञानको र प्रविधिको युगमा बढ्दो प्रविधिको विकास, सचेतना सक्षमताले गर्दा पनि महिलाहरु पुरुषको दमन सहेर बस्न चाहदैनन् र यौन सन्तुष्टिको कमी महसुस भएकै कारण पुरुषहरु पनि छोड तर्फ आकर्षित हुन्छन् । जब महिलाहरु समाज परिवारको लागि बाँचिरहेका हुन्छन् । नेपालको एक अध्ययनका अनुसार विगत २ वर्ष यता ४२ प्रतिशत महिलाले आपसी समझदारीमा सम्बन्ध विच्छेद गरेको पाइयो ।

वर्तमान अनुसन्धानमा सम्बन्ध विच्छेद मामलाहरु ६३ प्रतिशत परेका छन् जसमा ३६ प्रतिशत प्रेम विवाह परेका छन् । मार्क्सले भने जस्तै इतिहास निर्माणको प्रक्रिया वर्ग संघर्षबाट हुन्छ मार्क्सवादीहरु भन्छन् नयाँ संरचना निर्माण हुन पुराना संरचनाहरु ध्वस्त हुनु पर्दछ बल्ल नयाँ संरचनाको निर्माण हुन सक्छ । यही भनाईलाई शिरोपर गर्दै २००३ देखि २०४६ सम्म आत्मा सम्पर्णवादी सुधारवादी काल र २०४६ पछिको समय क्रान्तिकारी दिसाउन्मुख मूल प्रवृत्ति भएको काल रह्यो । यस पछाडि समयमा महिलाहरु केही जागरुक भैसकेका थिए । २०४६ साल पश्चात महिलाहरुमा पुरुष दमन, शोषण जस्ता जघन्य अपराध विरुद्ध आवाज उठाउन सुरु गरेको पाइन्छ जब १९९० मा माओवादी र जनयुद्धको उदय भयो तब राजनितिक खुलापन, प्रोस स्वतन्त्रतता, राजनितिक दलहरुको प्रकृति, पार्टिगत र अन्तरपार्टीगत द्वन्द्व, राजा बिचको द्वन्द्व, महिला हिंसा विरुद्ध आवाज, बालबालिकाहरुको संरक्षण, का लागी अझ सशक्त रुपमा आवाज उठाइयो ( Avenews T.V., 2015)।

त्यही लिङ्गीय विभेद, दमन अन्त्य सँगै निरन्तर प्रजातन्त्र पुर्नवहालिको लागि १० वर्षे जनयुद्धले २०५८ सालमा राजतन्त्रको विधिवत अन्त्य गर्‍यो त्यस पश्चात नेपालमा सात दलद्वारा अन्य विपक्ष पार्टिहरु लाई एक मुख गर्दै मुल धारमा ल्यायो जसकारण पनि नेपाली समाजले परिवर्तनको उज्यालो बिहानी ल्याउन सफल भयो । त्यसै समयमा अन्य राष्ट्रहरुले विकासका लागि वैदेशिक सहयोग, वैचारिकि परामर्श, बिदेशी निति, स्वरोजगारमा सहयोग, युवाहरुमा सीप परिचालन तथा उच्च प्रविधि भित्रयाउन सहयोग गर्‍यो । जसकारण सरकारले इन्टरनेट, मोबाइल, संचार माध्यम, पत्रपत्रिका, टि.भी. च्यानल, रेडियो कार्यक्रमहरु लगायतका प्रविधिहरु देशमा सहज रुपले हेर्न प्रयोग गर्न सक्ने वातावरणको निर्माण गर्‍यो जसकारण पनि समाजमा दिनदिनै परिवर्तन देखा पर्दै गयो । हरेक व्यक्तिले स्वतन्त्रपूर्वक आफ्ना इच्छा आकाङ्क्षाहरु व्यक्त गर्न सक्ने वातावरण सृजना हुनाले पनि परिवर्तनको महसुस सबै जनमानसमा हुन थाल्यो । त्यसलाई थप सुदृढ गर्न २०६२/२०६३ मा जन आन्दोलन भयो । अझ त्यस पछाडिको समाजमा वैदेशिक प्रविधिको सहज रुपले परिचालन हुदै गए । राजनैतिक अस्थिरता हुदाँहुदैं पनि समाजमा विकासका गतिविधि, क्रियाकलापहरु दिन प्रति दिन बढ्दै गए । सञ्चार माध्यमको दृढ सक्रियता कै कारण आज देशमा हरेक नागरिकहरुले सु सुचित हुने अवसर मिलेको छ भन्दा फरक  नपर्ला (अन्नपूर्ण पोष्ट, २०८०) ।

आज नेपालमा करीब १००० भन्दा बढि च्यानल, २००० भन्दा वेसी रेडियो, घरघरमा इन्टरनेटको पहँच छ जसका कारण पनि हरेक नेपाली कहाँ के भइरहेको छ भनेर सुसचित हुन पाइ रहेको छ । सेकेन्ड भरमै विश्व भरमा घटेका घटनाहरुलई उसले देख्न र प्रतिक्रिया जनाउन पाइरहेको छ । नयाँ सरकार, नयाँ संविधान २०६३ मा जब सरकारले ६०१ सभासदहरु जननिर्वाचित भए तब दिगो विकासका परियोजनाहरु सुरु गर्न लाग्यो । जनताद्वारा निर्वाचित प्रतिनिधिहरुद्वारा गर्ने नेपालको संविधान मस्यौदा त आयोय तर विपक्षि दल पार्टिहरुको विमतिसँगै संविधानलाई पूर्णता दिन सकेन जसकारण संघर्षका वावजुद देश अन्योलमा रह्यो । २०७२/०१/१२ जब बिनासकारी भूकम्प गयो तब देशको विकासका लागि दौडि रहेका पाइला र योजनाहरु थप १० वर्ष पछाडि धकेलियो । त्यस देशका सम्पूर्ण पक्षहरु, निकायहरु अन्योल ग्रस्त रहे । यस बिच सबै भन्दा भारमा सानासाना बालबालिकाहरु परे । हजारौको संख्याले मृत्यु बहन गर्न बाध्य भयो । कयौं लापता रहे, कयौं संरचना ध्वस्त भए । (CBS, 2022)

त्यस सँगै देश पुनः एकपटक संकटमा फस्यो । तर हामी लडेका हौं तर उठ्न सक्छौ भन्ने साहस लिएर अगाडि बढि रहे जसकारण ६२/०३/२८ गते पुनः संविधान मस्यौदा लिएर सभासदहरु जनता सामु पुगे र जनताको राय विचार लिएर अगाडि बढ्दै गए । देशमा अत्याधिक हिंसात्मक घटनाहरु भइरहेको र दिनानुदिन सम्बन्ध विचछेदका घटनाहरु वृद्धि भइरहेको र विकासका योजनाहरु परिचालन गर्दै संरक्षण शक्ति देशमै परिचालन गर्न के कस्ता प्रयास गर्ने भन्ने सुझाव दिएको पाइयो । साना साना बालबालिकाहरुदेखि महिला, उद्दमी, साना व्यवसायीहरु, हरेक जनमानसको भावना, हक, अधिकार संविधानमा सुनिश्चित हुनु पर्नेमा जनताले गरे ।

सम्बन्ध विच्छेद विश्वव्यापी घटना हो । त्यसैगरी हाम्रो नेपाली समाजमा पनि विवाहको अर्थ र कार्यमा परिवर्तन आएको छ । यसले अन्ततः देशमा सम्बन्ध विच्छेदको दर बढाएको छ । सम्बन्ध विच्छेदका लागि सामाजिक, आर्थिक, सांस्कृतिक, राजनितीक आदि कारणले महत्वपूर्ण भूमिका खेल्छ । सम्बन्ध विच्छेदको परिमाण स्वरूप दुई व्यक्तिको जीवन, उनीहरूका छोराछोरी र अनन्तः सम्पूर्ण समाज प्रभावित हुन्छ । उनीहरूले विभिन्न समस्या र चुनौतीहरूको सामना गर्नुपर्छ । सम्बन्ध विच्छेद भएका जोडीलाई मानसिक यातना दिइएको छ, । जटिल सामाजिक

संरचनाका कारण सम्बन्ध विच्छेद भएकी महिलाको पुनविवाद निकै कठिन छ । तर हरेक समाजमा सम्बन्ध विच्छेदका फरक-फरक घटनाहरू छन् (थपलीया, १९९५) ।

सम्बन्ध विच्छेद हुनका पछाडी विभिन्न कारक तत्वहरूले भूमिका खेलको हुन्छ । त्यसमा विशेषतः वैवाहिक सम्बन्धलाई दिगो र स्थिर तुल्याउनमा योगदान गर्ने ठानिएको परम्परागत मान्यताहरू लोकाचार, पारिवारिक मर्यादा, धर्म, आदिको बन्धन खुकुलिदै गएको महशुस हुन्छ । आज भोली लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद सामान्य प्रक्रिया झै हुन थालेको छ । सम्बन्ध विच्छेदको घटना नसोचिएको दरले बढिरहको पाइएको छ । सम्बन्ध विच्छेद पछि पुरुषलाई भन्दा महिलालाई बढि समस्या आएको पाइएको छ । सम्बन्ध विच्छेद भएको महिलालाई सामाजिक सांस्कृतिक रूपमा पनि हेर्ने गरेको पाइन्छ । महिलाहरूमा आर्थिक समस्याका कारण विभिन्न शारिरीक तथा मानसिक रूपले कठिन कार्य गर्न बाध्य हुनुपरेको छ (विष्ट, २०३८) ।

हिन्दु धर्मशास्त्र अनुसार स्त्री विनाको पुरुष पुर्ण मानिदैन । एउटा पुरुषको पुर्णत्य प्राप्त गर्न स्त्री र सन्तान हुनु पर्दछ । हिन्दु समाजमा समाज विकासको लगभग दुइहजार वर्ष सम्म पनि सम्बन्ध विच्छेको अवधारणा देखा परेको पाइदैन । जस्तैः स्मृतिकालको नाम उल्लेख गर्ने क्रममा याज्ञवलक्य भन्दछन् “पति जस्तो सुकै निच भएपनि पत्नीले विवाह विच्छेद गर्न नपाइने उसको प्रायश्चित सम्म प्रतिज्ञा गरिरहनुपर्ने हुन्छ र प्रायश्चित पश्चात पुनः सम्बन्ध कायम हुन्छ” (लम्साल, २०४९) ।

सम्बन्ध विच्छेदको घटनालाई राज्यले कानुनी मान्यता दिएबाट परिवारमा घट्ने दाम्पत्य विखण्डनका घटनाहरु नेपाली समाजमा प्रष्टरुपमा देखिन थाले । नेपाली समाजमा हुने गरेका विवाह विच्छेदका घटनाहरुको आधिकारीक तथ्य प्रकाशनमा राज्यले त्यति ध्यान दिएको देखिँदैन । वि.सं. २०४८ भन्दा अगाडिको जनगणनामा पारापाचुके र छुट्टिनुलाई एउटै महलभित्र राखिएको थियो भने २०४८ को जनगणना देखि २०७२ सम्मको सम्बन्ध विच्छेद र छुट्टिनुलाई भिन्न महलमा राख्न थालेको पाइन्छ । यस अनुसार आर्थिक वर्ष २०७९/०८० मा नेपालमा एक लाख भन्दा बढी सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएको देखिन्छ (अन्नपुर्ण पोष्ट पत्रिका, जेष्ठ, २०८०) ।

यसरी नेपालमा सम्बन्ध विच्छेद गर्ने दम्पतिहरूको संख्या दिनदिनै बढीरहेको विभिन्न अनुसन्धान तथा तथ्याङ्कबाट देखिएको छ । सम्बन्ध विच्छेद हुनका पछाडी विभिन्न कारक तत्वहरूले भुमिका खेलेको हुन्छ । त्यसमा विशेषतः वैवाहिक सम्बन्धलाई दिगो र स्थिर तुल्याउनमा योगदान गर्ने ठानिएको परम्परागत मान्यताहरू, लोकाचार, पारिवारिक मर्यादा, धर्म आदिको बन्धन खुकुलिदै गएको महशुस हुन्छ । आज भोली लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद सामान्य प्रक्रिया झै हुन थालेको छ, खासगरी शहर बजार र पढेलेखेको वर्गमा । सम्बन्ध विच्छेदको घटना नसोचिएको दरले बढिरहेको पाइएको छ । सम्बन्ध विच्छेद पछि पुरुषलाई भन्दा महिलालाई बढी समस्या आएको पाइन्छ । सम्बन्ध विच्छेद भएको महिलालाई सामाजिक साँस्कृतिक रूपमा पनि हेयको दृष्टिले हेर्ने गरेको पाइन्छ । महिलाहरूमा आर्थिक समस्याका कारण विभिन्न शारीरिक तथा मानसिक रूपले कठिन कार्य गर्न बाध्य हुनु परेको छ ।

## १.२. समस्याको कथन

आजकाल नेपाली समाजमा पनि सम्बन्ध विच्छेदको संख्या बढ्दै गइरहेको तथ्यलाई अध्ययनहरूले देखाउँछ । सम्बन्ध विच्छेद हरेक समाजमा चलिरहेको सामाजिक प्रक्रिया हो । हिन्दु समाजमा विवाहलाई एक पुरुष र एक महिला बीचको धार्मिक कर्तव्यहरू पूरा गर्नको लागि पवित्र मिलनको रूपमा लिइन्छ । त्यसैले धार्मिक दर्शनका कारण यो निर्विवाद छ र यो सबै जन्मथको लागि हो तर अर्थ विवाहको प्रकार र कार्य आज पहिले जस्तो छैन । सामाजिक, संस्था, सांस्कृतिक, राजनीतिक संरचनामा विभिन्न प्रकृतिमा परिवर्तनहरू हुन्छन् । समाजशास्त्रको सुरूवात देखि नै विवाह र परिवारको विभिन्न पक्षहरूमा अध्ययन हुदै आइरहेको छ । विवाह र परिवार कुनै पनि समाजको प्रमुख सामाजिक संस्थाहरू पनि हुन् । यसै परिपेक्षमा सम्बन्ध विच्छेदले यी दुवै विवाह र परिवारसँग प्रत्यक्ष सरोकार राख्ने हुँदा पनि सम्बन्ध विच्छेद सम्बन्धीको अध्ययन समाजशास्त्र विषयको एउटा अभिन्न अध्ययनको विषय हो । परम्परागत तरिकाले भएको सम्बन्ध विच्छेदको तथ्याङ्क नभएपनि कानुनी तवरले सम्बन्ध विच्छेद गर्नेको संख्या वर्तमान समयमा क्रमशः बढ्दै गएको देखिन्छ । यो प्रक्रियाले विश्वव्यापीकरण (अझ युरोप अन्य पश्चिमी राष्ट्रहरूमा) को रूपमा लिएको देखाउँछ ।

मानिसहरू सम्बन्ध विच्छेद नै किन गर्छन् ? भन्ने प्रश्नको जवाफको लागि केबल विवाहित दम्पति बीचको सम्बन्धमा मात्र सीमित नभएर समाजको विविध पक्षहरूसँग राखेर

हेरिनु पर्दछ । जस्तै : परम्परागत मान्यताहरू, समाजमा महिलाको स्थान, बदलिदो मुल्य मान्यता, कानुनी राज्यको सिद्धान्त, शहरीकरण, शैक्षिक जागरण, आर्थिक पक्षहरूको संजालसँग राखेर सम्बन्ध विच्छेदलाई अध्ययन र विश्लेषण गरिनु जरूरी छ ।

आज पश्चिमी मुलुकहरूमा सम्बन्ध विच्छेद गरिनु अति सामान्य प्रकृया जस्तो हुन थालेको छ र यसले समाजमा पार्ने प्रभाव पनि नगन्य मात्रामा परेको देखिन्छ । त्यस्ता समाजमा सम्बन्ध विच्छेद गरेका व्यक्तिहरू पनि समाजमा सजिलै किसिमले समायोजन हनसक्छन् तर हाम्रो जस्तो हिन्दु वर्ण व्यवस्थामा आधारित समाजको संरचना, सामाजिक मुल्यमान्यता, दृष्टिकोण र व्यवहारलाई हेर्दा यो एउटा निकै जटिल विषय हो । यसरी पाश्चात्या देशहरूमा बढीरहेको सम्बन्ध विच्छेदको प्रभाव हाम्रो समाजमा प्रत्यक्ष रूपमा परिरहेको पाइन्छ । विदेशीको देखासिखी गर्ने प्रवृत्ति तिब्र रूपमा बढिरहेको छ (Nepalli, 1965)।

अर्न्तराष्ट्रिय स्तरमा हेर्दा सम्बन्ध विच्छेदलाई विभिन्न देशहरुले आ आफ्नो किसिमले कानुनमा व्यवस्था गरेको पाइन्छ । भनाइको अर्थ एउटा देशले गरेको सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था अर्को देशको कानुनी प्रावधानसँग नमिल्न सक्छ । अझै पनि विश्वका कतिपय देशहरुमा सम्बन्ध विच्छेद माथि प्रतिबन्ध लगाइएको छ । यसरी सम्बन्ध विच्छेद गर्न नपाइने देशहरुमा चिली, ब्राजिल, कोलम्बिया, फिलिपन्स, पाराग्वे, स्पेन आदि पर्दछन् । मुसलमान समुदायमा तलाकको माध्यमबाट सम्बन्ध विच्छेद गर्ने प्रचलन रहिआएको पाइन्छ । जहिले सुकै लोग्नेले स्वास्नीलाई तीन पटकसम्म तलाक तलाक तलाक भनेपछि लोग्ने र स्वास्नी वैवाहिक सम्बन्धको अन्त्य हुन पुग्दछ । यसरी ईस्लाम धर्मको सम्बन्ध विच्छेदको सर्वाधिकार पुरुषमा सीमित रहेको पाइन्छ (Pothers, 1986) )

तीब्र रूपमा बढ्दै गइरहेको सम्बन्ध विच्छेदका घटनाले लोग्ने स्वास्नीबीचमा मात्र समस्या उत्पन्न सिमित नगरी पारिवारीक सम्बन्धमा विघटन ल्याउँछ र क्रमशः अन्य सम्बन्धित पक्षमा यसको असर पर्दछ । सिंगो समाज नै सामाजिक सम्बनधबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएको हुन्छ । सम्बन्ध विच्छेद पश्चात सन्तानहरू आर्थिक समस्या, माया ममताको अभावमा भोक प्यासको वेदनाले चोर, डाका, हत्यारादेखि लिएर सडकका पेटीमा जीवन बिताउन बाध्य भएका छन् । एउटा जोडीको सम्बन्ध विच्छेदले गर्दा एक परिवार, सन्तान नै

लथालिङ्ग हुन पुग्दछ र सिंगो समाजमा नराम्रो प्रभाव पर्दछ । हाम्रो जस्तो देशमा यस्तो घटनाहरू पटक पटक भइरहदा स्वयं सम्बन्ध विच्छेद कर्ताहरू साथै उनीहरूको परिवार एवं सन्तानमाथि के कस्तो प्रभाव परिरहेको छ ? सम्बन्ध विच्छेद गर्ने दम्पतिहरूले त्यसपछिका जीवनलाई कसरी बिताइरहेका छन् ? भन्ने कुरा अन्य अनुसन्धान कर्ताहरूले गरिएको पाइएतापनि प्यूठान जल्लाको वर्तमान अवस्थामा झन् दिन दिनै सम्बन्ध विच्छेदको घटना बढ्नुका कारणहरू के के हुन सक्छ ? अन्य सामाजिक साँस्कृतिक इकाई तथा संस्थाहरूसँग सम्बन्ध विच्छेद कसरी अर्न्तसम्बन्धित भएका छन् ? भन्ने कुराहरूलाई यस अनुसन्धान मार्फत केलाउने प्रयास गरिएको छ ।

तसर्थ सम्बन्ध विच्छेदका कारण परिवार तथा समग्र समाजमा परेको समस्या पत्ता लगाउन यो अध्ययन गरिएको हो । यस अध्ययनले सम्बन्ध विच्छेद भएका दम्पत्तिहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक अवस्था र यसको वर्तमान प्रवृत्ति पनि पत्ता लगाउने प्रयास गरिएको छ ।

### १.३. अनुसन्धान प्रश्न

सम्बन्ध विच्छेदको कारण पत्ता लगाउनको लागि केहि प्रश्नहरू तयार गरिएको छ जसलाई तल उल्लेख गरिएको छ ।

१) सम्बन्ध विच्छेदका प्रमुख कारण के हो ?

२) सम्बन्ध विच्छेदका कारणले परिवार र समाजमा के कस्तो प्रभाव पर्न गएको छ ?

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत प्रश्नहरूको अध्ययन गरी व्यक्तिहरूको वैवाहिक सम्बन्धमा के, किन र कसरी सम्बन्ध विच्छेद हुन्छ भन्ने बारेमा कारण पत्ता लगाउनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ जुन यस प्रकार छन् :

१) सम्बन्ध विच्छेदका प्रमुख कारण पत्ता लगाउने,

२) सम्बन्ध विच्छेदका कारणले परिवार र समाजमा के कस्तो प्रभाव पर्न गएको छ, विश्लेषण गर्ने ।

### १.५. अध्ययनको महत्व

सम्बन्ध विच्छेद एउटा सामाजिक समस्या हो । यो व्यक्तिगत वा व्यक्तिगत कुरा मात्र होइन । श्रीमान श्रीमती बीच सम्बन्ध विच्छेद हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उनीहरूको परिवार र सिंगो समाज प्रभावित हुन्छ । यसका पछाडि सामाजिक आर्थिक र सांस्कृतिक कारक तत्व हुन सक्छन् । तसर्थ, यो अध्ययन सम्बन्ध विच्छेदको दरलाई नियन्त्रण गर्न नयाँ विचार र ज्ञान थप्नको लागि महत्वपूर्ण भूमिका रहन्छ । सम्बन्ध विच्छेद किन र कसरी हुन्छ भन्ने कुरा बुझ्न अध्ययनबाट थप जानकारी प्राप्त गर्न सक्न्छिन् । विषयलाई के कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सो को जानकारी स्वयं गराउनु आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ ।

उद्देश्यपूर्ण अध्ययनले सम्वन्ध विच्छेदको समाजशास्त्रीय अध्ययनमा सैद्धान्तिक, वैचारिक र ठोस रूपमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसले सम्बन्ध विच्छेद दरको द्रुत गतिमा बढ्दो ढाँचाको अवस्था बारे जान्न मद्दत गर्दछ त्यसैले यस अनुसन्धानले सम्बन्ध विच्छेदका कारणहरू र समाजमा यसको कार्यान्वयनको विश्लेषण गर्न मद्दत गर्छ ।

नेपालको सन्दर्भमा विभिन्न सामाजिक विषयहरूमा समाजशास्त्रीय अध्ययनहरू हुन सकिरहेको पाइदैन । तसर्थ यस विषयलाई के कसरी हेरिएको छ भन्ने बारेमा विस्तृत अध्ययन गरी सो को जानकारी स्वयं गराउनु आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ । साथै यस क्षेत्रमा त्यति गहन रूपमा अध्ययन अनुसन्धान नभैरहेको अवस्थामा यस अध्ययनको महत्व स्वभाविक हुन्छ । साथै यस अध्ययनले अघिल्ला विभिन्न अनुसन्धानमा छुटेका कुराहरूलाई खोज अध्ययन गर्ने, यस सम्बन्धी चासो राख्ने व्यक्ति वा संस्थालाई आवश्यक मद्दत र सहयोग पुग्ने देखिन्छ । यस अध्ययनले सानै उमेरमा विवाह हुनु, बढ्दो शहरीकरण, पुँजिवादी पश्चिमी सँस्कृतिले गर्दा व्यक्तिहरू आफ्नो परिवारजनबाट टाढा रहनुपर्ने, देखासिकी आदी कारणहरू यस घटना प्रति कति जिम्मेवार छन् त ? यो पनि अध्ययनको महत्वपुर्ण पक्ष रहने छ । यसका साथै निश्चित कानुनी प्रक्रियाको आधारमा सम्बन्ध विच्छेद गर्न पाउने कानुनी प्रावधानले पनि सम्बन्ध विच्छेदका घटनाहरू दिन दिनै कसरी वृद्धि भइरहेका छन् भन्ने पक्ष पनि यस अध्ययनको महत्व रहेको छ ।

## १.६. अध्ययनको सिमाहरु

जुनसुकै पनि अध्ययन र अनुसन्धान को आ-आफ्नै सिमा तथा कमिकमजोरीहरू हुन्छन् ।साथै यो अनुसन्धान स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागी भएकोले यस प्यूठान जिल्ला माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाको सम्वन्ध विच्छेदका कारणहरुलाई मात्र सिमित गरिएको छ । ती बाहेक अन्यलाई समावेश गरिएको छैन ।

- प्यूठान जिल्ला माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाको सम्वन्ध विच्छेदका कारणहरु बारेमा यसमा अध्ययन गरिएको छ ।
- प्यूठान जिल्ला माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाको सम्वन्ध विच्छेदका कारणहरु र त्यसपछि पर्न जाने पभावलाई मात्र अध्ययनमा सीमित राखिएको छ ।
- यो अध्ययन प्यूठान जिल्ला अदालतमा २०७९ देखि २०८० वैशाखको अन्त्य सम्ममा कानुनी रूपमा सम्बन्ध विच्छेद भएको व्यक्तिमा मात्र केन्द्रित छ ।

## १.७ अध्ययन क्षेत्र

यस अध्ययनको अध्ययन क्षेत्रले प्युठान जिल्लाको माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाको कुल वडाहरूलाई समेटिएको छ । यस अध्ययनले यी क्षेत्र/ठाउँका महिला र पुरुष दुबैलाई समेटि अध्ययन गरिएको छ ।

## १.८. अध्ययनको संगठन

अनुसन्धानलाई अध्ययनको प्रकृतिअनुसार सात अध्यायमा विभाजन गरिएको छ । यो परिचयबाट सुरु हुन्छ र सारांश र निष्कर्षमा समाप्त हुन्छ । पहिलो अध्यायमा पृष्ठभूमी, समस्याको कथन, अनुसन्धानको प्रश्न, उद्देश्य, महत्व, क्षेत्र र अध्ययनको संगठनसँग सम्बन्धित रहेको छ । अध्याय दुईमा सान्दर्भिक साहित्यको समीक्षा गरिएको छ । तेस्रो अध्यायमा यस अध्ययका अपनाइएका अनुसन्धान विधिहरू समावेश भएका छन् । अध्याय चारमा उत्तरदाताहरुको सामाजिक, आर्थिक स्थिती, पाचौ अध्यायमा सम्वन्ध विच्छेदको सामाजिक, साँस्कृतिक र आर्थिक प्रभाव, अध्याय छ मा सम्वन्ध विच्छेदको मुख्य कारणहरुको विश्लेषण र अध्ययन सातमा सारांश र निष्कर्षलाई समावेश गरि लेखिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक अवधारणा

सम्बन्ध विच्छेदलाई सैद्धान्तिक रूपबाट हेर्दा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिएको पाइन्छ । मार्क्सवादी दृष्टिकोबाट हेर्दा सम्बन्ध विच्छेदको कारक तत्व आर्थिक अवस्थालाई मान्न सकिन्छ । समाजशास्त्री मिश्र, (२००४, पृ.१२५–१५४) भन्नुहुन्छ–आजको समाज विकासक्रममा शहरीकरण, औद्यागिकीकरण तथा समाजमा पूँजीवाद पद्धतिको विकास हुँदै जाँदा आधुनिकिकरणको विकास हुँदै जान्छ । विभिन्न दृष्टिकोणबाट महिलाहरू सशक्त बन्दै जाँन्छ र आफ्नो अधिकार प्रति सचेत हुँदै जान्छ । मानिसहरू रोजगारको लागि शहर तथा उद्योगतिर आकर्षित हुने प्रक्रिया बढ्दै जान्छ । आधुनिक वर्तमान पूँजीवाद समाजमा आएर आर्थिक उत्पादनको प्रतिफलस्वरूप सँगै सामाजिक ढाँचामा परिवर्तन भएकाले महिलाहरूमा शैक्षिक चेतनाको अभिवृद्धि, आर्थिक स्वनिर्भरता, रोजगारीमा पहुँच, आत्मनिर्णयको अधिकार, स्वजिम्मेवारीको शिक्षा, व्यक्तिगत स्वतन्त्रता आदिका कारण पुरुषप्रति महिलाहरूको दिनप्रतिदिन आर्थिक निर्भरतामा कमी आइरहन्छ छ । तसर्थ महिलाहरू घरपरिवारमा मात्र सिमित नरहेर बाह्य सार्वजनिक क्षेत्रमा पनि काम गर्न सक्षम र स्वतन्त्र भएका छन् भने अर्कातिर दोहोरो कार्य भारको बोझले गर्दा पारिवारीक अन्तर द्वन्द्व सिर्जना हुदै आएको छ । जसको परिणाम स्वरूप महिला पुरुषबीचमा असमझदारीको खाडल निर्माण हुदै गएको र पारिवारिक विखण्डन भइ अन्त्यमा वैवाहिक सम्बन्ध विच्छेद हुने प्रवल सम्भावना देखिदै आएको छ । त्यस्तै औद्योगिकिरणले सृजना गरेको आर्थिक असमानता र विपन्नताले पनि पारिवारिक विखण्डन ल्याउन सक्छ (मिश्र, २०६७) ।

आधुनिकिकरणको सम्वन्धमा हन्टिङ्ग (Honting) भन्दछन् “यो मानिसको सोचाइ र क्रियाकलापको समग्र पक्षको परिवर्तन गराउने बहआयाकि प्रक्रिया हो । मनाबैज्ञानिक तहमा आधुनिकताबादले आधारभुतरुपमा मानिसका मूल्य, अभिबृतिर आकाँक्षाहरुमा परिवर्तन ल्याउँछ । सामाजिक तहमा आधुनकतावादले निश्चित भूमिका भएका आधारभूत समूहहरु अफ खास गरी सचेतहरुमा संगठित भएका समूहहरुको पुरककारुपमा काम गर्दछ । आधुनिकताका सँगसँगै महिलाहरु पनि जान्नबुझ्न थाल्छन् र समाजमा संगठित समुहको निर्माण हुन्छ । जुन संगठनमा

घरायसी झै झगडा देखि समाजका विभिन्न कुरामा छलफल हुन्छ जसका कारण परिवारमा सानोतिनो झगडाले. पनि द्धन्द्धको सृर्जना हुन्छ र सम्वन्ध विच्छेदसम्ममा पुग्दछन् (आचार्य, २०६२) ।

आधुनिकीकरणका सम्वन्धमा रोस्ट्रोले समाज विकासको तहमा जोड दिएका पाइन्छ । जस अनुसार समाज प्रारम्भिक समयमा पारम्परित अवस्थामा हुन्छ भने आधुनिकीकरणको यो प्रत्रियासँग समाज विकासको प्रक्रिाय अगाडि बढ्ने तर्क राखेका छन् । त्यस्तै N.J. Smelser) ले सामाजिक वातावरणको विकसित तर्फको रुपान्तरणको प्रक्रियालाई आधुनिकीकरणको प्रक्रिया मानेका छन् । उनका अनुसार आनुकि समाज वस्तुपरक वैज्ञानिक आधुनिक प्रविधि सहितको औधोगिक अवस्था तथा वैज्ञानिक शहरहरुको विकास र उदार सामाजिक सोचाइ राख्ने प्रवृतिको हुन्छ । जसका कारण समाज देखि परिवारमा समेत परिवर्तन आई झै झगडाको वातावरण बनी सम्वन्ध विच्छेदसम्म जान्छ (आचार्य, २०६२)

भारतीय मानवशास्त्री एम.एन.ःश्रीनिवास का अनुसार "Westernization invlolves the asseptatnce of western dress, diet manners, education, gadgets, sports and values etc." समाज आधुनिकीकरणको प्रकृयामा सम्वल्ग हुँदै जाँदा पश्चिमी सभ्यताको विकास हुने जसमा स्त्री र पुरुष खुलेयाम होटल, रेष्टुरेन्ट तथा पार्कमा वस्न पाउने, कानुनी मान्यताका आधारमा सानो तिनो झै-झगडामा पनि सम्वन्ध विच्छेद गर्ने र फेरि दुवैले अर्को विहे गर्ने जस्ता परम्परा रहेको छ । तर नेपाल र भारतको हिन्दु धर्ममा त त्यो कुरा मान्य हुने छैन । तर आधुनिक समाजमा त्यो कुरालाई मान्य बनाई सम्वन्ध विच्छेद र पुनः विवाह हुने गरेको पाइन्छ (आचार्य, २०६२) ।

पाश्चात्य जीवनशैलिलाई अवलम्वन गर्नु भनेको निरपेक्षरुपमा स्वयं खराव होइन । तर कयौं गरीव तथा तेस्रो विश्वका देशहरुले समाजलाई फादा गर्ने समाजको विकासमा टेवा पुऱ्याउने र अन्य सकारात्मक पक्षलाई अनुकरण गर्न नसकी केवल सतहीरुपमा नक्कल गरिएका व्यवहार र क्रियाकलापहरु जसले समाजको बाह्य तथा आतरीक संरचनामा सकारात्मक असर पार्दछ । त्यस्ता पक्षहरुको मात्र नक्कल बढी भएको छ । जुन गलत प्रवृत्ति हो ।

लोग्ने र स्वास्नीको वैवाहिक सम्बन्धलाई पुरै अन्त गर्ने वा निजहरूको सहवासको अवस्थालाई तत्कालको लागि निष्क्रिय पाउने गरी अदालतबाट भएको फैसला वा निर्णयले हुने कानुनी विच्छेद/विवाह वा सम्बन्ध विच्छेद भन्नाले अदालतको फैसलाद्वारा लोग्ने र स्वास्नी बिचको वैवाहिक सम्बन्धको पूर्ण रूपमा अन्त्य हो अत : कानुनी रूपमा लोग्ने स्वास्नीको बीचको सम्बन्धलाई अन्त्य नै सम्बन्ध विच्छेद हो (अधिकारी, २०५९) ।

अमेरिकामा सम्बन्ध विच्छेद हुनका प्रमुख कारणहरूमा मनोवैज्ञानिक जोनले उल्लेख गर्नुभए अनुसार "सम्बन्ध विच्छेद हुनका मुख्य दुइ वटा आधारहरूलाई उल्लेख गरेका छन् । जसमा अमेरिकीहरूको विवाहको शुरूमा नै लोग्ने स्वास्नी बीचको साथित्वको नातालाई गुमाउन पुग्छन् । एक अर्काको भावनालाई बुझ्नै सक्दैनन् र तिनीहरू बिचमा द्वन्द्वको सिर्जना भइ समस्या समाधान गर्न असमर्थ हुन्छन् ।"त्यसै गरी दोस्रो कारणमा अवैध यौन सम्बन्ध राख्नु उक्त लेख Infromattion of divorce rate and statistics Retrived from www. Divorestatics. org मा उल्लेख भएको छ । विवाह पश्चात लोग्ने स्वास्नी अन्य महिला तथा पुरुष सँग अनैतिक रूपमा सम्बन्ध राख्नाले दम्पति बिचमा शंका उपशंका र मनमुटाव भई सम्बन्ध विच्छेद अवस्थामा पुग्छन् । अमेरिकाको हकमा थोरै विवाह विच्छेदहरू मात्र एक अर्कामा शोषण र हिंसात्मक तरिकाले हुने गरेको बताइएको पाइन्छ । अमेरिकी समाजमा सम्बन्ध विच्छेदको घटनालाई सामान्य रूपमा हेरिन्छ (रिचर्ड टी शेफर, २००२) ।

सम्बन्ध विच्छेद पश्चिमी राष्ट्रहरूमा मात्र दिनदिनै बढीरहेको छैन, एसियाली मुलुक जस्तै भारत, चीन, जापान, नेपाल आदी देशहरूमा पनि हाल आएर सम्बन्ध विच्छेदको दर बढीरहेको तथ्याङ्कले देखाउँछ । एसियाली मुलुकहरूमा महिला र पुरुषहरूको सम्बन्ध विच्छेद हुने मुख्य कारणहरू जस्तै दाइजो, अर्न्तजातीय विवाह, दम्पतिहरू बिचको समझदारीमा कमी, एक अर्कामा ईर्ष्या, दम्पति बिचमा शंका उपशंका शारीरिक र मानसिक शोषण, मद्यपान, एड्स जस्ता दिर्घरोग, पुरुषको महिलामाथी अधिपत्य, यौन जीवनमा असन्तुष्टि, दम्पति बिचमा भावनात्मक सम्बन्धको कमी, विवाह पछि दम्पति बिचमा अधिक मात्रामा वा आवश्यकता भन्दा बढी आशा राख्नु, लोग्ने स्वास्नीबीचको सम्बन्धलाई समाजमा व्यवस्थित राख्न नसक्नु महिलाले

विवाहलाई खेलको रुपमा सम्पत्ति आफ्नो हकमा गर्ने आदी कारणहरू विभिन्न तथ्याङ्कहरूमा उल्लेख गरिएको पाइन्छ (कान्तिपुर दैनिक, २०६९, असार) ।

पश्चिमी देशहरूको तुलनामा तुलनात्मक रूपमा हाम्रो देश नेपालमा सम्बन्ध विच्छेदको स्थिति र प्रवृत्ति गति कम छ । तरपनि यसले विकराल रुप लिएको छ । धनाढ्य परिवारको सम्वन्ध विच्छेद  हुँदा कानुनि रुपमा सम्पत्ति पनि भाग लगाउने हुनाले उनीहरुलाई त्यति असर पर्दैन तर सामान्य परिवारको महिला सम्वन्ध विच्छेद पनि वाध्य भएर कसैको घरमा नोकरी लाग्ने तथा दोस्रो विहे गनृ बाध्य हुन्छन् । उनीहरुको पालनपोषण गर्ने जिम्मा कसैले लिएको हुँदै । त्यो कुरा समाजले विचार पुररयाउनु पर्ने हो । सम्बन्ध विच्छेद विभिन्न कारणले हुने गर्दछ । अनमेल विवाह, बालविवाह, बहुविवाह, यौनअसन्तुष्टि, समझदारीको अभाव, भावनाको अवहेलना, आर्थिक प्रलोभन तथा कठिनाइ, रोगको प्रभाव आदि कारणले गर्दा सम्बन्ध विच्छेद हुने गर्दछ । नेपाली समाजमा सम्बन्ध विच्छेद हुने कारणहरु मध्ये एउटा कारण अधिवक्ता मिरा ढुङ्गानाका अनुसार “महिलाहरु विवाह पछि श्रीमान्को घरमा जानुपर्छ, त्यसपछि देखि नै महिलाहरु शारीरिक तथा मानसिक रुपमा शोषित हुन्छन् । परिवारमा जब श्रीमतीले छोराको जन्म दिन सक्दिनन्, छोरी मात्र सन्तानको रुपमा जन्मिइन् भने उनको श्रीमान्ले दोस्रो विवाह गरी श्रीमती घरमा ल्याउँछ । जसको परिणाम स्वरुप पहिलो श्रीमतीले सम्बन्ध विच्छेद गर्न बाध्य हुन्छिन् । त्यस्तै गरी दोस्रो कारण नेपाली समाजको संरचनामा सधै परिवारको नेतृत्व गर्ने पुरुष नै अगाडि हुन्छन् । परिवारमा महिलाको निर्णयलाई वेवास्ता गरिन्छ । पुरुषको हरेक निर्णयलाई महिलाले सम्मानका साथ पालना गर्नु पर्दछ । जसले गर्दा परिवारमा एक प्रभुत्ववादी हावी भइ पारिवारिक विखण्डन हुने प्रबल सम्भवना हुन्छ” (Global Press Institute, 2023)

बाह्य मुलुकको तुलनामा नेपालमा सम्बन्ध विच्छेद गर्ने दम्पतिको संख्या न्युन भएपनि यसको गति बढ्दो छ । त्यस्तै नेपालमा सन् १९९६ को तथ्याङ्क अनुसार १० वर्ष माथिका सम्पुर्ण विवाहित दम्पतिमा ०.२ प्रतिशतले सम्बन्ध विच्छेद गर्ने गरेको पाइएको छ । सन् १९७१ र १९८१ मा सम्बन्ध विच्छेद गर्ने र छुट्टिएर बस्ने (एकै ठाउँमा तथ्याङ्क लिएको) दम्पतिको प्रतिशत ०.२८ र ०.४० छ भने यो दर सन् १९९२ मा ०.५७ प्रतिशत छ । यसैगरी सन् १९९७ मा प्रकाशित पारिवारिक स्वास्थ्य सर्वेक्षणमा सम्बन्ध विच्छेद गर्ने महिलाहरू प्रतिहजार ०.२ प्रतिशत र छुट्टिएर बस्नेको १.६ प्रतिशत देखाइएको छ । सन् २०११ को जनगणना  अनुसार नेपालमा

सम्बन्ध विच्छेद गर्ने र छुट्टिएर बस्नेको १५-४९ भित्रका उमेर समुह) प्रतिशत महिला र पुरुषमा क्रमशः ०.४ र ०.१ प्रतिशत,०.६ र ०.७ रहेका छन् (CBS, 2022)।

हाम्रो समाजमा मुलुकी ऐन आउनु भन्दा अगाडी देखि नै विभिन्न जात जातीहरूमा आ आफ्नो धार्मिक परम्परा एवं संस्कार अनुसार सम्बन्ध विच्छेद गर्ने प्रचलन थियो । जस्तैः नेवार जातिमा ग्वे लितविगु (पारापाचुके सुपारी फर्काउने), लिम्बु जातिमा स्वास्नीलाई छोडेमा 'नाजोङ्ग' भन्दछन् । यस क्रममा स्वास्नीले लोग्नेलाई छोडे गहना फर्काउने र लोग्नेले स्वास्नी छोडे केही रीत तिर्नु पर्दैन । मगर जातीमा यदी पत्नीले सम्बन्ध विच्छेद गर्न चाहेमा "टोपी भरौनी" (लोग्नेलाई विवाह खर्च दिने) र पतिले सम्बन्ध विच्छेद गर्न चाहेमा "फाँडो भरौनी" ( लोग्नेले स्वास्नीलाई हर्जना तिरेको) लिने गर्दछन् । मगरहरूमा सम्बन्ध विच्छेद गर्न चाहनेले आफ्ना समुदायका मुखियालाई निवेदन गनुपर्छ । मुखियाले सर्वप्रथम सम्झाउँछन् । यसमा प्रगति नभएदेखि दुवै पक्षको रोहवरमा सहीछाप गरी छोडपत्रको कागज तयार पार्ने चलन छ । यसैगरी गुरूङ्ग समुदायमा पनि मुखियाँको रोहवरमा छोडपत्र तयार पारिन्छ । जसलाई 'छुट्टानामा' भनिन्छ । यसमा केटाकेटीलाई सहमति पढेर सुनाईन्छ कि अबदेखी लोग्ने स्वास्नीको सम्बन्ध छैन । केटाले केटीलाई सिउँदो भाडा स्वरूप आफ्नो गच्छ अनुसार पैसा दिन्छन् । राई जातिमा साइमुन्द्री फर्काउने आदि तैपनि यी विभिन्न जातीहरूमा प्रचलित सम्बन्ध विच्छेदको परम्परालाई २०२० मुलुकी ऐनले कानुनी मान्यता भने दिएको पाइदैन । जस्तोसुकै प्रकारले विवाह गरेको भए पनि सम्बन्ध विच्छेद अदालत मै गरेकाले मात्र कानुनी मान्यता प्राप्त हुन्छ (श्रेष्ठ, २०४९) ।

नेपालमा सम्बन्ध विच्छेदको कानुनी प्रावधानको व्यवस्था वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनले गरेतापनि, हाल सम्म यसलाई समाजमा हेयको दृष्टिकोणले हेरिदै आएको छ । यसै क्रममा नेपालमा हुने गरेका सम्बन्ध विच्छेदका प्रकारहरू जस्तै : साँस्कृतिक अर्थ लगाएर, पोइल गएर, जारी तिरेर, भौतिकरूपमा पारापाचुके भएको घोषणा गरेर परम्परागतरूपमा सम्बन्ध विच्छेद हुने गर्दछ । तर वर्तमान परिवेशमा कानुनि मान्यता आधारमा मात्र सम्बन्ध विच्छेद गर्न सकिन्छ (Action Aid International Nepal, 2023) ।

"विवाह भनेको सामाजिक रूपमा स्वीकार गरिएको र कहिले काहिँ एक वयस्क पुरूष र एक वयस्क महिला बीचको साँच्चै अनुमोदन गरिएको मिलन हो ।" (कोलिन्स डिक्शनरी अफ सेसियोलोजी 1991) । सम्बन्ध विच्छेद कानुनले विवाहलाई अन्त्य गर्न सक्ने परिस्थितिलाई नियन्त्रित गर्ने ढाँचा प्रदान गर्दछ र दम्पत्तीहरू पुनः विवाह गर्न स्वतन्त्र छन् । सम्बन्ध विच्छेद कानुनले विघटनमा उत्पन्न हने धेरै वितरण प्रश्नहरूलाई पनि नियन्त्रण गर्दछ । कानुनी सिद्धान्तहरूले सम्बन्ध विच्छेदको कार्यवाहीमा चारवटा विवरण प्रश्नहरूलाई सम्बोधन गर्दछ : (१) दम्पत्तीको विद्यमान सम्पत्तिलाई कसरी विभाजन गर्नुपर्छ ? (वैवाहिक सम्पत्ति कानुन)" (२) प्रत्येक पति/पत्नीले अर्को पति/पत्नीको भविष्यको आम्दानीमा के जारी दावी गर्नुपर्छ ? (भोजन वा पति/पत्नी समर्थन कानुन), (३) प्रत्येक आमाबाबुको कमाई वा सम्पत्तिको अंशको लागि बच्चाले के जारी दावी गर्नुपर्छ ? (बाल समर्थन कानुन) र (४) भविष्यमा आमा बाबु बिच बालबालिका हुर्काउने जिम्मेवारी र अवसरहरू कसरी बाँडफाँड गर्नुपर्छ (नेपालको संविधान, २०७२) ।

बलराम आचार्यले (वि.सं. २०५२–२०५४) सम्ममा पोखरा उपमहानगर पालिकालाई क्षेत्र बनाइ गरेको अध्ययनमा ८० वटा घटनाका आधधारमा सम्बन्ध विच्छेदका कारणहरू हेर्दा पारिवारिक समझदारीको अभाव तथा सामाजिक, आर्थिक र मनोवैज्ञानिक कारणहरूलाई प्रमुख रूपमा अगाडी सारेका छन् । उनको अध्ययनमा संयुक्त परिवार, मागि विवाह, कम उमेरमा गरेको विवाह, सरकारी जागिर भएको पुरुष र महिला, रङ्गमञ्चमा काम गर्ने व्यक्तिहरु तथा केही मात्रामा मात्र मध्यम व्यक्तिहरूमा सम्बन्ध विच्छेदको दर बढी देखिएको पाइन्छ (आचार्य, २०६७) ।

सम्बन्ध विच्छेद भनेको कुनै पनि दम्पतिले कानुनी रित पुऱ्याएर आफु दुई बिचको नाता हटाउनु हो । "हिन्दु शास्त्रीय कानुन अनुसार एकपटक वैवाहिक सम्बन्ध कायम भइसकेपछि स्त्रीपुरुषको सम्बन्ध विच्छेद असम्भव छ र हिन्दु शास्त्रले विशेष अवस्थामा मात्र पुनः विवाहको लागि स्वीकृति प्रदान गरेको छ । सम्बन्ध विच्छेद हुने आधारहरू विचार गर्दा विभिन्न देशको कानुन अनुसार सम्बन्ध विच्छेद गर्न सकिने आधारहरू छुट्टाछुट्टै छन् । हिन्दु विधि अनुसार व्याभिचारी भएमा, धर्म परिवर्तन गरेमा, मष्तिक विकृत भएमा, महारोग लागेमा, सन्यासी भएमा सम्बन्ध विच्छेद हुन सक्छ । मुस्लिम विधि अनुसार लोग्नेले स्वास्नीलाई तिन पटक

“तलाक” भनेपछि वैवाहिक सम्बन्ध कायम रहदैन । इश्लाम धर्ममा विवाह विच्छेद गर्ने र तलाक दिने एकाधिकार पुरुषलाई मात्र छ” ( मुलुकी ऐन, २०२०) ।

२०२० सालको मुलुकी ऐनले विभिन्न जात जाती वा वर्ग समुदायमा उनीहरुको रीत अनुसार गरिएकोसम्बन्ध विच्छेद (CUStomary Divorce) लाई मान्यता दिएको छैन । समाजका सबै नेपाली नागरिकहरुले सम्बन्ध विच्छेद गर्नुपर्दा मुलुकी ऐनको लोग्ने स्वास्नीको महलको अधिनमा रही सम्बन्ध विच्छेद गर्नुपर्दछ (राउत, २०७२)

नेवारी समुदायमा गरेको अध्ययनमा सम्बन्ध विच्छेदको कारणको रूपमा अन्तर पारिवारिक कलहका कारणलाई औलाई सासु बुहारीको झगडा र परम्परागत मान्यतालाई जिम्मेवार ठहऱ्याएको छ । हुनत यो अध्ययनको क्षेत्र अति सिमित र केवल नेवारी जातीमा मात्र अध्ययन गरिएकोछ । साथै अदालती अभिलेखलाई ध्यान दिएको पाईदैन तर पनि नेपालको सर्न्दभमा यस अध्ययनले विवाह, परिवार, नातासम्बन्ध, सम्बन्ध विच्छेद जस्ता पक्षमा राम्रो समाजशास्त्रीय अध्ययनको सुरूवात गरिएको छ Nepali, 1065) ।

जब विवाहित व्यक्तिहरू विवाह अन्त्य गर्न चाहान्छन, उपयुक्त कानुनी समाधान सम्बन्ध विच्छेद हो । यो नेपालको सम्बन्ध विच्छेद कानुन अनुसार पती/पत्नी बीचको वैवाहिक सम्बन्धलाई टुङ्ग्याउने कार्य हो । वैवाहिक सम्बन्धको अन्त्यले विवाह समाप्त हुन्छ । एक पटक अदालतले सम्बन्ध विच्छेद प्रमाण पत्र जारी गरेपछि दम्पतीहरू पुनः विवाहगर्न र एकल हैसियत राख्न योग्य हुन्छन् । नेपाली शब्दकोषका अनुसार, सम्बन्ध विच्छेदको अर्थ पार्पाचुके वा तलाक हो । राष्ट्रिय देवानी संहिता २०७४ को अध्याय ३ ले नेपालमा सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था गरेको छ । नेपालमा सम्बन्ध विच्छेद दुई तरिकाले गर्न सकिन्छ । पारस्परिक सहमतिमा सम्बन्ध विच्छेद विवादित पक्षहरू मध्ये कुनै एकले असहमति भएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायरा गर्न सक्नेछ । न्यायाधिसले पेश गरिएका कागजातहरूको समिक्षा गरी निर्णय सुनाउँछन् (Karki, 2007) .

सम्बन्ध विच्छेदका सम्बन्धमा विभिन्न अध्ययनकर्ताहरूले अध्ययन अनुसन्धान एवं विभिन्न तरिकाबाट सम्बन्ध विच्छेदलाई केलाउने प्रयास गरेका भएतापनि यस सम्बन्ध विच्छेद सम्बन्धी अध्ययन अनुसन्धान गर्दा सामाजिक संरचना तथा उत्पादन प्रणालीले पार्ने प्रभाव साथै

आधुनिकिकरण, पश्चिमीकरण, प्रविधिकरण, शिक्षाको अभिवृद्धि, स्वरोजगारको अवसर, सञ्चारमाध्यमले वर्तमान सामाजिक संरचनालाई परिवर्तित मोडमा धकेलेको कारण महिला र पुरुषबीचमा व्यक्तिगत स्वतन्त्रता, पुरुषमाथि आर्थिक निर्भर स्वतः घट्दै गएको कारणहरू उल्लेख गरी सम्बन्ध विच्छेदको सम्बन्धमा अध्ययन अनुसन्धान गरेको शोधपत्र, लेख, कृतिहरू कमैमात्र उपलब्ध भएको पाए । त्यसकारण तिनै कमीकमजोरीलाई सुधार गर्दै विभिन्न पत्रपत्रिकामा छापिएका लेख, शोधपत्र आदिलाई समिक्षा गर्दै र सम्बन्धीत अध्ययन क्षेत्रमा स्वयं उपस्थित हुने सम्बन्ध विच्छेदक अवस्था सृजना गर्ने वास्तविक कारणको खोजी एवं यसको असरको प्रकृति र अवस्था  पत्ता लगाउने उद्देश्यका साथ मैले मेरो शोधको विषय "सम्बन्ध विच्छेदका कारण र असर" शीर्षक छनौट गरेकी छु ।

## २.२. सन्दर्भ साहित्यको समिक्षा

"अभिभावकको सम्बन्ध विच्छेदमा बच्चाको प्रतिक्रियामा एकल, साधारण प्रतिक्रियाको सट्टा परिवर्तन गर्न समायोजन गर्ने प्रक्रिया समावेश छ" (बिगनर, २००५) यो ध्यान दिनु पर्छ किनभने हरेक सम्बन्ध विच्द्धेदको मामिला एउटै हुँदैन, जसरी हरेक आमाबाबु एकै हुँदैनन् न त सबै बच्चाहरू । यदपीः सम्बन्ध विच्छेद भएका आमाबाबुका बच्चाहरूमा प्रभावहरू स्थिर रूपमा देख्न सकिन्छ । "बच्चाहरूमा अभिभावकको सम्बन्ध विच्छेदको प्रभाव या त छोटो वा दीर्घकालीन र सकारात्मक वा हानिकारक हुन सक्छ । र स्कुलमा जुन आमाबाबुको विछोडको प्रारम्भिक प्रतिक्रियाहरूको साथमा हुन्छ । किशोरावस्था वा वयस्कता सम्म दिर्घकालिक प्रभावहरू देखा पर्दैन जब व्यक्तिहरू घनिष्ट सम्बन्धमा संलग्न हुन्छन् । तिनीहरूलाई स्थापित गर्न कठिनाइहरू अनुभव गर्छन्" (पोखरेल, २०६८) ।

अदालतको १५ महिनामा सम्बन्ध विच्छेदका ६२० मुद्दा फछ्यौटे गरेको छ । तीमध्ये ९० प्रतिशत मुद्दा बिदेसिएका पुरुष र महिलासँग सम्बन्धित छन् । मोरङमा उक्त अवधिमा १७ हजार १ सय ३५ महिला घर जग्गाका मालिक भएका छन् । अधिकांश बैदेशिक रोजगारीका लागि विदेश गएका पुरुक्षका पत्नी छन् । मालपोत कार्यलय काठमाडौंका रचना अधिकृत गौतम अमात्यका अनुसार त्यस्तो केही महिलाले अघिल्लो दिन आफ्नो नाममा जग्गा पास गर्ने र भोलिपल्ट पतिसँग सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्ने गरेको पनि पाइएको छ । (कान्तिपुर दैनिक २०७९ साउन ०९)

समाजशास्त्रीय दृष्टिकोणले हेर्ने हो भने पनि समाज सञ्चालन गर्नका लागि सामाजिक संस्थाहरू परिवार, विवाह, नातेदारी आदिको उतिकै आवश्यकता पर्दछ । यसरी हेर्दा मानव विकासको प्रारम्भिक चरणदेखि आजसम्म आइपुग्दा विवाह, परिवार, नातेदारी संस्थाको सञ्चालन गर्ने क्रम जारी रह्यो । यसरी विवाह सम्बन्ध र पारिवारिक सम्बन्ध अगाडी बढाउँदै लैजादा लोग्ने र स्वास्नीबीच समझदारीमा अवस्था सृजना हुन पुग्यो जसको परिणामस्वरूप पारिवारिक विखण्डन तथा वैवाहिक सम्बन्धद्वारा स्थापित सम्बन्ध अन्त्य हुने स्थिति खडा हुँदै आएको छ । आज नेपाली समाजमा वैवाहिक सम्बन्ध विखण्डन दर दिनप्रतिदिन बढ्दै गइरहेको छ । जुन व्यक्तिगत घटनामा सिमित नभई सामाजिक घटनाको समस्याको रूपमा सृजना भएको छ (आचार्य, २०६२) ।

नेपाली समाजमा परिवारको आयतन, संरचना, जिविकोपार्जनको आधारलगायत परिवारभित्रको अन्तरसम्बन्ध पनि महत्वपूर्ण परिवर्तन आएको छ । परिवारका सदस्यबीचको सम्बन्धमा उल्लेख परिवर्तन भएको छ र हुदैछ । बहुपति र बहुपत्नी प्रथा, संयुक्त र एकल परिवार, ठूलो र सानो परिवार, प्राकृतिक र नियोजित परिवार पारापाचुके हुने नसक्ने देखि पारापाचुके प्रधान परिवारसम्म परिवारको संरचनामा परिवर्तन आएको छ । श्रमनिर्वासनले परिवारको आधार संरचना जीविकोपार्जन र आपसी सम्बन्धमा धेरै प्रभाव पारेको छ । युवाहरूको श्रमनिर्वासनसँगै विप्रेषण धेरै परिवारको लागि जिविकाको उपयोगी माध्यम बनेको छ । यसमा विप्रेषण, श्रमनिर्वाचन र विप्रेषणको चक्रले पारस्परिक र पारिवारिक सम्बन्ध विखण्डन निम्त्याइ नविन परिवारको सिर्जना गरिरहेको छ (मिश्र, २०६७) ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा मानवशास्त्री डा. रामबहादुर क्षेत्रीका अनुसार सम्बन्ध विच्छेदका धेरैजसो कारणहरु आजभोली पैदा भएका होइनन् । हिजो पनि थिए तर त्यति बेला महिलाहरु आर्थिक रुपले सक्षम नभएका र समाजले हेल ागर्ने हुनाले जस्तो अवस्था पनि सहन बाध्य थिए । अहिले रहनसहन र जिविकोपार्जनका उपायहरुमा धेरै अन्तर आएको छ र उनीहरुको स्थिति तुलनात्मक रुपले दह्रो भएको छ । उनीहरु आफ्नो हित बुझ्न र त्यसबारे निर्णय लिन सक्षम हुँदै गएका छन् । बढ्दो सम्बन्ध विच्छेदले त्यस तर्फ संकेत गर्दछ (क्षेत्री २०७२) ।

## २.३ नीतिगत समीक्षा

राज्य संयन्त्रमा ३३ प्रतिशत महिला प्रतिनिधित्वका लागि राजनैतिक संकल्प व्यक्त गरिएको छ । सरकारले द्वन्द्व समाधान र शान्ति स्थापनाका लागि महिलाहरुको सहभागितालाई बढवा दिएको छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ तथा नियमावली २०६५ र घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा नियमावली २०६७ जारि भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारि कानुनि आधार तयार भएको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले घरेलु हिंसा सम्बन्धि कार्यलाई दण्डनिय अपराधिक कार्य मानेको छ । यस ऐनले पीडकलाई दण्ड र पीडितलाई क्षतिपुर्तिको व्यवस्था समेत गरेको छ । ऐतिहासिक संविधान सभामा झण्डै ३३ प्रतिशत महिला प्रतिनिधित्व स्थानिय निकायमा महिला सहभागिताको सुनिश्चितता र निजामति सेवा, नेपाल प्रहरी, नेपाली सेना लगायतका राज्यका विभिन्न अंगमा महिला सहभागिता बढाउने सर्न्दभमा नीतिगत तथा कार्यक्रम कार्यान्वयन तहमा क्रमिक रुपले सुधार भएका छन ।

सन् २००४ मा महिलाको नाममा घरजग्गा पास गरेमा सरकारी करमा १० प्रतिशत छुट दिइएको थियो भने सन् २००५ मा यसलाई २० प्रतिशत बनाइयो र २००८ मा यस करको छुट बढाएर २५ प्रतिशत बनाएको छ । सन् १९८० को दशकदेखि महिलालाई लक्षित गरेर सरकारले महिलालाई बिना धितो ऋणको प्रवधान एकल महिला विकास कार्यक्रमको नाममा पचहत्तरै जिल्लामा सरकारी कार्यक्रम, सन् १९९० को दशकदेखि गैर सरकारी विकास बैंकहरुले पनि महिलालाई लक्षित गरि ग्रामीण बैंक को नमुना ऋण कार्यक्रमहरु संचालन गरिएका छन् । (मुलुकी ऐन, संसोधन, २०५५)

सम्वन्ध विच्छेदलाई कानुनी मान्यता दिएपछि नेपालमा पनि विभिन्न प्रावधान रहेको छ । जुन यस प्रकार रहेका छन् :

१. सम्वन्ध विच्छेद गरेपछि महिला र पुरुष अलग अलग बस्नेछन् ।

२. उनीहरुको सम्पत्तिको भागवन्डा अदालतले नै लगाउने छ ।

३. यदि पुरुषको जागिर भए जागिरको एक भाग महिलाले पाउने निति नियम रहेको छ ।

४. यदि महिला र पुरुषको बालबच्चा भए पाँच वर्ष मुनिका बालबच्चा आमासँग बस्नुपर्ने र पालनपोषण तथा शिक्षा दिक्षा बाबुले व्यहोर्नु पर्ने छ भने पाँच वर्ष माथिका बालबच्चाहरु उनीहरुको इन्छाअनुसार बाबु र आमा जो सँग पनि वस्न पाउने छन् ।

५. सम्वन्धविच्छेद गरेपनि उनीहरुले स्वत दोस्रो विवाह गर्न पाउने प्रावधान रहेको छ ।

६. यदि महिला र पुरुष दुवैजनाको सहमतिमा सम्वन्ध विच्छेद भएमा सम्पत्तिको वाडफाड हुने छैन ।

सम्वन्ध विच्छेद गरेर एक्लै बसेपछि महिला सम्बन्धी नेपालको संविधान, २०७२ ले महिलाहरुको सामाजिक सुरक्षाको लागि विशेष व्यवस्था गर्ने नीति अङ्गीकार गरेको छ । सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयले उनीहरुका लागि विनियोजित एकमुष्ट अनुदान मध्येबाट १० प्रतिशत रकम महिला वर्गको सशक्तीकरणका लागि तर्जुमा गरिएका योजनाहरुमा खर्च गर्नुपर्ने प्रावधान राखेअनुरुप स्थानीय तहअहरुले सो अनुरुप योजना तर्जुमा गर्ने कार्यको थालनी गरेका छन् । त्यस्ता महिलासम्वन्धी एकल महिलाको सहुलियत स्वरुप मासिक भत्ता रु. २००० दिने निर्णय गरेको छ (आ.व. २०७५-०७६) नेपाल संविधान २०७२ मा मौलिक हक सम्बन्धमा निर्दिष्ट गरेका भावनाहरू यसप्रकार रहेका छन् :

- सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन ।


- सामान्य कानूनको प्रयोगमा कुनैपनि एकल नागरिक माथि धर्म, वर्ण, लिंग, जात जाति वा वैचारिक आधारमा भेदभाव गर्न पाईदैन ।

- आस्था वा ती मध्ये कुनै कुराको आधारमा त्यस्ता महिलालाई भेदभाव गरिने छैन ।

- राज्यले नागरिकहरूका बीच धर्म, वर्ण लिंग, जात, जाति वा बैचारिक आस्था वा ती मध्येकुनै कुराको आधारमा एकल महिलालाई भेदभाव गर्ने छैन (नेपाल अधिराज्यको सविधान, २०७२) ।

## २.४ अवधारणागत ढाँचा

खासगरी नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा सम्वन्ध विच्छेदको अवस्था निकै दयनीय रहेको पाइन्छ । जसको मुख्य कारणहरूमा सामाजिक साँस्कृतिक अन्धविश्वास, रुढीवादी परम्परा, आर्थिक अवस्था, शैक्षिक स्थिति, सरकारी नीति आदि मुख्य रहेका छन् । समाजमा यस्ता महिलाहरूलाई हेर्ने दृष्टिकोणमा खासै परिवर्तन भएको पाइदैन । हालसम्म पनि यस्ता महिलालाई दोस्रो विवाह गर्न हिचकिचाउने गरेको पाइन्छ ।




माथि उल्लेखित अवधारणात्मक रूपरेखामा प्युठान जिल्ला माण्डवी गाउँपालिका र सरुमारानी गाउँपालिकाको सम्वन्ध विच्छेद भएका महिलाहरूको सामाजिक, आर्थिक अवस्था र त्यसमा आएको परिवर्तनका वारेमा अध्ययन गरिएको छ ।

## २.५ अध्ययनको अन्तर

यी सम्पूर्ण कार्यहरू सामाजिक साँस्कृतिक मूल्य मान्यता तथा अन्धविश्वासका कारणले भएका हुन् । सम्वन्ध विच्छेद भएका महिलाको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्नका लागि उनीहरुको सामाजिक अवस्थाअन्तर्गत सम्वन्ध विच्छेद भएका महिलाको पारिवारिक संरचना, छरछिमेकी र समाजसँगको सम्वन्ध, जात, धर्म, सस्कृति र शिक्षा, एकल महिलाको समाजमा पहुँच, पुर्नविवाहको अवस्थाको बारेमा अध्ययन गरिएको छ । त्यसैगरी अध्ययन क्षेत्रका सम्वन्ध विच्छेद भएका महिलाको समस्या र चुनौतीहरु पनि बुझिएको छ ।

# अध्याय - तीन

# अनुसन्धान विधि

अनुसन्धान अध्ययनलाई वैज्ञानिक, निष्पक्ष र तार्किक बनाउनका लागि अवलम्बन गरिएका विधिहरू निकै महत्वपूर्ण छन् । समाजशास्त्रीय अनुसन्धानमा जुन सामाजिक सम्बन्ध र मानव व्यवहारसँग सम्बन्धित छ, त्यसैले यो अनुसन्धान मूख्यतया समस्याको अवस्था र सम्बन्धित पक्षहरूको स्थितिमा आधारित हुन्छ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य

यो अनुसन्धान मुलतः प्युठान जिल्लाको दुई गाउँपालिकामा आधारित छ । सम्बन्धित क्षेत्रको तथ्याङ्क संङ्कलन जिल्ला अदालतको प्युठानबाट लिइएको हो र सम्बन्ध विच्छेदसँग सम्बन्धित व्यक्तिहरूको प्रश्नावली, अन्तवार्ता, मुद्दाको अध्ययन, अवलोकन विधिमा आधारित वर्णनात्मक अध्ययनका मुख्य क्षेत्र तल उल्लेख गरिएको छ ।

- सम्बन्ध विच्छेदका कारणहरू, विशेष गरी दम्पतीहरूको सामाजिक, आर्थिक र साँस्कृतिक स्थितिको सन्दर्भमा,
- सम्बन्ध विच्छेदले कसरी जस्तैः व्यक्तिगत समस्याहरू, पारिवारिक समस्याहरू, समुदायको प्रतिक्रिया, पार्टनरको सम्पर्क र भावनाको सन्दर्भ,
- सम्बन्ध विच्छेद किन मानिसहरूले गर्न चाहिरहेका छन् भन्ने बारेमा अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

अनुसन्धानबाट प्राप्त गर्न खोजिएको उद्देश्यलाई प्राप्त गर्न तथा पुरा गर्न अनुसन्धान कर्ताले अध्ययनको प्रकृति अनुसारको अनुसन्धान ढाँचा अपनाउनु पर्ने हुन्छ । अध्ययनमा गुणात्मक र तथ्यपरक नतिजा प्राप्त गर्न अनुसन्धान ढाँचा तयार गर्न अति जरुरी हुन्छ । यस अध्ययनले प्यूठान जिल्लाभित्र घटेका सम्बन्ध विच्छेदका घटनाहरु भएका त्यस्ता घटनाहरुको अध्ययन गरिएको छ र घटनाबाट पिडित महिला र पुरुषहरुको सामाजिक, आर्थिक, साँस्कृतिक,

शैक्षिक, मनोवैज्ञानिक शारीरिक, मानसिक अवस्था र विभिन्न सरोकारवाला निकायहरुले गरिरहेका कार्यहरु कानुनी कारवाहीको अवस्थाको सत्यतथ्य पत्ता लगाउन यस शोध पत्रले वर्णनात्मक अन्वेषणात्मक तथा उद्देश्यमूलक अनुसन्धान पद्धति अपनाको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट विधि

अनुसन्धान तथ्यमा आधारित हुन्छ । अनुसन्धान गर्ने क्रममा समग्रताको अध्ययन गर्न समय श्रोत, साधन तथा विभिन्न कारणले असंम्भव हुन जान्छ । त्यसैले समग्र इकाईबाट केही प्रतिनिधिमूलक एकाईको छनोट गरी अनुसन्धान गरिएको छ । नमुना छनौट विधिमा सानो इकाइले सम्पूर्णताको प्रतिधित्व गरेको हुन्छ भन्ने मान्यताबाट यो विधिको प्रयोग गरिएको हो ।

प्यूठान जिल्लमा कुल संख्या महिला र पुरुषको तुलना गरी हेर्दा महिला भन्दा पुरुष बढि देखिएको छ । नेपालको कुल संख्या हेर्दा महिलाको कुल संख्या उच्च तहमा पाइयो । यो अध्ययन प्युठान जिल्लाको माण्डवी गाउँ पालिका र सरुमारानी गाउँपालिकामा आधारित छ । आर्थिक वर्ष २०७९/०८० सम्म माण्डवी र सरुमारानी गाउँपालिकामा जम्मा १५ मुद्दा दर्ता भएको छ । ती मध्ये सम्बन्ध विच्छेद भएका जम्मा २० जना महिला र पुरुष व्यक्तिहरूसँग अनुसन्धान गरिएको छ । यसरी अध्ययन अनुसन्धान गर्ने क्रममा माथि उल्लेखित अवधिभित्रका घटनाहरुमध्येका १५ मुद्दा मध्येबाट यहाँ नमुना छनोट १० वटा मुद्दालाई लिइएको छ ।

त्यसैगरी अर्न्तवार्ता साथै  प्रश्नावलीमा सम्बन्ध विच्छेदी महिला ५ जना, घरपरिवार ४ जना, छरछिमेकबाट ५ जना, संघसंस्थाबाट ३ जना  र  ४ जना वकिल गरी जम्मा २० जनासंग अन्तरवार्ता लिइएको छ । जसमध्ये ४ जना सम्बन्ध विच्छेदी महिलाको समग्र घटना विवरण शोधपत्रमा उल्लेख गरिएको छ र यो अध्ययनमा उद्देश्यमूलक नमुना छनोट प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरु

सामाजिक अनुसन्धानको सन्दर्भमा तथ्याङ्क सङ्कलनको चरणलाई महत्वपूर्ण चरणको रुपमा लिने गरिन्छ । तथ्याङ्क सङ्कलन बिना कुनै पनि अनुसन्धान पूर्ण हुन सक्दैन । आवश्यक तथ्याङ्कको सङ्कलनबाट अनुसन्धानका निष्कर्षहरु निकाल्न सकिन्छ । उद्देश्यहरुलाई प्राप्त गर्न यस अनुसन्धानले प्राथमिक तथा द्वितीय तथ्याङ्क सङ्कलनको क्षेत्रबाट सङ्कलन गरिएको छ

भने द्वितीय तथ्याङ्क सङ्कलन गर्नको लागि विभिन्न लेख, रचना, पत्रपत्रिका, टि.भी. सामाग्री लगायतका पूर्व प्रकाशित अध्ययन रिपोर्टहरुको प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका विधिहरु

तथ्याङ्क सङ्कलनको लागि समाजशास्त्रीय तथ्याङ्क सङ्कलनका पद्धतिहरु अपनाइएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन अन्तर्गत, प्रश्नावली संरचित प्रश्नावली, असंरचित प्रश्नावली २ प्रकारले गरिएको छ  अन्तरवार्ता, प्रत्यक्ष अवलोकन आदिको प्रयोग गरिएका छ  ।

#### ३.५.१ अन्तरवार्ता

अनुसन्धानको आवश्यकता अनुसार तथ्याङ्क संकलन गर्नका लागि अन्तरवार्ता पनि प्रयोग गरिएको छ । प्रश्नावलीबाट मात्र सबै जानकारी प्राप्त गर्न नसक्ने सम्भावना कम देखिएको हुनाले कतिपय अवस्थामा तथ्याङ्क सङ्कलन गर्न नसक्ने सम्भावना कम देखिएको हुनाले कतिपय अवस्थामा तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित परिवारका सदस्यको धारणा, उनीहरुको पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, धर्म, संस्कार, दैनिक क्रियाकलाप तथा प्रत्यक्ष कुराकानी आवश्यक ठानि अन्तरवार्ता लिइएको थियो । यसरी अन्तरवार्ता लिने क्रममा उनिहरुसँग व्यक्तिगत सर्म्पकमा रहेर व्यक्तिगत अन्तर्रवार्ता लिइएको थियो । त्यसैगरी अन्तरवार्ताको लागि पिडित मात्र नभै संचारकर्मी, वकिल, मनोविश्लेषक, छरछिमेकका पिडितका आफन्त पीडकका आफन्त, पीडकका परिवार लगायतलाई अन्तरवार्तामा समावेश गराइएको छ ।

#### ३.५.२ अवलोकन

अध्ययनको लागि आवश्यक सम्बन्ध विच्छेद भएका महिलाहरुसँग सम्बन्धित सुचनाहरु, परिवार सम्बन्ध विच्छेड पछाडि महिलाहरुलाई गर्ने व्यवहार, समाजको उनिहरुलाई हेर्ने दृष्टि, विद्यालय, साथी, आफन्तहरुले गर्ने व्यवहार, वकिल, अदालति प्रक्रिया आदि असहभागी अवलोकन विधिबाट संकलन गरी जानकारीहरु प्राप्त गरियो । यस विधिमा अनुसन्धान कर्ता कतिपय ठाउँमा स्वयम सहभागी भई अध्ययन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन विधि सबैभन्दा उपयोगी र प्रभावकारी विधिहरू मध्ये एक हो । सम्बन्ध विच्छेदको मामिलामा यो व्यक्तिको जीवनसँग सम्बन्धित छ, त्यसैले व्यक्तिहरु अध्ययन विधि महत्वपूर्ण छ किन भने सामाजिक एकाइको बारेमा अध्ययन व्यक्तिगत मामला हो, प्युठान जिल्लाको दुई गाउँपालिकाको न्यायिक अदालतको तथ्याङ्कअनुसार ४ सम्बन्ध विच्छेद भएका जोडिको वैयक्तिक अध्ययन गरिएको छ । वैयक्तिक अध्ययन विधिको मुख्य उद्देश्य सुक्ष्म र विश्वव्यापी स्तरमा किन, के र कसरी वैवाहिक सम्बन्धको अन्त्य र तिनीहरूका छोराछोरी, परिवारका सदस्यहरू र सम्बन्ध विच्छेद भएका व्यक्तिहरूको अवस्था पत्ता लगाइएको छ । वैयक्तिक अध्ययनको हकमा, संरचित र गैरसंरचित अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ ।

### ३.५.४ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणको विधि

यस अध्ययनको लागि तथ्याङ्क विश्लेषणको मुख्य रूपमा वर्णनात्मक विधि अपनाइएको छ । यद्यपी, तथ्याङ्कमा सहसम्बन्ध र भिन्नता देखाउनको लागि तथ्याङ्कीय विधि पनि अपनाइएको छ । सामाजिक विज्ञानका लागि सांख्यिकीय प्याकेज प्रयोग गरेर कप्युटरमा डाटा प्रशोधन गरिएको छ र क्षेत्र अध्ययनबाट प्राप्त डाटा विश्लेषण गर्नको लागि उही प्याकेज प्रयोग गरिएको छ । क्रस टेबुलेशन, प्रतिशत विवरणहरू तथ्याङ्क विश्लेषण गर्न मुख्य उपकरणहरू हुनु यस शोधको मुख्य उद्देश्य हो ।

## ३.६ अध्ययनको सिमा

हरेक अध्ययन अनुसन्धानको निम्ति समय, स्रोत र साधनको नितान्त आवश्यक हुन्छ । यिनै समय, स्रोत साधनको सिमितताका कारण अध्ययन अनुसन्धानमा विभिन्न सिमाहरू खडा भएका हुन्छन् । निश्चित सिमा तथा क्षेत्र भित्र समेटिएर गरिएको अध्ययन नै व्यवस्थित तथा वैज्ञानिक मानिन्छ । नेपालका सबै ठाउँहरूमा सम्बन्ध विच्छेदको स्थिती रहेको भएपनि यी सबै ठाउँको अध्ययन गर्न सम्भव नभएको हुनाले यस अध्ययनलाई सिमाकंन गरी प्युठान जिल्लाको दुई गाउँपालिका मात्र अध्ययनलाई केन्द्रित गरिएको छ । साथै निश्चित समय र सन्दर्भमा गरिएका मानवीय सम्बन्धका विषयहरूको विभिन्न समय, कालपछि समाजमा त्यहि किसिमको सम्बन्ध र प्रभाव पार्दछ ।

# अध्याय-चार
# उत्तरदाताहरुको सामाजिक-आर्थिक अवस्थाको विवरण

## ४.१. अध्ययनस्थलको परिचय

राष्ट्रिय जनगणना २०७८ का अनुसार प्युठान जिल्लाको क्षेत्रफल १३०९ वर्ग किलोमिटर मा फैलिएको छ र यस क्षेत्रको जनसंख्या २३२०१९ रहेको छ । प्युठान जिल्लाको माण्डवी गाउँपालिकाको जनसंख्या १५८६३ र सरुमारानी गाँउपालीकाको जनसंख्या १९७८३ रहेको प्युठान नगरपालीकाको कार्यालय अनुसार लिइएको हो । लुम्बिनी प्रदेशमा सबैभन्दा बढि सम्बन्ध विच्छेद गर्ने अर्घाखाची जिल्ला दोस्रो जिल्ला प्युठानमा सबैभन्दा बढि सम्बन्ध विच्छेद दिन प्रति दिन बढिरहेको छ । जिल्ला अदालतमा जम्मा कुल मुद्वाको ७०.३२ प्रतिशत मुद्वा फछ्र्यौट गरेको छ । प्युठान जिल्लामा वितेको दश महिनामा १२५ जनाले सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको छ । माण्डवी र सरुमारानी गाउँपालिकामा १५ मुद्दा दर्ता भएको छ । १५ मुद्दा दर्ता ३० जना महिला र पुरुष रहेका छन् । ती मध्ये २० जनाको मात्र शोधमा अध्ययन गरिएको छ (CBS, 2078)।

सम्बन्ध बिच्छेदलाई सामाजिक संरचनाको स्वरूप, पेशा, शिक्षा जातिगत अवस्था, उमेर, पारिवारिक संरचना, वैवाहिक स्थिति आदि जस्ता विविध पक्षले प्रभाव पारेको हुन्छ । सम्बन्ध विच्छेद लोग्ने स्वास्नी बीचको निजी विषय बस्तु भए पनि यसको असर उनीहरूको सन्तान, परिवार एवम् समाजमा प्रत्यक्ष रूपमा परिरहेको हुन्छ । यसै विषयसंग सम्बन्धित अध्ययनका क्रममा सकंलित तथ्य तथ्याङ्कहरुवाट प्राप्त सूचनाहरू र वैयक्तिक प्रत्यक्ष अध्ययन बाट प्राप्त सुचनाहरुलाई विश्लेषण गरिएको छ सम्बन्ध विच्छेदलाई प्रत्यक्ष प्रभाव पार्ने विवाहको प्रकार, जोडि छनोटको प्रक्रिया आदि विभिन्न पक्षहरुमा शीर्षक उप-शिर्षकहरू मार्फत यस परिच्छेदमा प्रष्ट्याउने प्रयास गरिएको छ ।

## ४.२ पारिवारिक संरचनाको प्रकार

वैवाहिक जीवन परिवारबाट सुरु हुन्छ र परिवारभित्रको झगडामा टुगिन्छ । पति पत्निको सम्बन्ध फरक आनीवानी फरक सोच,रुचि प्रकृति आदिका कारण असन्तुलित हुन्छ । यी सवैमा भिन्नताले परिवारमा असमझदारी बढाउँछ । संयुक्त र परमाणु परिवारको सबैभन्दा

सामान्य प्रकार हो । एक प्रकारको परिवार अर्कोसंग किन्न दन्डा फोन्सेकाले भन्छन "केहि अवस्थामा विस्तारित परिवारमा सामान्य प्रकारको संयुक्त परिवारले राम्रो द्धन्द्धको कारण भएको छ र धेरै आधुनिक जोडीहरूमा असन्तुष्टि निम्त्याएको छ । द्वन्द्र संयुक्त परिवारमा मात्र नभई एकल परिवारमा पनि पैसा स्वतन्त्रता विश्वास आदि विभिन्न कारणले परिवारको सदस्य विच धेरै असन्तुष्टि हुने गरेको उनको भनाई छ ।

**तालिका नं.४.१ विवाह अघि परिवारमा पुरुष महिला**

| परिवारको प्रकार | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा संख्या |
|---|---|---|---|---|---|
| एकल परिवार | ३ | | ५ | | ८ |
| संयुक्त परिवार | ५ | | ७ | | १२ |
| जम्मा | ८ | १०० | १२ | १०० | २० |

***स्रोत : क्षेत्र सर्वेक्षण, २०७९***

यो तालिकाले ६२.५% पुरुष विवाह अघि संयुक्त परिवारमा बस्ने र  ३७.५% पुरुष मात्रै एकल परिवारमा बस्ने कुरा परिभाषित गर्दछ । त्यसै गरी ४१.६७% महिला एकल परिवारमा ५८.३३% महिला विवाह अघि संयुक्त परिवारमा बस्छन् । संयुक्त परिवारमा महिलाको प्रतिशत पुरुष उत्तरदाताको तुलनामा बढी छ र एकलपरिवारमा पुरुषको प्रतिशत महिला उत्तरदाताको तुलनामा बढी छ । यो तालिकाले पारिवारिक संरचनामा महिला  र पुरुष वीचको असन्तुलन देखाउँछ ।

### ४.३ वैवाहिक जीवनको अवधि

दाम्पत्य जीवनको स्थिरता पति र पत्नि वीचको सम्बन्धको लागी सबैभन्दा महत्वपूर्ण छ । विवाह एक लामो समय सम्म चल्ने सम्बन्ध हो तर सम्बन्ध समाप्त गर्न धेरै कारकहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छ । विवाहको पहिलो एक देखि दुई बर्ष कुनै पनि जोडीको जीवनमा महत्वपुर्ण हुन्छ । यो समय हो जब दम्पत्तीले एकअर्कालाई चिन्न समय पाउँछन । विवाहित जीवनको अवधिलाई बुझ्न तालिका वाट स्पष्ट हुन सकिन्छ ।

**तालिका नं. ४.२ : विवाहित जीवनको अवधि**

| वैवाहिक अवधि | आवृति | प्रतिशत |
|---|---|---|
| ०-४ वर्ष | ११ | ५५ |
| ५-९ वर्ष | ५ | २५ |
| १०-१४ वर्ष | ३ | १५ |
| १५ वर्ष माथि | १ | ५ |
| **जम्मा** | २० | १०० |

*स्रोत : क्षेत्र सर्वेक्षण, २०७९*

यस तालिकाले देखाउँछ कि ५५ %, केशहरुमा ०-.४ वर्षको बर्षको वैवाहिक जीवन सुखी थियो । २५ प्रतिशत केशहरुमा दम्पतीहरुले ५-९ बर्ष सम्म खुशी वा सुखी दाम्पत्य जिवन विताएका थिए । १५ % केशहरुमा दम्पतीहरुको वैवाहिक जीवन १०-१४ बर्ष थियो र केवल पूर्ण केशहरूमा तिनीहरूले १५ वर्ष वा सो भन्दा माथिको खुसी साथ रहेका थिए ।

यो तथ्याङ्कले स्पष्ट रूपमा देखाउँछ की समग्रमा सुखी विवाहित समय धेरै जसो केशहरुमा छोटो थियो । यदि एक जोडी १ वर्ष भन्दा वर्षभन्दा बढि समयको लागी खुसीसाथ संगै बस्न देखिन्छ । तिनीहरुको छुट्टिने सम्भावना धेरै कम छ । सम्बन्ध विच्छेद मुख्यतया ०-४ वर्षको वैवाहिक जीवनमा हुन्छ र दम्पत्तीको संगै बस्ने अवधि बढ्दा यसैका दर अलिकति कम हुन्छ ।

## ४.४ दम्पतीहरूको आर्थिक वर्ग

अर्थतन्त्रले हरेक मानिसको जीवनमा महत्वपूर्ण भूमिका खेल्छ । आर्थिक अवस्थाको संरचनावाट मानव जीवनका हरेक पक्ष प्रभावित हुन्छन् । कहिले सुख र  दुःखलाई अर्थतन्त्रको अवस्थाले परिभाषित गर्छ । अर्थतन्त्र तलाक निम्त्याउने कारकहरू मध्ये एक हुन सक्छ जुन धेरै शोधकर्ताहरुले उनीहरूको अध्ययनको परिणामको रूपमा औल्याएका छन् । गुडम्यानले परिभाषित गरे कि “समुहको सामाजीक-आर्थिक स्थिती आदि उच्च हुन्छ तिनीहरूको सम्बन्ध विच्छेद र अलग हुने दर कम हुन्छ । यसले प्रमाणित गर्छ की आम्दानीको न्यून स्तर र कम

आर्थिक स्थितीका कारणले दम्पतीहरूबीच मौद्रिक पक्षमा असन्तुष्टि निम्त्याउँछ । जसले गर्दा सुखी परिवारको अन्त्य हुन्छ । अन्य तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.३ दम्पत्तीहरूको आर्थिक वर्ग**

| वर्ग | आवृत्ति | प्रतिशत |
|---|---:|---:|
| उच्च | ३ | १५ |
| मध्य | ११ | ५५ |
| निम्न | ६ | ३० |
| **जम्मा** | **२०** | **१००** |

***स्रोतः स्थलगत सर्वेक्षण, २०७९***

दम्पतीहरुको आर्थिक वर्ग उनीहरुको पेसा, परिवार आय र पैतृक आर्थिक स्थितीको आधारमा निर्धारण गरिन्छ । ७००० भन्दा कम मासिक आय भएका तल्लो वर्गमा र ३०००० भन्दा बढि मासिक आय दर भएका उच्च वर्गमा कुल मिलाएर उत्तरदाता छनोट गरिएको छ ।

मध्यम वर्गको दम्पत्तीको प्रतिशत ५५ % हो जुन निम्न र उच्च वर्गको तुलनामा बढी हो । दम्पतीहरुको उच्चतम प्रतिशत मध्यम वर्गका छन् र सबैभन्दा कम प्रतिशत जोडीहरू उच्च वर्गका छन् । उच्च कक्षामा मनोरञ्जन र बालबालिकाको भविष्यमा ठूलो तनाव दिइन्छ । तल्लो वर्गमा तिनीहरूको मुख्य चिन्ता खाना र जीवनका अन्य न्यूनतम आवश्यकताहरू (बास, खाना र आश्रम) पूरा गर्ने हो । मध्यम वर्गीय परिवारहरूमा व्यावसायिक महत्वाकांक्षा धेरै हुन्छ र यसले महिला र पुरुषलाई तनाव दिन्छ । यस वर्गमा उत्तरदायीहरु रोजगार, शिक्षा, व्यापार, वैदेशिक रोजगारीमा छन् ।

### ४.५ जातिय आधारमा सम्बन्ध विच्छेदको स्थिती

हाम्रो देश एक बहुभाषिक, बहुजातिय, बहुसांस्कृतिक र बहुधार्मिक, मुलुक हो । प्राकृतिक सौन्दर्य र धार्मिक स्थल रहेको छन् । वि.सं. २०७८ को जनगणना अनुसार नेपालमा १४२ वटा जातजाति बसोवास गर्दछन् । नेपालमा विभिन्न किसिमको जातजाति / आदीवासी रहेकोमा अध्ययन गर्ने क्षेत्रमा ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई रहेको तथ्य छन् । तलको आकडा र

विश्लेषण अध्ययन क्षेत्र प्युठान जिल्लाको अदालतमा दर्ता भएका मुद्धाहरुलाई आधार मानि गरिएको छ ।

**तालिका नं ४.४ : प्युठान जिल्ला अदालतमा आर्थिक वर्ष २०७९ साउन देखी २०८० बैशाख सम्ममा फैसला भएका सम्बन्ध बिच्छेद सम्बन्धी मुद्दाहरुको जातिगत विवरण**

| क्र.स. | जाती | दर्ता मुद्दा संख्या र प्रतिशत | | श्रीमानद्वारा दायर गरिएका | | श्रीमतीद्वारा दायर गरिएका | | उद्देश्यमूलक नमुना भित्र परेका मुद्वाहरु | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ब्राह्मण | ८ | २१.६ | २ | ५.६ | ६ | १६ | ४ | २० |
| २ | क्षेत्री | १५ | ४७.२ | ३ | ९.६ | १२ | ३७.६ | ९ | ४५ |
| ३ | जनजाती | १० | १७.६ | १ | ४ | ९ | १३.६ | ५ | २५ |
| ४ | दलित | २ | १३.६ | १ | २.४ | १ | ११.२ | २ | १० |
| **जम्मा** | | **३५** | **१००** | **७** | **२१.६** | **२६** | **७८.४** | **२०** | **१६** |

***स्रोतः प्युठान जिल्ला अदालत अभिलेख (गत वर्ष २०७९ साउन देखी २०८० वैशाख सम्म)***

माथि उल्लेखित तथ्याङ्क अनुसार प्युठान जिल्ला अदालतमा गत वर्ष २०७९ साउन देखी २०८० वैशाख सम्ममा दर्ता भई फैसला भएका मुद्धाहरुमा आधारित छ । गत वर्ष २०७९ साउन देखी २०८० बैशाख मा यो तथ्याङ्क अनुसार सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराउनेमा जतिय आधारमा क्षेत्री सबैभन्दा बढी (४७.२%) अगाडि देखिन्छन् भने दलित जाति सबैभन्दा पछाडि परेको देखिन्छन् यसैगरी दोस्रो स्थानमा रहेका ब्राह्मण जाति ८ वटा अर्थात २१.६ प्रतिशत मुद्धा दर्ता गराइएको छ, र तेस्रो स्थानमा रहेका जनजातिहरुबाट १० वटा (१७.६%) दर्ता भएको देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार मुद्धा दर्ताको संख्यालाई हेर्दा अधिकांश मुद्धाहरु (७८.४%) श्रीमतीहरुबाट नै दर्ता गराईएको पाइन्छ । जसबाट महिलाहरूले परिवार र समाजमा भोगिरहेका शारिरिक, मानसिक यातना र पिडाको अनुमान लगाउन सकिन्छ । यिनै कारणले गर्दा उनीहरुलाई सम्वन्ध विच्छेद गर्न बाध्य तुल्याइएको पाइन्छ ।

त्यसैगरी जातजातिहरुको सम्वन्ध विच्छेद हुनुको मुख्य कारण श्रीमान विदेश गएका हरुको पाइयो । श्रीमान विदेशमा गई पैशा नेपालमा श्रीमतीलाई पठाउने र श्रीमती अरु

केटाहरुसँग हिड्ने गरेको पाइयो । त्यसैगरी जनजातिका श्रीमानले विदेशमा बस्दा विदेशकै केटीसँग विवाह गरी बालबच्चा जन्माएका कारण पनि यहाँको श्रीमतीले सम्वन्ध विच्छेद गरेको पाइयो । त्यसैगरी दलितको हकमा भने श्रीमानले जाँड रक्सी खाएर पैशा नजोगाउने, घरमा आएर श्रीमती तथा छोराछोरीलाई कुटपिट गर्ने, काममा गरेको पैशा सवै रक्सी खाएर सक्याउने जस्ता कारणले गर्दा श्रीमतीहरु बाध्य भएर सम्वन्ध विच्छेद गर्न बाध्य छन्

## ४.६ विवाह गर्न जोडी छनोटको प्रक्रिया

जोडि छनोट प्रक्रिया दुई प्रकारका हुन्छ, १) आफै छनोट गरि विवाह गर्ने, २) आफन्त तथा अभिभावकको छनोटमा गर्ने विवाह रहेको छ । यो प्रक्रियामा प्युठान जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनाहरू मध्येमा अभिभावकको छनोट प्रक्रियामा भन्दा आफै छनोट गरि विवाह गर्नेको प्रकार धेरै देखिन्छ, जुन तलको तालिकामा देख्न सकिन्छ ।

**तालिका नं. ४.५ जोडि छनोटको प्रक्रिया**

| **क.स** | **जोडी छनोटको प्रक्रिया** | **प्रभावित जोडी** | **प्रतिशत** |
|---|---|---|---|
| १ | अभिभावक / आफन्तहरुको सक्रियतामा | ९ | ४५ |
| २ | आफैले छनोट गरिएको | ११ | ५५ |
| **जम्मा** | | २० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७९*

प्युठान जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनामा आफै छनोट गरि विवाह गरेकाको संख्या बढि देखिन्छ । आजकाल आफैंले छनोट गरिएता पनि सम्बन्ध विच्छेद (५५ प्रतिशत) बढि देखिन्छ । आफै जोडी छनोट गरी विवाह गरेका जोडि भन्छन् आफुले छनोट गरे पनि उमेर पुगेपछि, परिपक्क भई विवाह के हो भन्ने वारेमा बुझेर आफ्नो पार्टनरको वारेमा अलि धेरै जानकारी भई विवाह गर्दा उचित हुने र अपरिपक्वको कारण, एकअर्काको कुरालाई नबुझी विवाद गर्दा पछुतोको कारण एक अर्काको राम्रोसगँ नबुझि विवाद गर्दा पछुताएको मानेको देखिन्छ र अभिभावकको सक्रियतामा भएका विवाहले सम्बन्ध विच्छेदमा उत्तिकै नै बढ्दै गएको देखिन्छ यस विवाहमा ४५ % ले सम्वन्ध विच्छेद गरेका दिन देखिन्छ । यो वाट प्रभावित जोडी भन्छन् अभिभावकद्वारा धार्मिक परम्पराअनुसार विवाह गरिदिएको भएपनि आफ्ना

अभिभावकहरु पनि नातेदार चिनजानका मानिसहरुको विश्वासमा परि विवाह अगाडि वास्तविक कुरा नबुझ्न सके पछि सम्बन्ध विच्छेद हुन पुगेको विचार व्यक्त गर्दछन् ।

यसरी दुवै किसिमबाट भएको विवाहमा सम्वन्ध विच्छेदको घटना विद्यमान रहेको पाइन्छ । हरेक किसिमका गुण र दोष दुवै रहेका पाइन्छन् । सम्बन्ध विच्छेदका घटना आफै स्वयंम घट्ने घटना भने अवश्य पनि होइन । यसका पछाडी विभिन्न कारणहरु रहेका हुन्छन् ।

**४.७ सम्बन्ध विच्छेदको जातिगत वैवाहिक स्थिति**

यहाँ जातिगत वैवाहिक स्थिति भन्नाले आफ्नो जात, धार्मिक मान्यता भित्र गरिएको विवाह र त्यो भन्दा बाहिर गएर गरिएको विवाहको स्थिती देखाउन खोजिएको हो ।

**तालिका नं ४.६ : सम्बन्ध विच्छेदकहरूको जातिगत वैवाहिक स्थिती**

| **क.स** | सम्बन्ध विच्छेदको जातिगत स्थिती | **प्रभावित जोडी सख्यां** | **प्रतिशत** |
|---|---|---|---|
| १ | सजातिय विवाद | १२ | ६० |
| २ | अन्तर जातिय विवाह | ८ | ४० |
| **जम्मा** | | २० | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण २०७९*

माथि दिइएको तालिका अनुसार संजातिय विवाह गर्ने ६०% जोडिको सम्बन्ध विच्छेद भएको देखिन्छ । सजातिय विवाह भएपनि अन्तर जातिय विवाद भन्दा बढि सम्वन्ध विच्छेद सजातिय विवाहमा धेरै देखिएको छ । सजातिय विवाद गरे पनि अपरिपक्वता, विवाह गर्नु पूर्व केहि समय एक अर्कालाई बुझे पनि विवाहपछि अपरिपक्कताको कारणले गर्दा कुनै कुराको तालमेल नभई सम्बन्ध विच्छेदको निर्णय पुग्ने छन् र घरायसि कारण लगायत विभिन्न कारणहरू रहेको कुरा प्रभावित जोडि बनाउँछ । त्यसैगरी अन्तरजातिय विवाहमा जात, धर्म, सांस्कृतिक, लगाई खवाई नमिल्ने भएको कारण दिनप्रतिदिन झगडा पर्ने हुदा सम्बन्धमा नकारात्मक असर परेर सम्बन्ध विच्छद भएको छ भन्ने बताउछन् । अन्तर जातिय विवाह गर्ने यस तालिकामा ८ वटा जोडीको सम्बन्ध विच्छेद भएको देखिन्छ ।

समग्रमा अध्ययन गर्दा विवाहको प्रकार अनुसार पनि फरक फरक कारण सम्वन्ध विच्छेदमा रहेको पाइयो । मानिसहरुले जुन प्रकारको विवाह गरेपनि एक आपसमा समझदारी, मेलमिलापको कमी भए, पारिवारिक वातावरण राम्रो नभए त्यस्तो परिवारक सम्बन्ध विच्छेदको घटना स्वतः घट्ने रहेछन् भन्ने कुरा अध्ययनले बताएको छ । यस अध्ययनले सामाजिक, सांस्कृतिक, पारिवारिक कुराहरुले धेरै प्रभाव पार्ने रहेछ भन्ने बुझिन्छ । अन्तरजातिय विवाहमा झन् बढि सम्वन्धविच्छेद भएको पाइन्छ । त्यसको मुख्य कारण मानिस सामाजिक प्राणि हो । समाजमा मान प्रतिष्ठा र इज्जत पाउन चाहन्छ । त्यो कुरा अन्तरजातिय विवाहबाट सम्भव छैन । सोही कारण सम्वन्ध विच्छेद गरी स्वजातिय विवाह गर्ने गरेको अध्ययनले देखाएको छ ।

### ४.८ माण्डवी र सरुमारानी गाउँपालिकामा संम्बन्धविच्छेदको विवरण

प्युठान जिल्लाको जिल्ला अदालतमा सम्बन्ध विच्छेद दिन प्रतिदिन बढ्दै गएका छन् । लुम्बिनि प्रदेशमा सम्बन्ध विच्छेद हुनेमा दोस्रो स्थानमा प्युठान रहेको छ । अदालतको रेकड अनुसार कानुनी प्रक्रियाबाट सम्वन्ध विच्छेद हुने गरेको छ तर थोरै यस्तो केश भेटियो जुन सम्बन्ध विच्छेद गर्ने भनेर दर्ता गर्न त आउछन तर सम्बन्ध विच्छेद गर्न अदालतमा नगई गाउँका मानिसहरु जम्मा गरि एक अर्कासँग अलग हुने गर्दछ । माण्डवी र सरुमारानी गाउँपालिकामा सम्बन्ध विच्छेद को विवरण लाई तालिका नं. ४ मा देखाइएको छ ।

**तालिका नं. ४.७ : माण्डवी र सरुमारानी गाँउपालिकाको सम्बन्ध विवरण (२०७९ साउन देखी २०८० वैशाख सम्मको विवरण)**

| क्र.स. | गाउँपालिका | जनसंख्या | जिल्ला अदालतमा दर्ता भएका | उद्देश्यमुलक सम्बन्ध विच्छेद भएको सख्यां | पुरुषले दर्ता गरेको सख्यां | महिलाले दर्ता गरेको सख्यां |
|---|---|---|---|---|---|---|
| १ | माण्डवी गा. पा. | १५,८६३ | ६ | ९ | ३ | ६ |
| २ | सरुमारानी गा. पा. | १९,७८३ | ९ | ११ | ५ | ६ |
| **जम्मा** | | **३५,६४६** | **१५** | **२०** | **८** | **१२** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७९*

न्यूनतम मुद्धाहरु न्यायपालिकाले निर्णय गरेको थियो र अधिकतम मुद्धाहरु अदालतबाट निर्णय प्रक्रिया चलिरहेको छ । सम्बन्ध विच्छेद गर्न कागजी रूपमा सम्बन्ध विच्छेद गर्दा पछि भविष्य मा कुनै बाधा अड्चन आउदैन यदि आएमा कानुनले वाधा अड्चन ल्याउनेलाई कानुनी रूपमा सजाय हुन्छ त्यसैले यतिकै समाजमा मात्र छोडपत्र गर्नु भन्दा अदालतमा कागजि रूपमा सम्बन्ध विच्छेद गर्दा राम्रो बताउछन् । यस गाउँपालीकामा घर भएका महिलाले सम्बन्ध विच्छेदको लागी मुद्वा दर्ता गरेको पाइन्छ । यहाँ महिलाले मुद्वा दर्ता गर्नुको प्रमुख कारण शोषण, झगडा, कुटपिट गरेर सम्बन्ध विच्छेद गर्न मजबुर गरेको बताउछन् । अधिकाशं महिलाले मुद्धा दायर गरे पनि यहाँ पुरुषहरुले पनि मुद्वाहरु दर्ता गरेका छन् । पुरुषले मुट्टा दर्ता गर्नुको प्रमुख कारण वैदेशिक यात्रामा गएको र घरमा श्रीमतीले घर समाल्नको लागी पैसा पठाउने तर श्रीमती अर्कोसँग लागेर पैसा उडाउने र श्रीमान आउँदा श्रीमती अर्को सँग भागेको र भविष्यमा कुनै बाधा अड्चन नआओस भनेर सम्बन्ध विच्छेद गरेको पाइन्छ ।

प्युठान जिल्लामा जम्मा भएको सम्बन्ध विच्छेदको मुद्धाहरु वि.सं. २०७९ साउन देखी २०८० वैशाख सम्म (१० महिना) मा १२५ वटा मुढाहरू दर्ता भएका छन् । त्यस मध्ये अध्ययन क्षेत्र माण्डवी गाउपालिका र सरुमारानी गाउँपालीकाको अध्ययनमा संम्बन्ध विच्छेद हुनेहरुको संख्या क्रमशः ९, ११ वटा रहेको छ । उद्देश्यमुंलक मुलकभित्र परेको  मुद्धाहरू जम्मा २० वटा रहेको छ । माण्डवी र सरुमारानी गाउँपालीकाको मुद्वा अदालतमा जम्मा दर्ता भएको १५ वटा रहेको छन् ।

### ४.९ सम्बन्ध विच्छेद गर्दाको उमेर

सम्बन्ध विच्छेद हुनुमा उमेर संरचनाले पनि प्रभाव पार्दछ । उमेरले सम्बन्ध विच्छेदमा के कस्तो प्रभाव पार्दछ र कुन उमेर समूहको गा.वि.स.ले बढि सम्बन्ध विच्छेद गर्दछन् भन्ने वारे तलको तथ्याङ्कमा देखाइएको छ ।

**तालिका नं. ४.८ : सम्बन्ध विच्छेदकर्ताहरूको सम्बन्ध विच्छेद गर्दाको उमेरको अवस्था**

| क्र. स. | उमेर समुह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | २५ वर्ष भन्दा कम उमेरमा | ६ | ५० | ४ | ५० | १० |
| २ | २५ देखि ३० सम्म उमेरमा | ४ | ३३.३३ | ३ | ३७.५ | ७ |
| ३ | ३१ देखि माथि उमेरमा | २ | १६.६७ | १ | १२.५ | ३ |
| **जम्मा** | | **१२** | **१००** | **८** | **१००** | **२०** |

***स्रोतः स्थलगत सर्वेक्षण, २०७९***

तालिका नं. ५ अनुसार २५ वर्ष मुनिका महिलाहरूको सम्बन्ध विच्छेद ५०% भएको देखिन्छ भने पुरुषहरुको ५०% भएको छ । त्यसैगरी २५-३० उमेरका महिलाहरूमा ३३.३३% र सोही समूहका र पुरुषहरूमा ३७.५% सम्बन्ध विच्छेदको घटना भएको देखिन्छ । यसै गरी ३१ वर्ष माथिको उमेर समुहको सम्बन्ध बिच्छेद दर पुरुषमा १२.५% र महिलामा १६.६७% रहेको देखिएको छ ।

यस विवरणवाट के बुझ्न सकिन्छ भने सानै उमेर वा विवाहको लागि उमेर नपुग्दै विवाद गर्नाले वयस्क अवस्थामा विभिन्न सामाजिक, सांस्कृतिक अवस्थाहरुलाई अनुसरण गर्न उनीहरूले चुनौतिको रुपमा लिने, परिवारका सदस्यहरू सँग मनोमानी पुर्ण व्यवहार गर्ने, अहिले आएर, विभिन्न कारण देखाएर टाढा टाढा हुन खोज्ने भन्ने कुराहरु अध्ययनको क्रममा पाइयो । यसरी हतारमा गरेको निर्णयले पछि समस्याको रूप देखिन एक आपसमा मिलेर बस्न नसक्ने अवस्था सिर्जना हुन थालेपछि सम्बन्ध विच्छेद गरेको घटना अध्ययनबाट देखाउँछ ।

### ४.१० विवाह प्रक्रियामा सम्बन्ध विच्छेदको स्थिती

विवाह विना सम्बन्ध विच्छेदको प्रक्रिया सम्भव छैन । विवाहको प्रक्रियाबार धेरै सम्बन्धहरू निर्माण हुन्छ तर त्यस्तो सम्बन्ध स्थिर हुँदैन किनभने धेरै कारणहरुले यसलाई नष्ट गर्न मदत गर्दछ । पहिलो विवाह नवविवाहित जीवनको स्थापनाको लागी प्रक्रिया बढी महत्वपूर्ण हुनु । जसलाई निम्न तालिकाबाट देख्न सकिन्छ ।

**तालिका नं. ४.९ : विवाद प्रक्रियामा सम्बन्ध विच्छेदको स्थिती**

| क. स. | विवाहको अवस्था | आवृत्ती | प्रतिशत |
|---|---|---|---|
| १ | प्रेम विवाह | १२ | ६० |
| २ | मागी विवाह | ८ | ४० |
| **जम्मा** | | **२०** | **१००** |

*स्रोत : क्षेत्र सर्वेक्षण, २०७९*

तालिका नं. ६ मा मागी विवाह भन्दा प्रेम विवाह गरेको मानिसहरुको सम्बन्ध विच्छेद भएको देखिन्छ । प्रेम विवाहमा यस क्षेत्र ६० % जोडीहरु र ४० % मागी विवाहित जोडीहरुको सम्बन्ध विच्छेद भएको देखाउँछ । सम्बन्ध विच्छेद दर बढ्नमा विवाहको अवस्थाले पनि प्रभाव पर्दछ । मागि विवाहको भन्दा प्रेम विवाह गरेका हरुको बढी सम्बन्ध विच्छेद भएको देखिन्छ र कम उमेरमा विवाहले पनि सम्बन्धमा असर पर्ने गर्दछ । आजकाल सामाजिक सञ्जालको रूपमा परिचित भएर उमेर नपुगी केटा केटिहरु एक अर्को देखीको नजिकीपनलाई मायाको अर्थ दिई विवाह गर्दछन् र केहि समय जीवन विताएपछि उनीहरु पति पत्नि विचको विवाद तनावपूर्ण जीवनले तनसाथ भई सम्बन्ध विच्छेदको प्रक्रियामा पुग्ने गरेको देखिन्छ । पहिले पहिले मागी विवाहमा परिवारको दबावमा विवाह गर्दा सम्बन्ध विच्छेद हुने सम्भावना बदि देखिन्थ्यो भने आज भोलिको अवस्था पहिलेको भन्दा विपरित देखिन्छ । प्रेम विवाहमा सम्वन्ध विच्छेद धेरै देखिको विपरित देखिन्छ ।

कुनै पनि महिला या पुरुषले परिवारको वा आफन्तको दवावमा आएर विवाह गर्दछन् भने शिक्षाको कारणले कोहि दवावमा आएर विवाह गर्दछन् भने शिक्षाको कारण बन्न सक्दछ । प्रेम बस्न चाहदैन र सम्बन्ध विच्छेदको कारक बन्न सक्दछ । प्रेम विवाहमा श्रीमान र श्रीमतीबीचको सांस्कृतिक सामाजिक र आर्थिक भिन्नता पनि सम्बन्ध विगार्ने कारक तत्वहरु र यस्तो सम्बन्ध दिगो हुन सक्दैन ।

### ४.११ सम्बन्ध विच्छेदकर्ताहरू बीच भएको झगडाको विषयको स्थिती

वैवाहिक जीवनमा थोरै धेरै उतार चढाव आउने त गर्दछ र त्यहि उतार चढावमा विभिन्न घरायसी वा वाह्य विषयहरू रहेका हुन्छन् । जुन विषय घटना पिच्छे फरक फरक हुन

सक्छन् । यसरी पारिवारिक विखण्डनमा हुने झगडाको विषयलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१० : सम्बन्ध विच्छेदकर्ताहरु बीच हुने विवादको विषय**

| क्र. स. | विषय | प्रभावित जोडि | प्रतिशत |
|---|---|---|---|
| १ | जाँड रक्सी तथा लागु औषधका कारण | ७ | ३५ |
| २ | दाइजोको कारण | ३ | १५ |
| ३ | यौन असन्तुष्टिको कारण | ३ | १५ |
| ४ | छोराछोरीको चाहना | ४ | २० |
| ५ | विवाह हुन अघि वास्तविकता लुकाएका कारण | ३ | १५ |
| **जम्मा** | | **२०** | **१००** |

***स्रोतः स्थलगत सर्वेक्षण, २०७९***

तालिका नं. ७ अनुसार सम्बन्ध विच्छेद हुनका लागी विबाद सृजना गर्ने विभिन्न विषय मध्ये जॉड रक्सीको कारण प्रमुख विषय बनेको पाइएको छ । जाँड रक्सीका कारण ७ जोडी प्रभावित अर्थात ३५ % प्रभावित भएको पाइएको छ । दाइजोको कारण १५ % जोडी प्रभावित, यौन असन्तुष्टिको कारण सम्बन्ध विच्छेद गर्ने १५ %, त्यसैगरी छोराछोरीको चाहना हुँदा सन्तान हुन नसकेको कारण २० % ले सम्बन्ध विच्छेद गरेका छन् र विवाह हुनु अघि वास्तविकता लुकाएका भन्दै १५ % ले सम्बन्ध विच्छेद गरेका हुन् ।

माथिको तथ्याङ्कलाई हेर्दा सम्बन्ध विच्छेद हाम्रो समाजमा दिन प्रतिदिन तिव्र रूपमा बढिरहेको छ । हाम्रो समाज अलि शिक्षित हुदै गएपनि सोच भने पितृसत्तात्मक शासनलाई छोड्न सकेको छैन । जॉडरक्सी खाएर श्रीमतीलाई कुटपिट, गालीगलौच, झैझगडा गर्ने नकारात्मक सोच अझै पनि हँट्न सकेको छैन । त्यस्तै दाइजोको कारणले घरमा कलेशको माहोल बनेको बताउँछन् । आधुनिक समाजका समयमा पितृसतात्मक सोच राख्ने हाम्रो समाजमा दाइजोको कारण सम्वन्ध विच्छेद्रमा पुग्नु भनेको अहिलेको समयमा लाजमर्दो तरिकाले

हेर्दा फरक नपर्ला । दाइजो कानुनी रुपमै प्रतिबन्ध गरिएको छ तर मानिसको सोच देखि समाज त्यहि पितृसतात्मक सोचमा डुबि रहेको छ ।

विवाह गरिसकेपछि महिला या पुरुषलाई यौन सन्तुष्टि भएन भने, महिला या पुरुष अरु सँग यौन सन्तुष्टिको लागी लाग्ने गर्दछन् त्यसैले घरमा तनावपूर्ण वातावरण सिर्जना हुन्छ र सम्वन्ध विच्छेद गर्ने गरेका छन् छोराछोरीको चाहना छ तर छोराछोरी हुन सकेको छैन । छोराछोरी नहुनुमा पत्नीमा कमि देखिन्छ कि पतिको कमि देखिन्छ । छोराछोरीको चाहाना हुँदा हुँदै भएन र हुन सक्छन भने घरमा त्यहि झैझगडा, समाजको लाल्छनले गर्दा सम्बन्धमा दुरिया आउने गर्दछ । विवाह एक पवित्र बन्धन हो त्यो पवित्र बन्धनलाई मजवुत राख्नको लागि विवाह पहिले नै सवै कुरा एक अर्कोमा भन्नु पर्दछ यदि पहिले नै सबै कुरा एक अर्कालाई थाहा भयो भने विवाह पछि सम्बन्धमा कुनै पनि असर पर्दैन तर विवाह अघि केहि कुरा भनु भनी विवाद नहुने हो कि भन्ने डरले कुरा लुकाउछन् र त्यो कुरा पछि थाहा पाउँदा सम्बन्धमा ठूलो असर पर्दछ र सम्बन्धमा दुरी आउने गर्दछ ।

### ४.१२ सम्बन्ध बिच्छेदकर्ताहरूको शैक्षिक स्थिति

मानव जिवनमा शिक्षा लिनु भनेका अनिवार्य जस्तै भएको छ । शिक्षा यस्तो शब्द हो जहाँ मानिसहरुलाई केहि कुरा बुझ्न सम्झिन र पढ्न सहजको लागि लिइन्छ । शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिको तालमेल फरक फरक हुन्छ । शिक्षित व्यक्तिको वोलाई खवाई, लगाईमा फरक आउँछ भने अशिक्षित व्यक्तिको बोलाई, खुवाई लगाईमा फरक पाइन्छ । शिक्षाले गर्दा, सम्वन्ध विच्छेदमा कति प्रभाव पारेको छ भन्ने कुरामा तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.११ : सम्बन्ध विच्छेदकहरुको शैक्षिक स्थिती वा विवरण**

| क्र.स. | विवरण | जम्मा संख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ३ | १ | २ | १५ |
| २ | दश कक्षासम्म | ९ | ४ | ५ | ४५ |
| ३ | +२ सम्म | ५ | २ | ३ | २५ |
| ४ | स्नातक सम्म | २ | १ | १ | १० |
| ५ | स्नातक भन्दा माथि | १ | - | १ | ५ |
| **जम्मा** | | २० | ८ | १२ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७९*

तालिका नं. ८ मा देखाइएका अनुसार नमुना छनोटमा परेका दम्पत्तिहरु मध्ये पुरुषको तुलनामा महिला निरक्षर संख्या धेरै देखिएकबो छ । पुरुषको निरक्षण संख्या जम्मा १ छ भने महिला संख्या २ रहेको छ । दश कक्षा सम्मको शिक्षा प्राप्त गर्नेमा पुरुषको संख्या ४ महिलाको संख्या ५ रहेको छ जुन अन्य तहको तुलनामा सबैभन्दा बढी ४५% रहेको छ । अधुरो र अपुरो शिक्षाले मानिसमा केहि नकारात्मक सन्देश पुयाउछ भन्ने कुरा यहाँ देखाउछ । त्यसैगरी +२ सम्ममा पुरुषको संख्या २, महिला संख्या ३ रहेको छ । स्नातक सम्ममा पुरुषको संख्या र महिलाको संख्या बराबर रहेको छ । पुरुषको संख्या र महिलाको संख्या २ रहेको स्नातक भन्दा माथि पढ़ने को संख्या अति कम रहेको छ । पुरूषको संख्या छैन र महिलाको संख्या १ देखियो ।

माथिको तथ्याङ्कले के जनाउँदछ भने अशिक्षित भन्दा थोरै पढेकाहरुको सम्बन्ध विच्छेदको दर तिव्र वृद्धी भएको पनि पाइयो । जति जति शिक्षाको स्तर बढ्दै जान्छ त्यति नै कम सम्बन्ध विच्छेद भएको देखिन्छ । निरक्षर मानिसहरुलाई मेरो सवै पति या पत्नि हो भनि अस्तो परिस्थितीमा पनि छोड़न सक्दैनन् र उच्च शिक्षा आर्जन गरेकाले शिक्षा लिदै गर्दाको क्रममा उमेर सगँसगैं शिक्षाले गर्दा यस्तो गर्दा ठिक र बेठिक भन्ने कुरालाई लिएर निर्णय गर्दछ र  कम सम्बन्ध विच्छेद भएको देखीन्छ । बढि सम्बन्ध विच्छेद हुने भनेको नपदेको पनि होइन उच्च शिक्षा पनि हासिल पाएको होइन भन्छन अपुरो र अधुरो शिक्षा खतरा हुन्छ भन्ने यस विवरण बाट देख्न सकिन्छ ।

### ४.१३ सम्बन्ध विच्छेदकर्ताहरुको पेशागत स्थिति

पेशा यस्तो प्रक्रिया हो जसले मानिसको जिवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । पेशाले पनि वैवाहिक जीवनलाई प्रभावित पार्दछ । कुनै पनि पेशाले मानिएको आवश्यकता परिपूर्ति गर्न मद्दत पुऱ्याउछ । पेशाको कारणले आर्थिक स्थिती मात्र सुध्रिने नभए सामाजिक रूपमा प्रभावित पार्दछ । परिवारका दम्पत्तिहरू विभिन्न पेशाका कारणले गर्दा यहि आशाले गर्दा सम्वन्ध विच्छेद भएको देखिन्छ । शोधपत्र भित्र हरेक दाम्पतीहरुको पेशागत विवरणलाई तालिका नं. ९ मा देखाइएको छ ।

**तालिका नं. ४.१२ सम्बन्ध विच्छेदकर्ताहरुको पेशागत स्थिती**

| क.स. | विवरण | जोडी सख्यां | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी सेवा | ३ | १५ |
| २ | प्राइभेट क्षेत्र तर्फ | ५ | २५ |
| ३ | ज्यालादारी | ६ | ३० |
| ४ | व्यापार व्यवसायमा | २ | १० |
| ५ | वैदेशिक रोजगारी | ४ | २० |
| **जम्मा** | | **२०** | **१००** |

***स्रोत : स्थलगत सर्वेक्षण, २०७९***

तालिका नं. ९ अनुसार सम्बन्ध विच्छेद गरेकाहरु मध्ये सरकारी सेवामा १५ %, त्यसै गरी प्राइभेट क्षेत्र तर्फ २५ %, ज्यालादारी गर्नेहरुमा जोडी संख्या ६ र प्रतिशत ३० % सबैभन्दा धेरै सम्बन्ध विच्छेद हुनेहरूमा ज्यालादारीमा देखिन्छ । व्यवसायको जोडी संख्या सबभन्दा कम संख्या २ जोडी १० % रहेको छ । वैदेशिक रोजगारिमा गएका हरुको जोडि २० % ले सम्बन्ध बिच्छेद गरेको पाइन्छ ।

सरकारी रोजगारी भएकाहरुको सम्बन्ध विच्छेद किन हुन्छ भने सरकारी जागिरमा कहिले कहाँ कहिले कता सरुवा हुन्छ थाहा हुदैन र संग संगै लान सक्ने स्थिती हँदैन र श्रीमान श्रिमतिको दूरीले गर्दा सबैको लागि दूरी बन्न पुग्दछ । प्राइभेट जागिरहरुको लागि पनि तलव कम काम धेरै गर्ने र दूरी बढ्ने गर्दछ एक अर्कालाई समय दिन सक्दैनन् र दूरी यहाँ सबै जसो जागिरहरू टाढा रहनाले र समय दिन  नसक्नेको कारणले सम्बन्धमा नकारात्मक असर पर्दछ र पति पत्निसगँ टाढा टाढा भएपछि कोहि मानिससँगको नजिकपनले पति पत्निको मायामा दुरी आउँछ र अरुकोही सगँ कुरा गर्दा नजिकपन पाउछन र नजिक भएको मान्छेसँग बिहे गर्ने इच्छा गर्दछन । सम्बन्धमा पति पत्निमा दुरी आई सम्वन्ध बिच्छेद हुन्छ । रोजगारीको सिलसिलामा महिलाहरु हाकिमको करकापमा परेर सम्वन्ध राख्नु र पछि नकारात्मक असर परी बाध्य भएर सम्वन्ध विच्छेद गर्नु पर्ने हुन्छ । त्यस्तै ज्यालादारी गर्ने महिलाहरु हाकिमको लोभमा फस्नु, श्रीमान विदेशमा गएका बखत अरु परपुरुषसँग अनैतिक सम्वन्ध राख्नु, विदेशमा श्रीमानले अर्कै विवाह गर्नु आदि  कारण पेशाका कारण बन्न गएको पान्इछ ।

### ४.१४ सम्बन्ध विच्छेद भएका दम्पती बालबालिकाको विवरण

आमाबावुको सम्बन्ध विच्छेद पछि छोराछोरीहरू सबैभन्दा बढी पिडित हुन्छन् । राम्रो भविष्यको लागि वालवालिकालाई राम्रो समाजको महत्वपूर्ण भूमिका रहन्छ । जहाँ वालवालिका आफ्ना आमाबुवासंग रहदैनन, उनीहरूले आफ्नो दैनिक जीवनमा धेरै समस्याहरु सामना गर्दछ र हाम्रो समाज पितृसत्तात्मक छ त्यसैले अझै पनि धेरै ठाउँमा आमाको भन्दा पहिले बाबुको नाम अगाडि आउँछ तर अहिले कानुनी ऐन परिवर्तन भएको छ र बच्चाले आमाको नामबाट पनि नागरिकता लिन सक्ने व्यवस्था गरेको छ । छोराछोरीको भविष्यका लागी बावु र आमा दुवैको आवश्यकता छ तर सम्बन्ध विच्छेदमा यो सम्भव नै हुदैन । यसले बालबालिकाको तर्फवाट निराशा र अपमानित पनि निम्त्याउन सक्छ । त्यसैले सम्बन्ध विच्छेद भएका छोराछोरीहरु प्रायजसो लागु औषधि सेवन गर्ने र अपराधमा सम्लग्न हुने गरेका पाइन्छ । सम्बन्ध विच्छेद भएपछि छोराछोरी कस्को को सगँ जान्छन् भन्ने कुरा तालिका नं. ५.४ मा देखाएको छ ।

**तालिका नं. ४.१३ सम्बन्ध विच्छेद पछि राखिएको बालबालिकाको संख्या**

| मुद्दा नं. | छोरा | छोरी | कस्ले राख्यो ? |
|---|---|---|---|
| १५ | – | – | नभएको |
| १९ | | २ | आमा |
| २७ | | १ | आमा |
| ३३ | – | – | नभएको |
| ५० | १ | | बुवा |
| ५९ | १ | | आमा |
| ७१ | | १ | आमा |
| ७५ | १ | १ | आमा |
| ९२ | १ | | आमा |
| १०१ | | २ | आमा |
| १०७ | – | – | नभएको |
| ११३ | १ | १ | आमा बुवा |
| ११६ | | १ | आमा |
| १२० | १ | | आमा |
| १२१ | १ | १ | बुवा |
| जम्मा | ७ | १० | |

***स्रोत : स्तरीय सर्वेक्षण, २०७९***

यस तालिकाले सम्वन्ध विच्छेद भएको दम्पत्तिको सन्तानको संख्या ७ जना छोरा र १० जना छोरी रहेको देखाएको छ । यहाँ १३ जना बालवालिकालाई आमाले, ४ सन्तानलाई बावुले राखेका छन् । आमाले राखेको बच्चाहरुको संख्या बावुले राखेको सख्यांको संख्याभन्दा दोब्वर देखिन्छ । सम्बन्ध विच्छेद भएपछि, धेरै जसो बच्चाहरुलाई आमाले नै राखिएको पाइन्छ । कानूनी रुपमा पनि दूध खाने बालबालिकालाई आमा संग नै राख्ने व्यवस्था गरेको छ । छोरा छोरी सानो भएकाले वा छोराछोरीको छनोट भएकाले आमासँग बस्छन, बावुलाई सन्तान प्रति चासो हुँदैन । छोराछारीहरुलाई बावुले राखेका कारणहरु जस्तै बच्चाले बुबासँग बस्न रोज्यो, बाबुहरुले छोराछोरीहरुलाई आमासंग जान दिएनन् र आमाले बच्चाहरुको हेरचाह गरेन र टाढा गइन ।

असुरक्षाको भावनाका कारण सम्बन्ध विच्छेदपछि आमा बाबुहरुले आफ्नो सन्तानलाई बाबु आमालाई भेट्न प्रतिबन्ध लगाएका हुन् । बालवालिकाको भविष्य अझै अनिश्चित छ । उनीहरु एकतर्फी, एक्लोपन आदि महसूस गर्दछन् । यदि हामीले अन्य बच्चाहरुको तुलनामा ती सम्बन्ध विच्छेद भएका बालबालिकाहरुले व्यवहारमा भिन्नता धेरै पाउन सकिन्छ ।

## ४.१५ सम्बन्ध विच्छेदकर्ताहरूको वैयक्तिक अध्ययन

### वैयक्तिक अध्ययन - १

प्युठान जिल्ला माण्डवी गाउँपालिका वडा नं. १ मा बस्ने वर्ष ३६ का मानवहादुर के. सी हुन् । उनका घरमा ८ जनाको परिवार छन् । उनको पहिलो विवाह २०७६ सालमा भएको हो । उनले प्रेम विवाह गरेका हुन् । उनी भन्छन् हामी एक अर्कालाई करिव दुई बर्ष देखि चितजान र प्रेमसम्बन्ध अघि बढिरहेको थियौं । २०७६ सालमा विवाह बन्धनमा बाधिएको हो । दुई वर्षमा मेरी श्रीमतीलाई घरमा बस्दा कहिल्यै पनि सन्चो नहुने, घरबस्दा चरिफाय, बेहोस हुने अस्पताल लग्दा कुनै रोग नदेखाउने माइत बस्दाभने सन्चो हुने प्रक्रिया चलि नै रहेको थियो । श्रीमती घर बस्न चाहदा चाहदै पनि श्रीमतिलाई सन्चो नै नहुने भएपछि हामी श्रीमान श्रीमति विच झगडा भनाभन् हुन थाल्यो । मलाई श्रीमतिले नाटक गरेको जस्तो लाग्थ्यो । मैले नाना थरी भन्ने गर्दथ्यो र पछि ऊ घर आउँदा र त्यसको हालत हेर्दा यस्तो पनि कसैले नाटक गर्न सक्छन् भन्ने लाग्थ्यो । सुन्दा कसैले पनि विश्वास गर्न सक्दैन यस्तो पनि हुन्छ र नाटक

गरेकी हो भनी समाजले लाल्छन लगाउन थाल्यो । नलगावस पनि कसरी अहिले सम्म नसुनेको कुरा अझ झन् समाजले के पत्याउथ्यों सुन्दा अनौठो थियो तर देख्दा हेर्दा भयङ्कर दृश्य थियो । त्यो घटना देख्नेलाई मात्र थाहा हुन्छ । जुनसुकै अस्पताल धामिझाक्रीमा लैजाँदा पनि ठिक नभए पछि मेरी श्रीमतीले मलाई अर्को विवाह गर्नको लागि कुरा चलाउन लागिन तर मैले गर्दिन तिमीलाई सन्चो गराउछु भनि जिद्दी गरेर बसेको भएपनि केहि गर्दा पनि ठिक भएनन् । मलाई विदेश जानु पर्ने भएकोले श्रीमतीलाई सँगै भन नसक्ने र श्रीमती पनि घर बस्न नमिल्ने भएकोले श्रीमतीले परिवारको सुझाव अनुसार दोस्रो विवाद गर्ने निर्णय लिन पुगे र श्रीमतीसगँ सहमतिमा सम्बन्ध विच्छंद गर्नका लागी जिल्ला अदालतमा गई सम्बन्ध बिच्छेद प्रोसेश गरे पछि मेरी श्रीमतीले सम्पत्ती केहि पनि चाइदैन भनिन र सम्बन्ध विच्छेद भयो । सम्बन्ध विच्छेद भएपनि मेरो लागि भनेर दोस्रो श्रीमति पनि उनीले नै छान्दिइन र दोस्रो विवाह गरे । हिजो त्यहि श्रिमतीलाई नाटक गरिस भनेर गाली गर्ने गरे तर यति समझदार श्रीमतीलाई गुमाउँदा मरे तुल्य भएको छु । पछुतो लागेको छ पहिलो श्रीमती गुमाउँदा र दोस्रो श्रीमतीकों बारेमा बुझ्नै नपाई विदेश जानको लागि मिति आइसक्यो मलाई पाप लाग्छ होला यति माया गर्ने श्रिमतीलाई छोडेर अर्को दोस्रो विवाह गरेको छु । अनि कहिले सोच्छु हाम्रो हातमा केहि पनि हुदैन रहेछ ।

मेरी जेठी श्रीमती एक समझदार, बुझालु किसिमकी थिइन । आफ्नो पति घरपरिवारमा मेरो कारणले कसैलाई तनाव नहोस भन्ने बुझेर मलाई दोस्रो श्रीमती ल्याउन सुझाव दिएकी थिइन् । यसरी घरपरिवारमा तनावको वातावरण हुन्छ भन्ने बुझेर नै सम्वन्ध विच्छेद गरी आ आफ्नो बाटो लाग्दा उचित देखियो ।

## वैयक्तिक अध्ययन - २

अम्बिका घर्ती मगर प्युठान जिल्ला माण्डवी गाउपालिका वडा नं. ४ की स्थायी बासिन्दा हुन् । कक्षा ८ मा पढ्दा पढ्दै माओवादीमा लगेका थिए र त्यहि माओवादीमा नै विवाह भयो । विवाह हुदाँ पहिले पहिले सानै थिए खुसी पनि थिए । म र मेरो पति पनि खुसी थिइम समय वित्दै गयो उमेर बढ्दै गयो अनि थाहा हुदै गयो । विवाहको मतलव बुझ्न् थालियो । मेरो पतिसगँ खुसि थिए र बेला बेलामा झगडा भइ नै राख्यो र त्यहि क्रममा पहिलो

सन्तानमा छोरो भएको थियो । दुबैको खुसीको ठेगाना थिएन । पहिलो सन्तान भएपछि मेरो श्रीमानले बाबु १ बर्षको हुदा बाट पिट्न सुरु गऱ्यो र जाँडरक्सी खादै आउँदै पिट्न थाल्यो माइति नजिक भएको कारण श्रीमानले पिट्दा माइत जान्थे र अबबाट गर्दैन भनी घर गए पछि १-२ हप्ता केहि नगर्ने फेरी पिट्न थाल्थ्यो सहेर बसे विहे गरेको ५ वर्षमा फेरी अर्को सन्तान छोरा नै जन्मियो । श्रीमानले पिट्ने म भाग्दै माइत कहिले काहाँ कहिले कहाँ जान्थ्ये । यो शिलशिला १० वर्ष सम्म चलिरह्यो । धेरै सहे पछि सुधार आउँछ कि भनि धेरै सहेर बसे सहनै नसक्ने अवस्थामा पुगेको छ र मैले सम्बन्ध विच्छेद गर्ने निर्णय गरेको थिए । सम्बन्ध बिच्छेद गर्ने भन्दा पनि नमानि दिए पछि झन बढी समस्या हुन थाल्यो । दिन दिनै तनावपूर्ण जिवन बिताउनु परिरहेको थियो । छोराहरुलाई पनि मानसिक तनावले उल्जिरहेको थिए । श्रीमानले छोडपत्र गर्न नमानेपछि म मात्र जिल्ला अदालत पुगे र वकिलसँग भेटेर सबै समस्या बताएपछि वकिलले सम्बन्ध विच्छेदको दर्ता गरेर जानुस् हामी एउटा जानकारी पत्र पठाउछन् पठाएको ४५ दिन भित्र केहि चासो आयो भने सम्बन्ध विच्छेद गर्दैन भने सम्बन्ध विच्छेद हुदैन । यदि ४५ दिनमा केही चासो आएन भने एकोहोरो तपाइले मात्र सम्बन्ध विच्छेदको प्रक्रिया अगाडी बढ्नेछ । त्यहाँ देखी करिव १वर्ष देखी हामी छुट्टै बसिरहेको थियौ  म माइत थिए भने श्रीमान घरमा श्रीमान अदालत नगएपछि सम्बन्ध विच्छेद भयो केहि समय समस्याहरू आए तर गाउँको दाजुभाई जम्मा भएर सबैले मेरो पहिलो श्रिमान लाई सम्झाएपछि आएनन् र म एकोहोरो भएको थिए छोराहरुलाई पढाउनको लागी पैसा थिएन र केहि समयको लागि इंडिया गएर कमाए त्यहि कमाउने क्रममा एउटा मान्छेसँग चिनजान भयो राम्रो व्यवहार भएकाले १ वर्षको चिनजानले दोस्रो श्रीमानसगँ विवाह भयो । छोराहरुलाई पनि उतै लगि पढाउने गरे र इंडियामा धेरै कमाई नभए पछि माइत तिरको देशमा कोठामा बसिरहेको छु । अब केहि समयमा विदेश जाने प्रक्रिया मा छु । छोराहरु यहि बसि पढ्छन् ।

हाल आएर मेरो कान्छो श्रीमानसँगको पारिवारिक गठवन्धन राम्रो चलेको छ । यसरी परिवारमा सधै तनावपूर्ण वातावरणमा बस्नु भन्दा सम्बन्ध विच्छेद गरी आ आफ्नो पेशा गर्दै स्वतन्त्र जीवन विताउन मेरो विचारमा राम्रो होला जस्तो लाग्छ ।

## वैयक्तिक अध्ययन -३

प्युठान जिल्लाको सरुमारानी गाउँपालिका वडा नं. २ का रविन्द्र खत्रीको मागी विवाह भएको थियो । उक्त विवाह दुवैको सहमतीमा भएको थियो । विवाद पछि २ वर्ष सम्म हाम्रो सम्बन्ध ठिक थियो । २ वर्ष पछि हाम्रो सम्बन्धमा खटास बढ्न थाल्यो । सन्तान नभएको र यौन सन्तुष्टि नभएको भन्दै झगडा हुन्थ्यो । यौन सम्पर्क गर्दा गर्दै म थाकि हाल्थ्ये मलाई पनि लाग्थ्यो यौन सन्तुष्टि दिन सकेको छैन । मेरो श्रीमतीलाई बच्चा चाहिएको थियो तर म बाट बच्चा पनि हुन सक्दैन भन्ने पनि थाहा थियो किन की म र मेरो श्रिमति अस्पतालमा किन सन्तान भएन भनेर जाँचगर्न पनि गएको थियौ । सन्तान नजन्माउन नसक्नुको कारण वीर्यमा शुक्राणुको संख्या वा गतिमा कमी हुनाले सन्तान हुन सकेको छैन । डाक्टरले भने पछि मलाई छोडी माईत गई बस्न थालिन । श्रीमान श्रीमति विच अनवन त भईहाल्छ भनी म मेरो श्रीमतीलाई लिन जादा उनी आउन मानिनन् । मैले भने बच्चा नै चाहिएको हो भने अहिले बच्चा गर्ने धेरै थरिबाट बच्चा हुन सक्छ अस्पताल गएर बुझम्ला भन्दा मलाई जान्न भनीन र किन के कारणले नजाने कारण सोध्दा उनी भनीन मलाई यौन सन्तुष्टि हुदैन मलाई छोडपत्र चाहियो म बस्न सक्दैन भनिन र म फर्कने क्रममा माइतीले सम्झाएर पठाउनु भयो तर घर आए पछि दिन दिनै झगडा परिवारको सदस्यहरुलाई पनि गाली गर्ने हुन थाल्यो । मेरो परिवारको सदस्यहरूलाई गाली गर्दा मैले हात उठाएपछि श्रीमतीले कुटपिटको लाल्छन लगाउदै म बस्न सक्दैन मलाई सधै कुटपिट गर्छ भन्ने कुरा माइत गई भने पछि माइतीले मलाई केश लगाई जेल हाले । २४ घण्टा पछि म छुटेपछि मलाई पनि ऊसगँ बस्न थिएन । म भन्दा पहिले उसले नै सम्बन्ध विच्छेदको लागी अदालतमा दर्ता गरी सकेकी रहेछ तर जिल्ला अदालतमा कुटपिट गर्‍यो भनेर दर्ता भएको रहेछ अदालत गएर यो झुटो हो मैले कुटपिट गरेको होइन । मेरो परिवारलाई नानाथरी भने पछि एक पटक पिटेको हो भने पनि अदालतमा त्यहिनै दर्ता भो म जेल गएको कागज तिनीहरुसगँ थियो । त्यसैले मेरो कुरा कसैले सुनेन । सम्बन्ध विच्छेद गर्दा श्रीमतीलाई मेरो हिस्साको आधा हिस्सा सम्पत्ती उसको नाममा भयो र सम्बन्ध विच्छेद पनि भयो । सम्बन्ध विच्छेद अहिले फेशनको जस्तो भएको छ । दिनकै झगडा भन्दा मानसिक तनावपूर्ण जिउनु भन्दा एक्लै काम गर्‍यो खायो स्वतन्त्रता भएको मुहसस नै आनन्द हुदो रहेछ । अर्को विवाह नगर्ने निर्णय गरेको छु ।

## वैयक्तिक अध्ययन -४

सरुमारानी गाँउपालीका वडा नं. १ प्युठान जिल्लाका स्थायी बासिन्दा राम अधिकारीको अन्तरजातिय प्रेम विवाह भएको हो । हामी खुसी साथ बसिरहेको थियौ । विवाह पश्चातमा ८/९ वर्ष मा दुई छोरा र छोरी भएको थियो । मेरो श्रीमतीको थर घर्ती मगर थियो । अन्तरजातीय विवाह भएकोले घरमा परिवारले हामीलाई भित्राएनन् र हामिलाई छुट्टै एउटा कोठा मात्र दिनु भयो । आमा बाबाले हामिले छोएको खान मान्नु हुदैनथ्यो । म कोठामा हुदा मेरी श्रीमतीलाई कसैले केहि भन्ने आट गर्ने थिएनन् । म अफिस जादाँ मेरो श्रीमतीलाई अनेक गाली, अपहेलना गर्ने रहेछन् तर पनि यस्तो कुरा एक कानले सुन्ने र एक कानले उठाउनु पर्छ भनेर सम्झाउथे र बच्चा जन्मे पछि ठिक हुन्छ भनेर हौसला दिन्छ बच्चा जन्मेको ७-८ वर्ष हुदाँ पनि मेरो परिवारले हामिलाई स्विकार्न सकेन । बच्चाहरु हजुरआमा हजुरवावा भन्दै जादाँ त यहाँ नआइज भनेर हप्काउने र केहि कुरा छोयो भने पिट्ने गर्ने गर्नुहुथ्यो । आमा बुवालाई केही भन्यो कि रुनुहन्थ्यो बच्चाबच्चीलाई के भन्नु सानै थिए । सबै रिस श्रिमतीलाई पोखिन्थ्यो । अफिस गयो अपिस को तनाव घरमा पनि तनाबै तनाव हुने गर्थ्यो । छोराछोरी श्रीमतीलाई अन्त लगिर जाने विचार पनि गरेको थिए तर घरको एक्लो छोरो आमा बालाई एक्लै छोड्न पनि नसक्ने ।

एकदिन आमा र श्रीमती विच ठूलो झगडा भएछ । त्यो झगडाले गर्दा श्रीमती छोरा छोरीलाई लिएर माइत गइदिन अफिसवाट आउदा श्रीमती छोरा छोरी घरमा छैनन । आमा राइरहेकी थिइन आमालाई सोध्दा तेरो स्वास्नीले नानाथरी भनी भन्दा मैले तपाईंको बानी मलाई थाहा छैन र तपाइले केही नभनेको भए ऊ केही वोल्दैन भनी भन्दिए र म श्रीमती लिन गए । जादाँ श्रीमती मलाई देखेर रुन थालिन र भन्न थालिन म त्यो घरमा बस्न सक्दैन दिनकै आरोप, दिनकै केहि न केहि सुनाई राख्नु हुन्छ मेरो बच्चा बच्चीलाई पिट्नु हुन्छ भनेपछि मैले छटटै राख्ने निर्णय गरे । श्रीमति र म सहमत भइसकेका थियौ तर घरमा यहि कुरा गर्दा बा आमाले त्यसलाई छाड्ने भए छाड नत्र हामी मर्दिन्छन् भन्ने कुरा गर्नु भयो त्यो कुरालाई मैले नमानि छोरा छोरी र श्रीमतीलाई अलग राखेर म पनि धेरै श्रीमतीसँगँ वस्त थाले पछि आमा बाबाले आत्महत्या गर्ने कोशिस गर्नु भो समाजले पनि आमाबाबालाई बचाउन श्रीमतीसगँ सम्बन्ध विच्छेद गर्नुपर्ने निर्णय गरे र श्रीमतीले पनि सम्बन्ध विच्छेद गर्ने निर्णय गरिन ।

नचाहादा नचाहँदै पनि हामि विच सम्बन्ध विच्छेद भयो । छोरा छोरीको खर्च मैले दिने हिसावले सम्बन्ध विच्छेद भयो । दोस्रो विवाह गर्ने भनेर घरपरिवारले फोर्स गरिरहेको छन तर मलाई गर्न मन छैन, हेरम के हुन्छ अबको दिनमा ।

सम्बन्ध विच्छेद आफुले नचाहे पनि हुदा रहेछ कहिले मजवुरीमा हुदो रहेछ तर सम्बन्ध विच्छेद गरेपछि स्वतन्त्र भइन्छ भन्ने कुरा गलत हो । जहाँ आफुले चाहेको जिवन साथी गुमाउँदा स्वतन्त्र होइन संसार नै अध्यारो हुन पुग्दो रहेछ भन्ने अनुभव भएको बताउँछन् ।

# अध्याय पाँच

# सम्बन्ध विच्छेदका मुख्य कारणहरूको विश्लेषण

## ५.१ सम्बन्ध विच्छेदका मुख्य कारणहरूको विश्लेषण

सम्वन्ध विच्छेद हाम्रो समाजमा दिन प्रतिदिन बढ्दो क्रममा अगाडी गइरहेको विभिन्न सूचना, पत्रपत्रिका, सञ्चार माध्यम बाट देख्न र सुन्न सकिन्छ । नेपालमा वि स २०७९ सालमा अन्तिम वित्तिय सालमा मात्रै ३५००० डिभोर्स केशहरू रजिष्टेशन भएको देखाएको छ । नेपालमा तिव्र सम्वन्ध विच्छेदले समाज परिवार, धार्मिक सांस्कृतिक क्षेत्रमा नकारात्मक परिरहको छ । नेपालमा विदेशी संस्कृति, रितीरिवाज, चालचलन लगाइखवाई विभिन्न माध्यमले नेपालीहरु विदेशिको नक्कल गरी नेपाली परम्परा, मूल्यमान्यताहरूलाई विर्सदै गएको देखिन्छ र सम्बन्ध विच्छेद पनि एक हो । नेपालमा पहिले १५-२० बर्ष अघि सम्वन्ध विच्छेदको प्रभाव कम मात्रामा देख्न र सुन्न पाइथ्यो तर अहिले गाउँघरमा संम्वन्ध विच्छेदको विगविगी बढ्दै गएको छ । बढ्दो सम्बन्ध विच्छेदले गर्दा विवाह माथि प्रश्न उठ्न थालेको देखिन्छ ।

समाजमा बढ्दै गइरहेको सम्बन्ध विच्छेदको घटनाले समाजशास्त्रीहरुलाई पनि ध्यानआकर्षण गरेको छ । समाजशास्त्रीहरुलाई यस विषयमा चिन्तन मनन गर्न बाध्य तुल्याएको देखिन्छ । हाम्रो समाजमा स्थापित भइसकेको विवाहजस्तो संस्थाको अन्त हुन थालेको हो ? वा विवाह अस्तो पवित्र एवम् सामाजिक संस्था माथि नै विखण्डन आउन थालेको हो ? वा अरु के कारण हुन सक्छन ? इत्यादि चासोका विषयवस्तुहरुलाई यस अध्यायमा समेट्न खोजिएको छ । सम्बन्ध विच्छेदको लागी एउटा मात्र मुख्य कारण हुदैन, सवै घटनामा प्राय दुइवटा कारण र अन्य साना तिना कारणहरुले पनि प्रभाव पारेको देखिन्छ । यहाँ नमुना छनौटमा परेका उत्तरदाताहरुले बताए अनुसारको आफुले देखेको र सम्बन्धित व्यक्तिलाई सोधपुछ गरेर प्राप्त भएको तथ्यहरुको आधारमा सम्बन्ध विच्छेदका कारणहरुलाई देखाएको छ । सम्बन्ध विच्छेद गर्ने विभिन्न कारणहरु जस्तै जाँडरक्सी सेवन, सधै कुटपिट झै झगडा शंका गर्ने, आर्थिक रूपमा आईपरेको समस्याको समाधान गर्न विदेशिनु पर्ने, सानै उमेरमा विवाह गर्ने आदि सम्बन्ध विच्छेद भएका दम्पत्तीहरुले अध्ययनको क्रममा व्यक्त गरेका छन् । सम्बन्ध विच्छेदका कारणहरु एउटा मात्र हुदैन विभिन्न कारणले गर्दा सम्बन्ध विच्छेद हुन्छन् । उद्देश्यमुलक अध्ययन क्षेत्रमा

के के कारणहरुले सम्बन्ध विच्छेद भएको छ भन्ने बारे तलको तालिकामा बुँदागत रुपमा व्यक्त गरिएको छ ।

**तालिका नं. ५.१ : सम्बन्ध विच्छेदका कारणहरु**

| **क.स.** | **सम्बन्ध विच्छेदका कारणहरु** | **संख्या** |
|---|---|---|
| १ | सामाजिक दुर्व्यवहार | ६ |
| २ | बालबच्चा नभएकाले | ३ |
| ३ | अव्यावहारिक (महिला पुरुष दुवै | ७ |
| ४ | आर्थिक अवस्था वा गरिवी | ५ |
| ५ | सानै उमेरमा विवाह | ८ |
| ६ | धोखाधडी | ३ |
| ७ | मनमुटाव बढेको | २ |
| ८ | अन्तरजातिय विवाह | ३ |
| ९ | एक्लोपन | २ |
| १० | दाइजो | २ |
| ११ | दोस्रो विवाह | ४ |
| १२ | उमेरमा फरक | ३ |
| १३ | यौन असन्तुष्टि | १ |

***स्रोतः स्थलगत सर्वेक्षण २०७९***

विवाह एक पुरुष र महिला बिचको पवित्र बन्धन हो । विवाह पछि महिलाहरु पुरुषको घरमा जानै पर्ने एक परापुरक कालदेखी चलि आएको परम्परा हो । महिलाले आफ्नो श्रीमानलाई मात्र नभई पुरै पतिको परिवारलाइ नै अङ्गाल्न पर्ने हुन्छ । त्यो परिवारमा घुलमिल भई पुरै परिवारलाई समाल्दै आएकी हुन्छ तर परिवारमा ती महिलालाई अनेक आरोप हरु खेप्नु परिरहेको हुन्छ तर पनि परिवार मानि अगाडि लागि रहेकी छन् भनी बताउछन् । सासु नन्द, आमाजुहरुले श्रीमानसंग अनेक कुरा लगाई झगडाको बाटो बनाइदिन्छन् र कोही आफन्त पर्ने दाजु भाई, सगै सके पढेका साथी कुरा गर्दा तेरी श्रीमतीको अरु नै केटा बनाएकी छ । आफ्नो

इज्जतको ख्याल नराख्ने भनी सासु बन्दले बढी शंका गरी भए नभएको कुरा लगाउने स्थितीले सम्बन्ध विच्छेद गर्ने महिलाहरू त्यस परिवारमा बस्न नसकेको बताउँछन् । यस विषयमा परिवारले भन्छन् परिवारलाई ध्यान नदिई मोबाइल मात्र हेर्ने, आफुले भनेको भएन भने ३-४ दिन सम्म नवोल्ने, पतिसंग जहिले झगडा गर्ने आदि परिवारका अन्य सदस्यहरु बताउछन् । विभिन्न कारणले गर्दा सम्बन्धमा नकारात्मक असर परेर श्रीमान श्रीमती छुटिनु पर्ने हुन्छ ती कारणहरुलाई बुढाँगत रूपमा व्याख्या गरिएको छ ।

सम्बन्ध विच्छेदको मुख्य कारणहरु मध्ये दुर्व्यवहार पनि प्रमुख कारण रहेको छ । नेपाल पुरुष प्रधान समाज हो । यहाँ पुरुषले महिला जतिनै सक्षम भएपनि महिलालाई हेप्ने, होच्याउने, गाली गौच गर्ने जस्ता प्रवृत्तिले गर्दा सक्षम र शिक्षित महिलाहरुले त्यो सहन नसकि सम्बन्ध विच्छेद गर्ने गरेको अध्ययनले बताएको छ । पत्नी माथि घरेलु हिंसा गर्ने पनि मुख्य कारण हुन आउँछ । समाजमा ठूलाबडाको तथा शिक्षित परिवार तथा उच्च ओहोदामा रहेका कर्मचारीको घरमा नै महिला हिंसा बढी रहेको पाइयो । माथिको तालिकाअनुसार २० जनामा ६ जनाले सामाजिक दुर्व्यवहार भएको वताउँछन् ।

सम्बन्ध विच्छेद एक आफैमा बढ्दै जाने प्रक्रियामध्ये एक बनेको छ । बालबच्चा नहुनाले कि वैवाहिक जिवनमा ठूलो समस्या आईपुग्ने गर्दा सम्वन्ध विच्छेद समेत हुने गर्दछ । बालबच्चा नभएका कारण नै दोस्रो विवाद गर्ने गरेका छन् । त्यसपछि घरेलु झैझगडा भै सम्वन्ध विच्छेदसम्म पुग्नु परेको पनि अध्ययमा देखिन्छ ।

अध्ययन क्षेत्रमा गरेको अध्ययनमा अव्यावहारिक भएका ७ जना रहेको छन् ।  २० जना मध्ये ७ जना दम्पतिहरुमा अव्यावहारिक चाहना रहेको देखिन्छ । डिभोर्सको चाहना राख्ने जोडीहरुलाई प्रश्न गर्दा धेरै र सधै रेस्टुरेन्ट र फिल्म हेर्न जाने र धेरै उपहारको माग गर्ने र सोधेको जस्तो भएन भनेर सम्बन्ध विच्छेद गर्न खोज्ने, सधै भै ंझगडा भइ नै राख्ने परिवारमा कुलेशको बाटो भइरहेको सबै घरमा टेनशनको वाट हुने हुदाँ सम्बन्ध विच्छेद गर्दा नै राम्रो जस्तो मानिन्छ । सम्वन्ध विच्छेद वढ्दै जानुको मुख्य कारणमा आर्थिक अवस्था प्रमुख कारण हो । अध्यनलमा आर्थिक अवस्थाको कारण धेरै जोडीको सम्वन्ध विच्छेद भएको बताउँछन् । ५ जना आर्थिक कारणले भनी बताउँछन् । श्रीमानले कुनै काम नगर्ने, जाडरक्सी खाने, घरमा

श्रीमती र बालबच्चाको ख्याल नगर्ने गरेकाले श्रमतीले ज्यालामजदुर गरी बालबच्चा हुर्काएको र बेलाबेलामा श्रीमानले पैशा नदिएको भन्दै कुटपिट गर्ने र दुःख दिने गरेकाले श्रीमतीले सम्वन्ध विच्छेदको बाटो रोजेको बताउँछन् । प्राय पति रक्सीको कुलतले पैसा सक्ने र जागिर समेत नगर्ने गरेको पाइएको थियो । ८ जनाले सानै उमेरमा विवाह भएकाले भनी बताउँछन् । अध्ययन क्षेत्रामा सम्बन्ध विच्छेद हुनुमा कम उमेर पनि मुख्य कारण हो । दम्पतीहरुमा किन चाँडै विवाह गरेको भन्दा धेरै कारण बताएका थिए । अहिले सामाजिक सञ्जालको र अनेक कारणबाट सानो उमेरमा मायाजालमा पर्ने र अनैतिक काम गरी विवाह र्ष्न बाध्य भएर विवाह गरेको बताउँछन् । यसरी भविष्य बनाउने समयमा विवाह गर्दा धेरै मनमुटाव बढेको र अन्तमा सम्वन्ध विच्छेद सम्म पुग्नु परेको पाइन्छ ।

अध्ययन क्षेत्रमा उत्तरदाताको पति अथवा पत्नी विदेशमा बैदशिक रोजगारमा गएको व्यहोरा उल्लेख गरेका थिए । धेरैलाई प्रश्न गर्दा एक आपसमा धोखा दिएको भनी जवाफ दिएका दिए । तालिका अनुसार ३ जनाले विदेशबाट पहिले पैसा पठाएको तर नेपालमा पत्नीले परपुरुषसंग शारिरीक सम्बन्ध राखेर पतिले पठाएको पैसा पर परुषमा उडाएको पनि केस थिए । र पत्नी घर समाल्नको लागी घर बसी परिवार छोराछोरीलाई हेरचार गर्ने र पति कमाउन शहर गएको शहरवार पठाएको पैसाले परिवार धान्न गाए हुने गरि पैसा आउने पछि बुझ्दै जादा पहिले अरु नै स्त्री संग लागेको र पैसा सबै त्यहि उढाउने पनि केश रहेको थियो । यसरी अधिकांश मुद्दामा धोखाधडी प्रमुख कारण रहेको छ । सम्बन्ध विच्छेद भएका उत्तरदाता धेरैले सामान्य कुरामा विवाद आइरहन्छ भनेका थिए । दाम्पत्य जीवनमा सामान्य कुरा बढ्दै गएर ठूलो मनमुटाव हुने गर्दछ । २ जनाले सानो विषयमा बेलैमा सचेत भएर समस्या समाधान नगर्दा प्राय सम्बन्ध विच्छेद बढ्दै गएको छ । उत्तरदातालाई प्रश्न गर्दा प्राय सम्बन्ध विच्छेद गर्न चाहने महिलाहरुले सामान्य झगडा बढे पछि सम्बन्ध बिच्छेद भएको भनेका थिए । मनमुटाव पति पत्नि विचको कुरा लुकाउने, पलिले पत्निलाई संङ्खा र पत्निले पतिलाई शंङ्का बढि गर्ने, झगडा हुने त्यहि झगडा मिलाउन नजानेर एक अर्कामा मनमुटाव भई बालचाल नै बन्द हुने र पछि सोही कारणले उग्र रुप लिदै सम्बन्ध विच्छेद निम्त्याउने गरेको पाइयो ।

सम्बन्ध विच्छेद हुनुको विभिन्नकारण मध्ये एक्लोपना पनि एक कारण रहेको अध्ययन क्षेत्रमा शोधपुछ गर्दा पति विदेश वैदेशिक रोजगारमा गएका थिए । ३ जनाले एक्लोपनले पनि

लुकेको थियो त्यहि एक्लोपनाले सम्बन्ध विच्छेद भएको थिए । दाम्पत्य जीवनमा एक आपसमा समय नदिनु सम्वन्ध विच्छेदको प्रमुख कारण हो । यस अन्तर्गत श्रीमानले जॉड रक्सीको मातले उन्मक्त भई वा नशालु पदार्थ नखाइकन पनि आफ्नो श्रीमतीलाई कुटपिट गर्ने, तुच्छ व्यवहार गर्ने, दाइजोको वारेमा विभिन्न अनावश्यक वादविवाद गर्ने, मानसिक यातना दिने जस्ता कारणहरुले गर्दा वैवाहिक सम्बन्ध टुट्न पुगेको कुरा उल्लेख गरिएको छ । अझ पनि दाइजो प्रथा सम्बन्धी विभिन्न आवाजहरु उठेपनि हाम्रो समाजमा लागू हुन सकिरहेका छैन र मानिसहरुमा जतिसुकै चेतना आउँदै गरेको भएपनि यो अत्यधिक मादक पदार्थ सेवन गर्न र अनावश्यक विवाद गर्ने कुरामा पनि भने कुनै सुधार भएको देखिदैन । शारिरीक यातना र मानसिक यातना पुरुषलाई भन्दा महिलामा अझैपनि छ ।

सम्बन्धविच्छुदको अर्को महत्वपूर्ण कारणमा यौन असन्तुष्टि वा यौन जीवनमा विचलनको अवस्थालाई लिइएको छ । १ जनाले भने पुरुषले यौन सन्तुष्टि दिन नसकेका कारण सम्वन्ध विच्छेद भएको बताउँछन् । यस भित्र शारिरीक यौन सम्पर्कमा विश्वास नभएको जोडीको बीच सन्तुलित किसिमको यौन सम्पर्क हुन नपाएको, सन्तान नजन्मिएको, श्रीमानको बाहिरीया परस्त्री र श्रीमतीको पनि परपुरुषसंगको मोजमस्ती यौन लिप्तताले आदी दुबै पक्षलाई शारिरिक र मानसिक रूपमा आघात पुग्ने गरि गरिएका क्रियाकलापहरु पर्दछन् । यस अध्ययनमा ३ जना यौन असन्तुष्टि भएको बताइएको छ । सम्बन्ध विच्छेदको अर्को प्रमुख कारणको रूपमा हाम्रो सामाजिक सांस्कृतिक विविधता स्वर्गिय असमानता पनि रहेको छ । परापुर्वकालदेखी समाजमा प्रचलनमा रहेको वर्गिय असमानता धनि र गरिव विचको सामाजिक असामजस्यता, जातिय विभेद एवम् सोही अनुरुपका प्रथा, परम्पराले निम्त्याए का कुरितीहरु र समाजमा स्थापित रितीरिवाज, चालचलन र संस्कृतिमा भएका भिन्नता जस्ता तत्वहरु पनि सम्बन्ध विच्छेदका लागी अत्यन्त सहयोगी मानिन्छ । "The proximate reason for the direct rate is the prevalence of extravagant expectation in marriage but ultimate explanation is to be fund in the social forces which underminedtraditional familys structure."(Goode, 1987). परापुर्वकाल देखी स्थापित गरिएको जातजाति प्रथा चाल चलन र रितीरिवाजहरूमा समयको विकासक्रमसंगै केहि परिवर्तन देखिन थाल्यो । यसैगरी विज्ञान र प्रविधिको विकास एवम् पश्चिमी संस्कृतिको

देखासिकी या प्रभावले रुढिवादी प्रचलन र मान्यतामा क्रमिक सुधार ल्याउन क्रममा अन्तरजातिय विवाहहरु हुन थाले । परम्परागत मान्यता संस्कारका पक्षधरहरू र आधुनिक धारणा राख्नेका वीच संघर्ष बढ्दै जान थाल्यो। विवाहित जोडीहरुबीच पूर्ण मञ्जुरी भएतापनि परिवार र समाजवाट पूर्ण स्विकृती नपाउँदा त्यस्ता थुप्रै जोडीहरु नराम्ररी प्रभावकारी हुन पुगेको छ । सम्बन्ध विच्छेदको कारणहरुका सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् ।

## ५.२. सम्बन्ध विच्छेद पछिको अवस्था

सम्बन्ध विच्छेदले पति वा पत्नीमा नयाँ वातावरण र अनुभव बनाउछ । सम्वन्ध विच्छेदपछि सामाजीकरण र सामाजिक हैसियतमा आएको परिवर्तनले सोच र व्यवहारमा परिवर्तन आउँछ । उनीहरूले विभिन्न किसिमका कठिनाईहरू पार गर्नुपर्ने हुन्छ । सम्बन्ध विच्छेद भएका पति पत्निहरुले निराशा, एक्लोपन पारिवारिक व्यवधान, लजालुपन, हीनता कम्प्लेक्स आदि जस्ता विभिन्न व्यक्तिगत समस्याहरुको सामना गर्नु परेको छ । जसले समग्र समाजको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्छ । सम्बन्ध विच्छेदपछि सधै धेरै पिडा भोग्नु पर्ने महिला हो । उनीहरूले विभिन्न प्रकारका सामाजिक र आर्थिक कठिनाइहरु सामना गरे । सम्बन्ध विच्छेद भएका जोडीमा सम्बन्ध विच्छेदको अनुभव मिश्रित छ । आफ्नो पति पत्नीबाट मुक्त हुन चाहने जोडीहरू पहिलेको तुलनामा धेरै आराम महसुस गर्छन तर उनीहरुले आफु वाट केहि प्रकारका गल्तीहरु भएको महसूस गर्छन त्यस्तै निर्दोस श्रीमान श्रीमतीले सम्बन्ध विच्छेदलाई पारिवारिक दुर्घटना ठान्छन् ।

सम्वन्धविच्छेद पछि बालबालिकाको अवस्थाले सामाजिकीकरण, बास, खाना शिक्षा, सुरक्षा, आदि धेरै समस्याहरू सिर्जना गरेको थियो । हाम्रो परम्परा संस्कृती धर्म, सामाजिक मूल्य मान्यताका कारण सम्वन्धविच्छेदलाई पारिवारिक दुर्घटना भएको व्यक्तिलाई हेर्ने समाजमा फरक फरक छ । सम्बन्ध विच्छेद समाजमा बढ्दो क्रममा रहेको छ, जसले गर्दा समाजमा नकारात्मक र सकारात्मक असर समाज परिवार, बालवच्चा, आफन्तमा असर पर्ने गर्दछ । हिन्दु धर्ममा भन्दा बौद्ध धर्ममा सम्बन्ध विच्छेद गर्न सहज हुन्छ किन भने बौद्ध धर्ममा बहुविवाहलाई सजिलै स्वीकार्य गर्दछन् हन्दु धर्ममा एउटा श्रिमति हुदा हुदै अर्को श्रीमती ल्याउने हो भने

कानुनी रूपमा कारवाहि हुन्छ । हिन्दु धर्ममा सम्बन्ध विच्छेद गर्नु कठिन हुन्छ । सम्बन्ध विच्छेद पछिको अवस्था स्थितिलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.२, सम्वन्धविच्छेद पछि महिला र पुरुषको बसोवासको अवस्था**

| बसाई | पुरुष | | महिला | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | आवृती | प्रतिशत | आवृती | प्रतिशत | |
| नयाँ जोडी | ४ | ५० | ६ | ५० | १० |
| आमावुवा संग | ३ | ३७.५ | ४ | ३३.३३ | ७ |
| एकल | १ | १२.५ | २ | १६.६७ | ३ |
| **जम्मा** | **८** | **१००** | **१२** | **१००** | **२०** |

*स्रोतः स्तरीय सर्वेक्षण, २०७९*

यो तालिकाले देखाउँछ की पुरुषको सबैभन्दा बढी प्रतिशत नयाँ जोडीहरूसँग बसिरहेको छन जुन ४ जना (२० प्रतिशत रहेको छ र पुरुष र महिलाको नयाँ जोडी बराबर रहेको छ जुन ६ जना (५० प्रतिशत) रहेको छ र आमाबुवासंग पुरुष ३ जना र महिला ४ जना बसेका छन । त्यसैगरि अविवाहित १ जना पुरुष र २ जना महिला अविवाहित रहेको देखिन्छ ।

### ५.३ सम्बन्ध विच्छेदको अनुभव र प्रभावको अवस्था

सम्वन्ध विच्छेद पछि महिला पुरुषलाई मानसिक रूपमा प्रत्यक्ष र अत्यक्ष असर पर्दछ । अनुसन्धानका क्रममा उत्तरदाताहरुले साझा गरेका केही भावना अनुभवहरु निम्नानुसार छन् ।

### १. समाजमा अपमान

सम्बन्ध विच्छेद गर्ने जोडीले अपमानको सामना गर्नुपर्ने हुन्छ । सम्बन्ध बिच्छेदलाई मानिसहरुले विभिन्न दृष्टिकोणले हेर्छन् । समस्याको मूल कारण बुझ्नुको सट्टा समाजले सम्वन्धविच्छेदको घटनाको लागि सम्बन्ध विच्छेदलाई जिम्मेवार ठहराउँछ । पुरुषलाई भन्दा पनि मलिहालाई समाजले नकारात्मक दृष्टिले हेर्ने गरेको पाइन्छ । महिलाहरुले हतपत दोस्रो विवाह गर्न ग्राहो हुने, काम सजिलै नपाउने आदी असहज अवस्था बताउँछन् ।

## २. सम्बन्ध विच्छेदको भएका व्यक्तिप्रति हेरिने दृष्टिकोण

सम्बन्ध विच्छेद गर्नेलाई सधैं शंकाको नजरले हेरिन्छ । यसले गर्दा समाजबाट कैयो गाली सुन्नुपरेको हुन्छ । महिलाहरु आफै गतिलो नभएर पुरुष तथा घरपरिवारले छाडेको भन्ने जस्ता आरोप लगाउँछन् । माइतिमा बस्दा पनि माइति घर र त्यहाँको समाजले नराम्रो दृष्टिले हेर्ने गरेको बताउँछन् । बालबच्चाहरुलाई पनि हेप्ने, गाली गर्ने मायाको भाव नराख्ने गरेको बताउँछन् । सम्वन्धविच्छेदको स्थितिवाट बच्ने प्रयास गर्नुपर्छ । धेरै कम्प्रोमाइज दुवै जोडीले गर्नु पर्छ नत्र सम्बन्ध, खुसी चकनाचुर, आकांक्षा सवै बिगार्छ । बालबच्चाको भविष्य नै विग्रने सम्भावना हुन सक्छ । सम्वन्धविच्छेदको अवस्था बारे जोड़ीले एक अर्कोको समस्या, साझा गर्दै सगैं समय बिताउनु पर्छ । संगै समय विताउँदा दम्पत्तीहरु वीचको बन्धन; प्रेम र स्नेहको विकास हुने हुन्छ । सम्बन्ध विच्छेद अवस्थाले महिला र पुरुषबीचको सम्बन्धलाई मात्र बिगार्ने मात्र होइन सुखी पारिवारिक जीवनतालाई पनि बिगाई परिवारमा सँगै बस्ने मानिस, सबैभन्दा महत्वपूर्ण कुरा केटाकेटीहरु सर्वेभन्दा बढी प्रभावित हुन्हुन्छ त्यसपछि सबैभन्दा खराब अवस्था सिर्जना हुन्छ । त्यसैले सकेसम्म मिलेर बस्नु राम्रो हुन्छ । मिलेर नबसेमा घर, परिवार, समाज, आफन्त र राष्ट्रले नै विशेष गरी महिलालाई नकारात्मक दृष्टिकोणले हेर्न गर्दछन् ।

## ३.एक्लोपनको अनुभूति हुनु

एक्लोपनको अनुभूतिले सम्बन्ध विच्छेद पछि निराशा निम्त्याउँछ । सम्बन्ध विच्छेदले जीवनलाई कुनै सहारा, प्रेम, भरपर्ने कसैको अभाव बिना एक्लो बनाउँछ । कहिलेकाही एक्लोपनको भावना व्यक्तिको लागी धेरै खतरनाक हुन सक्छ । मानिस डिप्रेसनमा गई आत्महत्या समेत गर्न सक्दछ । दम्पतीवीचको समझदारीले आधा समस्या समाधान गर्छ । समझ्दारीको कमीले तनाव र द्वन्द निम्त्याउँछ जसले सुखी परिवार र सुखी दाम्पत्य जीवनमा बाधा पुऱ्याउँछ । सहनु नै कल्याण हो भन्ने मुल भावलाई ममन गरी सानातिना कुरालाई मनमा लिनु हुदैन । साना सान कुरामा झैझगडालाई सहेर त्यसलाई निभाउनु पर्छ । श्रीमान श्रीमतीको झगडा परालको आगो भनेर विर्सन सक्नु पर्छ । यति भएमा सम्वन्ध विच्छेद हुनुमा कमी आइ आफू एक्लोपनको अनुभूति गर्नु नपर्ने हुन्छ । महिलालाई श्रीमान नै जीवनको साथी

हो । छोराछोरी, घर परिवार, माइति, आफन्त त केवल केही समयको लागि मान हुन्छ भन्ने कुरा बुझ्रेर सकेसम्म मिलेर अगाडी बढ्नु पर्ने देखिन्छ ।

### ५.२ सम्बन्ध विच्छेद पछि भोग्नु परेका समस्याहरु

समाज भित्र रहने सचेत प्राणी हामी सँधै समाजको लागि राम्रा कार्य तर्फ अगाडि बढिरहेका हुन्छौं । समाजका प्रत्येक इकाईहरु सुचारु रुपमा सञ्चालन हुन नसक्दा समाजको कतिपय एकाईहरुमा समस्या परेको अनुमान लगाउन सकिन्छ जसकारण एउटा समाज सही रुपले सञ्चालन हुन सम्पूर्ण एकाईहरु सहि तवरले सञ्चालन हुनु प्रत्येक एकाईहरुमा तालमेल हुनुपर्छ त्यसमध्ये कुनै पनि एकाईहरुमा खलल पऱ्यो भने पुरै संरचना बिग्रन सक्ने सम्भावना हुन्छ ।

सम्बन्ध विच्छेदलाई प्राय मानिसले नकारात्मक ढङ्गबाट लिने गर्दछन् तर सम्बन्ध विच्छेद आफैमा नकारात्मक चाहि हुँदैन । सम्बन्ध विच्छेद गर्न साथ समाजको हेर्ने दृष्टि नै फरक रहन्छ र त्यहि दृष्टिका कारण प्रत्येक समाजले हेर्ने एकल दृष्टि नकारात्मक हुन जान्छ । सम्बन्ध विच्छेदले बन्नै नसक्ने भविष्यको अन्त्य गर्दछ । यद्यपि पुरै नकारात्मक भने हुँदैन । यसलाई कुन दृष्टिले हेर्ने दृष्टिमा भर पर्दछ । यसरी समाजमा रहने सुक्ष्म इकाई र वृहत इकाईको एक आपसको सम्बन्धले पुरा समाज चल्ने गर्दछ । सम्बन्ध विच्छेदका क्रममा अदालति कारवाहि देखि विभिन्न संघ संस्थाहरु सम्म भन्दा पिडितले अनेकौ कठिनाईहरुको सामना गर्न बाध्य हुन्छन् । जब पिडित अदालति कारवाहीको लागि वकिलसम्म पुग्छ । वकिलकै तर्फबाट ढिलासुस्ती हुने, अदालति सुनुवाई ढिलासुस्ती हुने त्यो भन्दा पनि भयानक कुरा त के छ भने वादी प्रतिवादी भइरहँदा प्रतिवादीका तर्फबाट डर, धम्की, घुसपेठ हुने जस्ता कारणले पनि पिडितले दुख भोग्नु परेको बताउछिन् उर्मिला आचार्य । अझ त्यसमा पनि बालबच्चा भएका कामकाजी आमाहरुका लागि यस्ता ढिलासुस्ती र विभिन्न बाहनामा सारिने तरीकाले थप चिन्तित तुल्याएको हुन्छ । साथमा साना बालबच्चा काखमा लिई संघ संस्था गुहार्नु त्यसमा पनि महिनौको तारिक धाउनुपर्ने अव्यवस्थित कार्यनितिले थप पिडा दिएको हुन्छ । त्यसैगरी संघसंस्थाहरुले लिने चर्को रकम प्रतिवादी सँग मिली मतोमा थप समस्याहरु बल्झाइ दिने हुँदा पिडितले समस्याहरु भोग्नु परेको बताउनुहुन्छ काठमाडौं बार एसोसिएसनका अधिवक्ता आई.पी.

गौतम । यसरी सरोकारवाला निकायहरुले नितिनियम सही रुपले कार्यान्वयन गरी व्यवस्थित तवरले घटनाक्रमहरु सुल्झाउन सक्नु पर्दछ त्यसका लागि नितिनियम कानुन कार्यान्वयनमा कडाई हुनुपर्ने देखिन्छ ।

सामाजिक र अध्ययनका विषयहरु मध्ये सम्बन्ध विच्छेद पनि एक हो । सम्बन्ध विच्छेद आफैमा नराम्रो कुरा भने होइन । तर यसले व्यक्ति, परिवार र समाजलाई केहि न केहि रुपमा सकारात्मक या नकारात्मक प्रभाव पारेकै हुन्छ । यस्ता घटना घट्नुमा समाज, घरपरिवारको पारीवारिक संरचना, आर्थिक अवस्था, शिक्षा बेरोजगारी चेतनाको कमी, बैदेशिक रोजगार, आधुनिकीकरण, राजनितिकरण, प्रविधिको प्रयोग जस्ता विभिन्न कारण पनि सम्बन्ध विच्छेदका घटना हुन मुख्य भुमिका रहेको देखिन्छ । यसलाई गहिराईमा पुगेर अध्ययन गर्न जरुरी छ । त्यस्ता घटना हुन भुमिका खेल्न इकाईहरुको आपसी सम्बन्ध र प्रभावबारे गहिरो विश्लेषणात्मक अध्ययन गरिनु पर्दछ ।

यस भन्दा अगाडि मैले अगाडिको इकाइमा सम्बन्ध विच्छेद गर्ने महिलाहरुको सामाजिक साँस्कृतिक, शैक्षिक मानसिक आर्थिक पक्षको विश्लेषणबाट पनि सम्बन्ध विच्छेद जस्तो घटना किन हुने रहेछ भन्ने लगायत विविध पक्षहरुको बारेमा जानकारी दिइसकेको छ । सम्बन्ध विच्छेद आफैमा एउटा जघन्य अपराध होइन । यस्तो घटना हुनुमा स्वयम एकको दोष नभई समाज बढ्दो आधुनिकीकरण, प्रविधिको प्रयोग, मुल्यमान्यता घरायसी बन्नु यस्ता घटनाहरु घटाउन मुख्य भूमिका खेलेको मेरो स्थलगत अध्ययनबाट आएको निष्कर्ष छ, समाज, घर, परिवार विद्यालयले कस्तो व्यवहार गर्छ, उनले कस्ता कस्ता समस्याहरु भोग्न बाध्य हुन्छन्, राज्यले यस्ता घटना हुन नदिन कस्ता कस्ता रणनिति ल्याएको छ र चुनौति के छन् यस सम्बन्धि यस अध्ययनमा विस्तृत व्याख्या गरेकी छु । ती समस्याहरुलाई बुदागतरुमा तल प्रस्तुत गरिएको छ ।

### ५.३.१ सम्बन्ध विच्छेद पछि घरपरिवारले गर्ने व्यवहार र भोग्नु परेका समस्याहरु

समाजमा मुल्य मान्यता संस्कार जबसम्म कायम रहन्छ तबसम्म कुनै पनि त्यस्ता अमानविय दुर्घटना घट्दैनन । चाणक्यको यो आर्दशात्मक अभिव्यक्ति दर्शन आजको समाजमा कमजोर बन्दै गइरहेको अवस्थामा सामाजिक संरचना भत्किएको देखिन्छ । त्यही सामाजिक

संरचनाको एकाई मध्ये संरचना भत्काउने अर्को एकाइ सम्बन्ध विच्छेद पनि एक हो । सम्बन्ध विच्छेद पछाडि पुरुषहरु केही समय चिन्ता लिएपनि घर परिवार आफन्तले उसलाई ोस्रो विहे गराइदिन्छन् तर महिलाहरु नैरास्यतामा पुगेका हुन्छन् । जब महिलालाई नैराश्यता आउन थाल्छ तब उसलाई हरेक काम कुराबाट असर पर्न जान्छ । जब महिला सम्बन्ध विच्छेद पछाडि उनि शारीरिक मानसिक अवस्था गुमाउन पुग्छिन्, त्यही अवस्थामा घरपरिवारबाट उनलाई सहज तरिकाले माया सद्भाव नहुने हुँदा महिलालाई ज्यादा रुपमा उनि दुःखी हुन पुग्छिन् । घरपरिवारमा उनलाई सहज तरिकाबाट व्यवहार गर्ने, हौसला, हिम्मत दिने र उसलाई सकारात्मक तरिकाले व्यवहार गर्नु पर्ने हुन्छ ।

यसरी सम्बन्ध विच्छेद भएकी महिला जब उनि चिटचिटाहाट अवस्थामा पुग्छिन् आफुले मानसिक अवस्था गुमाउन बाह्य भएकी हुन्छिन् । विकसित समाजका सामाजिक प्राणी हामी कसैको करकाप दवाबमा रहन  चाहदैनौ । यस्तै स्वतन्त्रको चाहनाले पारपाचुकेमा वृद्धि भइरहेको छ । यस्ता जब परिवारमा सम्बन्ध विच्छेद हुन्छ त्यसको प्रभाव उनिहरुको बालबालिकामा पर्न जान्छ । जब बालबालिकालाई आमा बाबुको खाँचो परेको हुन्छ त्यसबेला आमा बाबु साथमा नभए पछि बालबालिका तनावमा जाने गर्दछन् र यस्ता सम्बन्ध विच्छेदका घटनाले उनका बालबालिकालाई मानसिक, शारीरिक, शैक्षिक सामाजिक आदि जस्ता प्रभावहरु परेको हुन्छ । जब उनीहरु आमा र बाबुको कारणबाट भिन्न हुन्छन् । उनीहरुमा एउटा प्रश्न खडा हुन्छ । मेरो बाबा र ममीसँगै किन बस्नु हुन्न ? उनीहरु बाबा र आमाको एक साथ माया पाउनबाट वञ्चित भईरहेका हुन्छन् र जसकारण उनिहरुमा एक किसिमको विचलन पैदा हुन्छ जसले उनीहरुको मानसिक स्तरमा प्रत्यक्ष नकारात्मक असर पर्दछ । त्यस पछाडि उनिहरु टोलाउने, एक्लै बस्न रुचाउने, रिसाहा खालको प्रविधि देखाउने जस्ता समस्याहरु देखा पर्दछन् । यस्ता अवस्था हुन नदिन अनेकौ चुनौतिको बाबजुत पनि सम्बन्धित निकायले कडा कानुनी व्यवस्था जारी गर्नु जरुरी छ ।

### ५.३.२ सम्बन्धविच्छेद गरेका दम्पत्तिका बालबालिकाले भोग्नु परेका समस्याहरु

आजको समयमा सम्वन्ध विच्छेद नर्मल मान्न थालेको पाइन्छ । दिनहुँ जसो सयौंको संख्यामा सम्बन्ध विच्छेदको घटनाहरु अदालतल सम्म आउने गरेका छन् । आफ्नै परिवार, समाज, आफन्त साथी संगीहरुबाट समस्याहरु आउने  गर्दछन् । त्यस्तै कानुनी बाटोमा थुप्रै

बाधा अड्चनहरु आँउने गर्दछन् । अझ हाम्रो जस्तो हिन्दु धर्मावलम्बी धेरै भएको नेपाली समाज संस्कारको रुपमा उच्च स्थानमा र मुल्य मान्यताको हिसाबले ज्यादा कट्टर मानिन्छ । यस हिसाबमा अझ नेपाली समाज पितृसत्ताको हाबि भएको कारणले पनि पिडितले धेरै समस्याहरु भोग्नु परेको छ । जब श्रीमान श्रीमतिको सम्बन्ध विच्छेद हुन्छ र सम्बन्ध विच्छेद भइसकेकी महिलालाई समाजले हेर्ने दृष्टिकोण नै फरक हुन्छ । जब महिला समाजमा एक्ली हुन्छिन् । उनलाई समाजले विभिन्न थरीका आरोपहरु लगाउने गर्दछन् ।

महिलालाई समाजमा हेर्ने दृष्टिकोण फरक-फरक हुन्छ । सम्बन्ध विच्छेद हुनुमा महिला कै कारणबाट भएको र उसकै व्यवहार नराम्रो भएको कारण महिलालाई नै केहि खोट थियो र त छुट्टिएर बसेका छन् भन्ने आरोप महिला माथि लाग्ने गर्दछ । महिला सँग-सँगै उनका बालबालिकालाई पनि समाजले हेर्ने दृष्टिकोण फरक खालको रहेको हुन्छ । उनीहरुका बालबच्चालाई गलत तरिकामा लिने, बालबालिकालाई समाजका अरु बालबच्चाहरुसँग खेल्न नदिने, सम्बन्ध विच्छेदका छोराछोरी भन्ने, विभिन्न लालछना लगाउने गर्दछन् । यस्ता विभिन्न नकारात्मक व्यवहारले गर्दा बालबालिकामा मानसिक रुपमा प्रताडित गरिरहेको हुन्छ । यसरी समाजले सम्बन्ध विच्छेद गर्ने महिला र उनका बालबालिकालाई आफ्नै चेली दिदी बहिनी सम्झिनु पर्दछ, उनीहरुलाई अपहेलना, लालञ्छना लगाउनु हुँदैन, हरेक नयाँ नयाँ सृजनात्मक कार्यमा अगाडि बढाउनु पर्ने समाजमा उनिहरुलाई राम्रो सम्बन्ध राख्ने वातावरण बनाउनु पर्दछ र त्यस्ता बालबालिकालाई कुनै किसिमको भेदभाव गरिनु हुँदैन, आफ्नै छोराछोरी सरह व्यवहार गरिनु हाम्रो समाजको मुख्य दायित्व हुन आउँछ । डिभोर्सी महिलालाई सम्बन्ध विछोड गरेको छाप पर्न नदिई उनिहरुलाई सकारात्मक कुराहरु गरिनु, उनिहरुको बालबालिकालाई समाजमा खुल्ला तरिकाबाट घुलमिल हुन दिन र उनिहरुले पाउने हक र अधिकार तिव्र रुपमा उनिहरु पाउनु पर्ने सकारात्मक सोचाईको विकास गर्ने एउटा संचार माध्यम समाजका प्रभुत्व व्यक्तित्व, राजनितिक कर्मी, विद्यार्थी अझ त्यसमा पनि स्वयम सचेत हुन जरुरी छ । स्वयम त्यसमा बदलिन सकियो भने सम्पूर्ण समाजको सोच बदलिन्छ ।

### ५.३.३ आमाबाबुको सम्बन्ध विच्छेद पछि बालबालिकाले विद्यालयबाट भोग्नु परेका समस्याहरु

विद्यालय एउटा यस्तो स्थान हो जहा शिक्षाको अवसर प्राप्त हुन्छ । विद्यालय सबैका लागि समानताको वातावरण हुने गर्दछ । तर यस्ता कतिपय विद्यालयहरु छन् जहाँ पिडितले

सबैभन्दा बढी पिडा कोट्याउने स्थान मान्दछन् जब एउटा पिडित बालबालिका पिडाबाट बाहिर निस्कन नपाउदै विद्यालय पुग्छिन् । विद्यालय प्राङ्गणमा छिरेदेखि नै उनी विद्यालयका परिवारबाट तिरस्कृत भएको महसुस गर्छन् । "रमेश के.सी.१३ वर्षका भए । उनी विद्यालयमा साथी सङ्गीले जिस्काउने हुँदा विद्यालय नजान खोजेजस्तै व्यवहार देखाउँछन् जसकारण आजभोलि उनी विद्यालयको नाम सुन्नासाथ रुने, कराउने गर्दा विद्यालयका शिक्षक शिक्षिका समेत हैरानी आएको विद्यालय  बताउँछ ।"

माथिको भनाईबाट के प्रष्ट हुन्छ भने प्रमोद जब स्कुल जान थाले उनलाई उसको बाबुआमाको सम्बन्ध विच्छेद भएको कारणले गर्दा उनलाई विभिन्न थरीका कुराहरु गर्ने, बाबा ममी एक साथ नभएको, बाबाको माया नपाएको भन्दै विद्यालयमा प्रमोदको साथी सङ्गीहरुले जिस्काउनाले उसलाई मानसिक रुपमा तनाव भई स्कुल जान मन नलाग्ने, करमा रुने कराउने, टोलाउने, स्कुलको नाम सुन्ना साथ घरबाट भाग्ने गरेको र शिक्षक, शिक्षिकाले पनि वास्ता नगरेको बताउँछन । अर्कापट्टि विद्यालय परिवारसँग बुझ्दाविद्यालयको हाताभित्र शिक्षक शिक्षिकाले त्यस्तो नगरेको बताउँछन् । उनको दिमागमा घरको कारणले हेपेका पो हुन् की भन्ने डरले कल्पित हुने हुँदा यस्तो समस्या आएको विद्यालय परिवारले बताउँछ । यस्ता घटनाका पात्र प्रमोद मात्र होइन कयौं छन् । यस्ता घटनाहरु हुन नदिन विद्यालयमा शिक्षक शिक्षिकाहरु त्यस्ता बालबालिकालाई विभिन्न खालका मनोरञ्जनका कार्यक्रमहरु गर्ने, सहज वातावरण बनाउने, त्यस्ता बालबालिकालाई धेरै माया ममता प्रधान गर्ने, शिक्षक शिक्षिकाले अरु सरह भन्दा अझ बढि हेरचाह गर्ने, उनिहरुलाई हौसला दिने जस्ता कार्यहरुले गर्दा त्यस्ता बालबालिकालाई मानसिक तनावबाट बाहिर निष्कन सहयोग पुग्ने देखिन्छ ।

### ५.३.४ सम्बन्ध विच्छेद पछि विभिन्न संघसंस्था र सरोकारवाला निकायबाट भोग्नु परेका समस्याहरु

समाज भित्र रहने सचेत प्राणी हामी सँधै समाजको लागि राम्रा कार्य तर्फ अगाडि बढिरहेका हुन्छौं । समाजका प्रत्येक इकाईहरु सुचारु रुपमा सञ्चालन हुन नसक्दा समाजको कतिपय एकाईहरुमा समस्या परेको अनुमान लगाउन सकिन्छ जसकारण एउटा समाज सही रुपले सञ्चालन हुन सम्पूर्ण एकाईहरु सहि तवरले सञ्चालन हुनु प्रत्येक एकाईहरुमा तालमेल

हुनुपर्छ त्यसमध्ये कुनै पनि एकाईहरुमा खलल पर्‍यो भने पुरै संरचना बिग्रन सक्ने सम्भावना हुन्छ ।

सम्बन्ध विच्छेदलाई प्राय मानिसले नकारात्मक ढङ्गबाट लिने गर्दछन् तर सम्बन्ध विच्छेद आफैमा नकारात्मक चाहि हुँदैन । सम्बन्ध विच्छेद गर्न साथ समाजको हेर्ने दृष्टि नै फरक रहन्छ र त्यहि दृष्टिका कारण प्रत्येक समाजले हेर्ने एकल दृष्टि नकारात्मक हुन जान्छ । सम्बन्ध विच्छेदले बन्नै नसक्ने भविष्यको अन्त्य गर्दछ । यद्यपि पुरै नकारात्मक भने हुँदैन । यसलाई कुन दृष्टिले हेर्ने दृष्टिमा भर पर्दछ । यसरी समाजमा रहने सुक्ष्म इकाई र वृहत इकाईको एक आपसको सम्बन्धले पुरा समाज चल्ने गर्दछ । सम्बन्ध विच्छेदका क्रममा अदालति कारवाहि देखि विभिन्न संघ संस्थाहरु सम्म भन्दा पिडितले अनेकौ कठिनाईहरुको सामना गर्न बाध्य हुन्छन् । जब पिडित अदालति कारवाहीको लागि वकिलसम्म पुग्छ । वकिलकै तर्फबाट ढिलासुस्ती हुने, अदालति सुनुवाई ढिलासुस्ती हुने त्यो भन्दा पनि भयानक कुरा त के छ भने वादी प्रतिवादी भइरहँदा प्रतिवादीका तर्फबाट डर, धम्की, घुसपेठ हुने जस्ता कारणले पनि पिडितले दुख भोग्नु परेको बताउछिन् उर्मिला आचार्य । अझ त्यसमा पनि बालबच्चा भएका कामकाजी आमाहरुका लागि यस्ता ढिलासुस्ती र विभिन्न बाहनामा सारिने तरीकाले थप चिन्तित तुल्याएको हुन्छ । साथमा साना बालबच्चा काखमा लिई संघ संस्था गुहार्नु त्यसमा पनि महिनौको तारिक धाउनुपर्ने अव्यवस्थित कार्यनितिले थप पिडा दिएको हुन्छ । त्यसैगरी संघसंस्थाहरुले लिने चर्को रकम प्रतिवादी सँग मिली मतोमा थप समस्याहरु बल्झाइ दिने हुँदा पिडितले समस्याहरु भोग्नु परेको बताउनुहुन्छ काठमाडौं बार एसोसिएसनका अधिवक्ता आई.पी. गौतम । यसरी सरोकारवाला निकायहरुले नितिनियम सही रुपले कार्यान्वयन गरी व्यवस्थित तवरले घटनाक्रमहरु सुल्झाउन सक्नु पर्दछ त्यसका लागि नितिनियम कानुन कार्यान्वयनमा कडाई हुनुपर्ने देखिन्छ ।

## ५.४ नेपालमा सम्बन्ध विच्छेद सम्बन्धी भएका ऐन र नियम

मुलुकी ऐन २०२० को दशौँ संशोधनको महल १२ अनुसार सम्बन्ध विच्छेदको घटनामा स्वास्नीले लोग्नेलाई निजको मन्जुरी वेगर तीनवर्ष वा सो भन्दा बढी समाजदेखि छोडि अलग बस्ने गरेमा वा लोग्नेको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठुलो शारिरिक कष्ट हुने किसिमको काम वा जाल प्रपक्ष्य गरेमा त्यस्ती स्वास्नी सित लोग्नेले सम्बन्ध विच्छेद गर्न

पाउँछ, लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएपछि लोग्ने प्रतिको सम्पत्ति आधा, आधा गरिनुपर्ने र यसरी अंश लिई सकेपछि महिलाले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति सम्बन्ध विच्छेद गरेका श्रीमानलाई फर्काउनु पर्दैन । सम्बन्ध विच्छेदका निम्ति मुद्दा दर्ता गरेकी श्रीमतीलाई श्रीमानले अंश नपाउन्जेल सम्मका लागि मासिक रुपमा माना चामल खर्च भराउनु पर्दछ । श्रीमतीले श्रीमानसँग अंश नलिई सो वापत वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा श्रीमानको सम्पत्ति वा आयस्तरको आधारमा वार्षिक वा मासिक खर्च अदाचलतले भराई दिन सक्दछ । सम्बन्ध विच्छेद पछि उनीहरुको नाबालक सन्तान छ भने आमाले आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् । आमाले बच्चा पालेको छ भने बाबुले अर्च व्यहोर्नु पदर्छ । यदि बाबुले बच्चा पालेको छ र बाबुको आम्दानी भन्दा आमाको आम्दानी बढी छ भने सम्बन्ध विच्छेद भएकी आमाले पनि बच्चाको खर्च बेहोर्नु पर्दछ । सम्बन्ध विच्छेदको लागि दर्ता भएको ४५ दिन भित्र सुनुवाई हुने गर्छ । यदि सम्बन्ध विच्छेद पछि बच्चा जन्मेमा विच्छेद भएको २६२ दिनभित्र बच्चा जन्मेमा सो बच्चा सम्बन्ध विच्छेद भएकै श्रीमानको मानिन्छ । त्यसैले याद राख्नु पर्ने कुरा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्दा महिला आफु गर्भवती भए नभएको कुरा फिरादमा उल्लेख गर्नुपर्दछ । यदि सम्बन्ध विच्छेद भएको २६२ दिन पछि बच्चा जन्मिएमा सो बच्चा अघिल्लो श्रीमानले मेरो होइन भन्छ भने निजले नै सो बच्चाको बाबुको हो भन्ने प्रमाणित गर्नु पर्दछ । यदि नाबालक सन्ता छ भने आमाले आफूसँग राख्न चाहेमा आमाले राख्न सीक्छन् । लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेकमा वा स्वास्नीलाई घरबाट खोज खबर नगरी हेर विचार नराखी लगातार ३ वर्ष वा सो भन्दा बढी समय देखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा स्वास्नीको ज्यान जाने अङ्गभङ्ग वा अरु कुनै शारीरिक कष्ट हुने किसिमको काम वा जाल प्रपक्ष्य गरेमा वा लोग्ने नपुंसक हुन गएमा त्यस्तो लोग्नेसँग स्वास्नीसले सम्बन्ध विच्छेद गर्न पाउँछ । माथि लेखिए बाहेक अरु अवस्थामा दुवै थरीको मन्जुरी भएमा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुन सक्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

हिन्दु समाजमा विवाहलाई एक पुरुष र एक महिला विच धार्मीक कर्तव्यहरू पूरा गर्नको लागी पवित्र मिलनको रूपमा लिइन्छ । यसको मुख्य उद्देश्य पति र पत्नीको परिवारलाई एकता र जारी राख्नु र उनीहरूको आर्थिक र सामाजिक स्थितीलाई अगाडि बढाउनु हो । परिवर्तनहरु विवाहको स्वरूप प्रकृति साथै अन्य सामाजिक संस्थाहरूमा हुन्छन् । सम्बन्ध विच्छेदले वैवाहिक सम्बन्ध समाप्त हुन्छ । यसले वैवाहिक बन्धनलाई पूर्ण रूपमा टुटाउँछ । सम्बन्ध विच्छेद र विवाह दुवैलाई एक्लै अध्ययन गर्न सकिदैन । दुवै प्रति घनिष्ट छन् कि कुनै पनि समाजमा विवाहको अर्थ सम्बन्ध विच्छेद हुने अवस्था बाहेक बुझ्न सकिदैन । सुखी दाम्पत्य जीवन सफल हुन नसक्दा सम्बन्ध विच्छेद हुने गर्छ । वैवाहिक जीवनमा विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक र अन्य कारणले सम्बन्ध विच्छेद हुने गरेको छ । आजभोली सम्बन्ध विच्छेदको दर तिव्र गतिका बढिरहेको छ ।

प्यूठान जिल्लाको माण्डवी र सरुमारानी गाउँपालिकामा गरिएको यो सम्बन्ध विच्छेदका कारणहरू पहिचान गर्ने र सम्बन्ध विच्छेद भएको व्यक्ति, तिनका परिवार आफन्त र साथि भाइमा पर्ने सामाजिक, सांस्कृतिक र आर्थिक प्रभावको पनि विश्लेषण गर्ने प्रयास गरेको छ । यस अध्ययनको सामान्य उद्देश्य एक व्यक्तिमा सम्बन्ध विच्छेदको प्रभाव हो, जबकी निम्न अनुसन्धानका विशिष्ट उद्देश्यहरु थिए । ती उदेश्यहरु सम्बन्ध विच्छेदका कारणहरु पत्ता लगाउन सम्बन्ध विच्छेद भएका व्यक्तिहरू र उनीहरूको परिवार नातेदार साथीहरुमा सामाजिक, सांस्कृतिक र आर्थिक प्रभावको विश्लेषण गर्न

हालको शोध प्रबन्ध मुख्यतया एक शैक्षिक अध्ययन हो तर सम्बन्ध विच्छेदका कारकहरूको सन्दर्भमा केही महत्वपूर्ण जानकारी दिने तथ्याङ्कहरु सङकलन गरिएको थियो । यसले प्रभावहरुको सन्दर्भमा विभिन्न नयाँ नितीहरु बनाउन मद्दत गर्नेछ । नेपाल जस्तो देशमा

सम्बन्ध विच्छेद आधुनिकीकरणको तीव्र दर र शैक्षिक प्रणाली र श्रम बजार सम्बन्ध विच्छेदको प्रमुख कारक तत्वका रूपमा अनुसन्धानकर्ताले उल्लेख गरेका छन् ।

## ६.३ निष्कर्ष

नेपाल विश्वमा गरिब देश अर्न्तगत पर्ने देश भएको हुनाले यहाँका अधिका.श मानिसहरु गरिबीको रेखामुनि रहेका छन् । गरिबीका रेखामुनि महिला र पुरुष दुवै रहेता पनि, महिला शारीरिक बनावटको हिसावर आर्थिक दुवै हिंसावमा उनी कमजोर छिन् । पुरुक्षको तुलनामा सङ्क्रमण कालमा महिला तथा बालबालिका सबै भन्दा बढी प्रभावित  परे । पुरुष प्रधान समाजमा सत्ताधारी पुरुष मानसिकता हाबि रहेको छ । यस्तो समाजमा महिला तथा बालबालिकाहरु हरेक तह तप्कामा अप्ठ्यारो स्थितिमा परीरहेको देखिन्छ ।

हामीलाई थाहा छ एक रथका दुई पाङ्ग्रा नारी पुरुष एकको अभावमा अर्को रहन सक्दैन जबकी एकले अर्काको भावना बुझ्दैन झै-झगडा सुरु हुन्छ तब त्यस सम्बन्धमा दिगोपन रहदैन फलस्वरुप सम्बन्ध विच्छेद हुन्छ । आजको समयमा महिला पुरुष कानुनत हिसाबले एक मानिन्छ । यद्यपी बनिरहेको कानुन व्यवस्थालाई कुल्चिएर मेटेर हिड्न सक्ने न नारीमा न पुरुषमा क्षमता हुन्छ ? आजको बदलिदो परिस्थितिमा नारीमा आएको सचेतना, स्वावलम्बीपन, शिक्षा, राजगार, महिला सशक्तीकरण प्रविधिको विकासले गर्दा पनि महिलाहरु पुरुष सरह क्षमतावान भएका छन् । जस कारणले पनि उनीहरु आफ्नो आवाज पुरुष सामु दवाएर राख्न चाहदैनन् जसकारण पनि पछिल्लो समयमा सम्बन्ध विच्छेदको घटना बढ्दै छ । त्यसको प्रत्यक्ष असर उनिहरु बालबालिकामा परेका देखिन्छ । उनिहरुको बालबालिकाहरु बुबाआमाको सम्बन्ध विच्छेदकै कारण मानसिक, तनावको अवस्थामा आइरहेको मनोविशीलेषकको दावी छ । यसलाई कसरी राम्रो भविष्य दिन सकछौं सो कुरा बारे परिवार नै सचेत हुन जरुरी छ ।

सम्बन्ध विच्छेदपछिको जीवन पनि तनावमुक्त हुदैन । महिला सम्बन्ध विच्छेदमा बालबालिकाको जिम्मेवारी र वालबालिकाको भविष्यले तनाव निम्त्याउँछ । विवाहको निर्णय धेरै सोचेर लिनपर्ने धेरै उत्तरदाताहरुको सुझाव छ । सम्बन्ध विच्छेद गर्नु भन्दा पूर्वक २-३ पटक सोच्नु पर्ने बताउँछन् । यसले सम्बन्ध विच्छेद भएका दम्पती र सन्तानलाई मात्र नभई समाजमा पनि गम्भीर असर पार्न सक्छ । सम्बन्ध विच्छेदका कारण समाजको मुल्यमान्यतामा

असर परेको छ । यस समाजमा बस्ने मानिसहरुले देखाउने व्यवहारमा पनि परिवर्तन आउछ । अनुसन्धानले सुझाव दिन्छ कि सम्बन्ध विच्छेदको प्रभावहरु टाढा पुग्छन् किनभने सम्बन्ध विच्छेदको प्रकृतिले पारिवारिक एकाइलाई परिवर्तन गर्छ र संलग्न व्यक्तिहरुको जीवनमा नयाँ संक्रमण बिन्दुहरु सिर्जना गर्दछ । साहित्यको समीक्षाले संकेत गरेको छ कि सम्वन्ध विच्छेद पछि आमाबुवा र बच्चाहरूको जीवनमा धेरै परिवर्तनहरू हुन्छन् जसमा आमाबाबु र बच्चाहरूको लागी उच्च स्तरको तनाव, भावनात्मक शिखरहरु र बच्चाहरुमा प्रतिगामी व्यवहार परिवर्तन तनाव जस्ता नकारात्मक परिवर्तनहरु समावेश छन् । आमा बाबुर बच्चाहरुवीच सम्वन्ध यस अध्ययनको उद्देश्य सम्बन्ध विच्छेद पछिको परिवारमा रहने अवस्थाले बच्चाको परिपक्कतालाई असर गर्छ की गर्दैन भन्ने विर्धारण गर्नु थियो ।

यस अध्ययनवाट सम्वन्ध विच्छेद हुने प्रमुख कारणहरुमा कुटपिट, मानसिक, शारीरिक यातना, एक अर्काप्रति अविश्वास, श्रीमान या श्रीमतिको पर पुरुष वन महिलासंगको अनैतिक सम्बन्ध, छोराछोरीको चाहना, दाइजो, कार्य व्यस्तता,अन्तरजातीय विवाहको कारण, सामाजिक मुल्य मान्यतामा भिन्नता श्रीमानले जाँड रक्सी खान, यौन असन्तुष्टी आदि विभिन्न कारणहरु रहेको देखिन्छन् ।

सम्बन्ध विच्छेद हुनमा विवाह पूर्वका अवस्थाहरू अपरिपक्कता स्वस्थ परिचान एवम हार्दिक सहमति जस्ता तत्वहरूले प्रभाव पार्ने हुँदा विवाह हुनु भन्दा पहिले यी कुराहरुको बारेमा व्यापक छलफल /चिन्तन मनन हुन आवश्यक छ । अपरिपक्क उमेर वा सानै उमेरमा विवाह गर्नु अत्यन्त घातक सिद्ध हुने हुनाले उचित शिक्षा र परिपक्क उमेर (केटाको लागी २५ वर्ष पार गरेको र कैटिको लागी २० वर्ष पार गरेको) मा विवाह गर्नुपर्दछ । यस अध्ययन अनुसन्धानका क्रममा भोगाई, गराई र अनुभवहरु अरुपछि छन जसलाई बुदागत रुपमा निम्न बमोजिम उल्लेख गरेको छ ।

- विवाह गर्न पूर्व केटा र केटी बीचमा खुला संवाद र दुवै पक्षको परिवारसँग प्रशस्त घुलमेलको अवसर दिएमा उनीहरु बीच बानी, व्यवहार तथा चाल चलन वारे प्रशस्त ज्ञान भई समझदारी विकास हुन सक्ने हुदा यस्तो प्रक्रिया पुऱ्याई विवाह

गर्ने गरेमा यसले सम्वन्ध विच्छेद हुने सम्भावनालाई न्युन गर्न मद्दत पुऱ्याउन सक्छ ।

- घरेलु हिंसालाई न्यूनीकरण गर्नको लागी पुरुषहरुलाई पनि केन्द्रित गरेर शसक्तीकरण र जागरणमुलक कार्यक्रम सरकारी वा गैरसरकारी संघ/संस्था मार्फत प्रभावकारी रूपमा परिचालन गर्नु उचित हुन्छ ।
- सम्बन्ध विच्छेदसँग सम्बन्धित त्यस्ता संचालित कार्यक्रमहरुको प्रभावकारीता अध्ययनका लागी समय समयमा अनुगमन र मुल्याङ्कन गरिनुपर्दछ ।
- कानुनमा सम्बन्ध विच्छेद सम्वन्धी व्यवस्था भएबाट समाजमा सम्बन्ध विच्छेदका घटनाहरु दिन प्रतिदिन वृद्धि हुदै गइरहेका छन् । यसले सम्पूर्ण समाजलाई नै प्रभावित गरिराखेको हुन्छ । यसको लागी जनस्तरमा नै सम्बन्ध विच्छेदबाट हुने असर वालवालिका र समाजमा परेको प्रभाव आदि वारेमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखीन्छ ।
- सम्बन्ध विच्छेदबाट विचलित हुन पुगेका बाल बालिकाहरुलाई राज्य तर्फबाट शिक्षालाई विश्वविद्यालय स्तरसम्म सर्वसुलभ बनाउनुका साथै नागरिकलाई सभ्यता र नैतिक शिक्षाको बारेमा व्यवहारिक ज्ञान उपलब्ध गराइनु पर्दछ । यस किसिमको ज्ञानले मानिसहरुलाई एक अर्का प्रतिको भावना बुझ्न सक्ने र सहनशील बन्न सक्ने क्षमताको विकास गराउदछ । फलस्वरूप सम्बन्ध विच्छेदको दरमा कमी ल्याउन सहयोगी हुन सक्दछ ।

# सन्दर्भ सूची


अधिकारी, शारदा कुमारी (२०५९) *विवाह र सम्बन्ध विच्छेदका कारण र असर* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

अन्नपुर्ण पोष्ट (२०८०) *सम्वन्ध विच्छेदपछि पर्ने प्रभाव लेख*, जेष्ठ, २९, पृ. ६ ।

आचार्य, बलराम (२०५७) *नेपाली समाजमा विवाहर सम्वन्धविच्छेद* (एक समाजशास्त्रीय अध्ययन) टि.यु. बुक्स प्रकाशनी, कीर्तिपुर ।

आचार्य, बलराम (२०६२). *अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन,* नेशनल वुकस सेन्टर काठमाडौं ।

कान्तिपुर दैनिक (२०६९) *पत्रिका* सम्वन्ध विच्छेदका कारणहरु, असार ५, पृ. ६ ।

थपलिया, शान्त (१९९५), *नेपाली समाजमा सम्मान्ध विच्छेदका प्रचलनहरू,* कानूनी सहायता तथा परामर्श केन्द्र ललितपुर, नेपाल ।

थापा मगर, गंगा (२०६३) *सम्बन्धविच्छेद र महिलाको सामाजिक आर्थिक विकास एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम पूर्तिका लागि प्रस्तुत शोधपत्र, त्रि.वि.वि. पाटन बहुमुखी क्याम्पस, ललितपुर ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान* कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०२०) *मुलुकी ऐन,* (बाह्रौ संशोधन काठमाडौँ : नेपाल सरकार कानुन किताव व्यवस्था समीति ।

पोखरेल, अनिता (२०६८) *महिलाहरुको सम्वन्ध विच्छेदको कारण र असर : चितवन जिल्लाको एक अध्ययन* स्नातकोत्तर तह, समाजशास्त्र विषयको शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याक्पस, त्रि.वि. काठमाडौं नेपाल ।

प्यूठान जिल्ला अदालतको अभिलेख (फाइल अभिलेख वि. स. २०७९ साउन देखी २०८० वैशाख) ।

मिश्र, चैतन्य (२०६७), विवाहको अर्थ - राजनिती बदलिदो नेपाली समाज ।

मुलुकी ऐन (२०५५) दशौ संशोधन, कानुन किताब व्यवस्था समिती, बवर महल काठमाण्डौ ।

रिचर्ड टी शेफर 2002, समान शास्त्र एक संक्षिप्त परिचय 4th संस्करण न्यूयोर्क Me Graw-Hill

Goode, W.J. (1987), The family, New Delhi, Standard University printice Hall of India

श्रेष्ठ, रत्नकाजी (२०६०) *महिलाको लागी एका विशेष व्यवस्था र यसको प्रभाव,* एसियन प्रकाशनको सहयोगमा महिला, काठमाण्डौ: कानुन र विकास मञ्च ।

लम्साल, नारायण प्रसाद (२०४९) *पारिवारिक कानुन* रत्न पुस्तक भण्डार, काठमाडौं ।

विष्ट, होम बि. (२०६२) *सम्बन्धविच्छेदको कारण र प्रभाव :* एक समाजशास्त्रीय समाजशास्त्र / मानवशास्त्र विभागमा स्नातकोत्तर थेसिस ।

एक्सनएड, नेपाल (२०६७) *महिला अधिकार बारे थाहा पाउनुपर्ने कुरो,* काठमाडौ एक्सन एड, नेपाल ।

सिंह, टोपबहादुर (२०३८) , *विवाह र कानुनी परामर्श अध्ययन,* कानुनी शब्दकोष ।

ActionAid Internaltional Nepal (2023) Awareness regarding women right : Kathmandu Nepal.

Abenews T.V., (2015) *Divorce in Nepali Society,* A Sociological study of marriage, March 12.

Coser. J.R. (1994). *Femnist Perspective in Divorce*, Retrived from www.jstor.org\stable\1602484

Census Bureau Survey (2022). *Information on divorce rate and statistics*. Retrived from www.divorcestatics.org.

CBS, (2022), *National Report: Minstry of Health and Population,* Nepal Demograpyic Health Survey, 2022.

The Himilan Times (2019) *Marriage and Divorce in Hindu Religion*, Feburaty, 14, Sunday.

Global Press Institiute (2023), *Impace of Divorce in Women in Nepal*, Friday, 4, May 2023.

Karki, Shiva (2007) Cause and effect of Divorce in Pokhara Sub Metropolitan city. Master's Degree Thesis in Central Department of Sociology T.U. Kirtipur.

Nepali, G.S. 1965, *The Newari An ethno Sociological study of Himalayan community*, Kathmandu Himalayan Book seller.

# अन्तवार्ता

# प्युठान जिल्लाको माण्डवी गाउँपालीका र सरुमारानी गाउँपालीकाको समाजशास्त्रीय अध्ययन

मिती :....................

## परिशिष्ट १

### सम्बन्ध विच्छेद महिलाहरुसँग सोधिएर तयार पारिएका प्रश्नहरु

**प्रश्नावली**

१. नाम : ............................................... उमेर : ..................

लिंग : पुरुष ☐ महिला ☐ धर्म : .....................

२. तपाईको ठेठगाना

स्थायी ................................................................................

अस्थायी ................................................................................

३. विवाह गर्दा तपाईको श्रीमान/श्रीमतीको उमेर कति थियो ?

श्रीमान ☐ श्रीमति ☐

४. विवाह हुनु अगाडि तपाईहरु बिच चिनजान थियो या थिएन ? थियो भने कति समय अघि देखि ?

...............................................................................................................

५. चिनजान पछि वा विवाह अगाडि तपाईको श्रीमान/श्रीमतिको कुन कुन पक्षबारे तपाईलाई थाहा थियो ?

आर्थिक ☐ शारीरिक ☐ सबै थाहा भएको ☐

सामाजिक ☐ शैक्षिक ☐ कुनै थाहा नभएको ☐

६. विवाहमा तपाईको पूर्ण सहमति थियो ?

थियो ☐ थिएन ☐ किन ..........................

७. तपाईहरुको विवाह गर्दा परिवारको रुप कस्तो थियो ?

श्रीमान श्रीमति

☐ ☐ ☐

☐ ☐ ☐

एकात्मक संयुक्त बृहत

एकात्मक संयुक्त बृहत

८. थाहा भए तपाईहरु बसाई सराई गर्नु भएको हो ?

श्रीमान

हो ☐ होईन ☐ हो भने कहाबाट ............

श्रीमति

हो ☐ होईन ☐ हो भने कहाबाट ............

९. तपाईहरुको विवाह कस्तो खालको विव

प्रेम विवाह ☐ प्रेम र भागी विवाह ☐ अर्न्तजातिय विवाह ☐

मागी विवाह ☐ सजातिय विवाह ☐

१०. विवाह गर्दा तपाईको श्रीमान/श्रीमतिको शिक्षा कति थियो र अहिले कति छ ?

श्रीमान ..........................

श्रीमति ...........................

११. विवाह गर्दा तपाई कुन पेशा अपनाउनु भएको थियो र अहिले कुन पेशामा आवद्ध हुनुहुन्छ ?

श्रीमानः श्रीमतिः

विवाह गर्दा ............................. विवाह गर्दा .............................

अहिले .................................... अहिले ....................................

१२. विवाह गर्दा र अहिले तपाईको नगद र अचल समबपत्ति समेत के कति आयश्रोत थियो र छ ?

विवाह गर्दा ........................... अहिले ........................

१३. विवाहपछि तपाईको श्रीमान/श्रीमति बिरामी या कुनै दुर्घटनामा पर्नु भयो या भएन ? भएको या परेको भए त्यसबाट के परिणाम निस्क्यो ?

श्रीमान ..............................................................................

श्रीमति ..............................................................................

१४. विवाह पछि तपाईहरु लोग्ने/स्वास्नी बिच छुटिने समय आइपर्‍यो या परेन ? पर्‍यो भने कति समय र किन ?

.............................................................................................................

१५. तपाईहरुको आमाबुबाको शिक्षा, पेशा र आय ?

रोजगारी व्यापार कृषि

१६. तपाईको मासिक आम्दानि कति हुन्छ र खर्च कति ?

श्रीमान .............................................................................................

श्रीमति ..........................................................................................

१७. सम्बन्ध विच्छेद गर्दा तपाईहरु कस्तो परिवारमा बस्नुहुन्थ्यो ?

श्रीमान एकात्मक ☐ संयुक्त ☐ बृहत ☐

श्रीमति (माइतीतर्फका)एकात्मक ☐ संयुक्त ☐ बृहत ☐

१८. तपाईहरुको दाम्पत्य जीवन कति अवधिसम्म चलेको थियो ?

.............................................................................................................

१९. तपाईको घरपरिवारमा सदस्यहरुमा कस कसको व्यवहार किन मन पराउनु हुँदैन, खुलस्त पारिदिनु हुन्छ कि ?

.............................................................................................................

२०. तपाईको श्रीमान/श्रीमतिको तपाईलाई मन नपर्ने बानीहरु के के हुन् ? खुलस्त पारिदिनु हुन्छ कि ?

.............................................................................................................

२१. विवाहपछि तपाईहरुको बच्चाबच्ची भए या भएनन् ? भएका भए कति छन् ?

.............................................................................................................

२२. तपाईहरु दुईमध्ये कसैले पविार नियोजनको अस्थायी विधि प्रयोग गर्नुभयो कि भएन ? गर्नुभएको भए कसले र किन ?

.............................................................................................................

२३. बच्चाबच्चीहरु कति कति वर्षका भए ? स्कुल पढ्ने भए कति कक्षामा र कस्तो विद्यालयमा पढ्छन् ? बताइदिनुहुन्छ कि ?

.................................................................................................................

२४. ती बच्चाबच्चीहरु को सँग छन् र किन ?

.................................................................................................................

२५. बच्चाबच्चीसँग भेटघाटको अवसर पाउनु हुन्छ कि पाउनु हुन्न ? पाउनु हुन्छ भने कसरी र कति समयको बीचमा ?

.................................................................................................................

२६. तपाईको छोरा या छोरी पढाइमा कस्ता छन् ? कुन श्रेणीमा उत्तीर्ण गर्छन् ?

.................................................................................................................

२७. तपाईहरुको सम्बन्ध विच्छेदपछि बालबच्चाको बानी व्यवहार, पढाई, लेखाई, मनोरञ्जन, इच्छा, आकांक्षामा कुनै परिवर्तन आएको महसुस गर्नु भएको छ की छैन ? छ भने कस्तो ?

.................................................................................................................

२८. कहिलेकाही आमाबाबुको बारेमा सोध्ने गर्छन् ? गर्छन् भने के भनेर जवाफ दिनु हुन्छ ?

.................................................................................................................

२९. तपाईको विचारमा सम्बन्ध विच्छेदले सन्तानलाई कस्तो प्रभाव पार्छ ?

राम्रो ☐ नराम्रो ☐ थाहा नभएको ☐

३०. तपाईले सम्बन्ध विच्छेद गर्नु पर्ने कारणहरु के के हुन् ?

.................................................................................................................

३१.तपाईलाई आफ्नो कमजोरी भए जस्तो लाग्छ कि लाग्दैन ? लाग्छ भने के ?

.................................................................................................................

३२. तपाईलाई सम्बन्ध विच्छेद गर्न कसैले प्रेरित गरे कि गरेनन् ? गरे भने कसले र किन ?

.................................................................................................................

३३. सम्बन्ध विच्छेदको कानुनी प्रवधान र प्रक्रियाबारे केही भन्नुहुन्छ कि ?

.........................................................................................................

३४. सम्बन्ध विच्छेद पश्चात कोसँग बुझ्नु भएको छ :

आमाबाबु वा माइतीसँग ☐ नयाँ दम्पतिसँग ☐ अन्य ☐

३५. सम्बन्ध विच्छेद पश्चात तपाईले कस्तो महसुस गर्नु भएको छ ?

सुखी ☐ दुःखी ☐ ठिकै ☐

३६. पुनर्विवाह गर्ने सोचाइमा हुनु हुन्छ या हुनु हुन्न र किन ?

.........................................................................................................

३७. सम्बन्ध विच्छेदले समाजमा कस्तो प्रभाव पार्ला जस्तो लाग्छ ?

व्यक्तिगत रुपमा .......................................................................

पारिवारिक रुपमा .......................................................................

समाजमा .......................................................................

३८. बालबच्चीको भविष्यबारे के सोच्नु भएको छ ?

.........................................................................................................

३९. सम्बन्ध विच्छेद पछिको जीवन कसरी भोगीरहनु भएको छ ?

.........................................................................................................

४०. सम्बन्ध विच्छेद गर्नुको मुख्य कारण के थियो ?

.........................................................................................................

४१. सम्बन्ध विच्छेद पछि तपाइले झेल्नु परेको समस्या के के हुन् ?

.........................................................................................................

४२. सम्बन्ध विच्छेद पनि समाज र परिवारले कस्तो दृष्टिले हेर्न गरेको पाउनु हुन्छ ?

.........................................................................................................

४३. सम्बन्ध विच्छेद पछि मानसिक रुपमा कस्तो खालको असर रहेको छ। ?

.........................................................................................................

४४. सम्बन्ध विच्छेद पछि दोस्रो विवाह गर्नु हुन्छ वा हुँदैन र किन ?

.................................................................................................

४५. सम्बन्ध विच्छेद सम्बन्धी अरु केही भन्न चाहनु हुन्छ ?

.................................................................................................

**धन्यवाद**